# राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा पुनर्संरचना गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन

## २०७१

नेपाल सरकार

राष्ट्रिय महिला आयोग

# राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रुपमा पुनर्संरचना गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन

## २०७१

नेपाल सरकार

राष्ट्रिय महिला आयोग

**प्रकाशकः**
राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं ।

**अध्ययन तथा प्रकाशन सहयोगः**
कानुनी शासन तथा मानवअधिकार संरक्षण
प्रणाली सबलीकरण कार्यक्रम(RoLHR) ⁄युएनडीपी

वितरणः निःशुल्क

प्रकाशन प्रति : १,००० प्रति

प्रकाशन मिति : २०७१,पौष

**(यस प्रतिवेदनमा समेटिएका टिप्पणी, तथ्याङ्क, व्याख्या एवम् अनुसन्धानका सबै पक्षहरूको जिम्मेवारी अध्येता⁄अनुसन्धानकर्ताहरूको हो । राष्ट्रिय महिला आयोगको सम्भावित पुनर्संरचनासम्बन्धी बहसमा टेवा पुऱ्याउने उद्देश्यले सन्दर्भ सामग्रीका रूपमा प्रकाशित यस प्रतिवेदनले अध्ययन एवम् प्रकाशन सहयोगी संस्था कानुनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम नेपाल⁄युएनडीपीको मत वा विचारको प्रतिनिधित्व गर्ने मनसाय राख्दैन ।)**

## दुई शब्द

मानव अधिकारको अवधारणाको विकाससँगै विश्वभर लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला सशक्तिकरण गर्ने उद्देश्य अनुरुप सन् १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको हैसियत सम्बन्धी छुट्टै आयोग गठन गरेको देखिन्छ । यसैगरी विभिन्न अन्तर्राष्ट्रिय विश्व महिला सम्मेलनले महिलाको स्थितिमा  सुधार गर्नका लागि नीति निर्माण तथा निर्णय प्रकृयामा महिलाको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न लैङ्गिक समानताको दृष्टिकोणलाई सरकारको सबै नीतिगत क्षेत्रहरुमा मूलप्रवाहीकरण गर्न तथा महिलाको विकासको लागि उपयुक्त राष्ट्रिय संयन्त्रको स्थापना तथा सुदृढीकरण गरिनु पर्ने कुरामा जोड दिएका छन् भने महिला महासन्धि, १९७९ ले पनि महिला विरुद्धको भेदभावको छानविन तथा महिला अधिकार रक्षाको लागि विशेष खालको न्यायाधीकरण गठनमा जोड दिएको छ । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जनाएको प्रतिवद्धता अनुरुप ९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारी २०५८ सालमा स्थापना भएको आयोग हाल राष्ट्रिय महिला आयोग ऐन, २०६३ तथा नियमावली २०६५ अनुरुप महिला हकहित एवं महिला अधिकारको संरक्षण एवं संवर्द्धन गर्ने कार्यमा क्रियाशील रहँदै आएको छ ।

महिलाप्रतिको विभेद र महिला हिंसाको सवाल अल्पकालीन विषय नभएर यसको प्रभाव र आवश्यकता दीर्घकालीन छ । महिला विकास, लैङ्गिक विभेद तथा महिला हिंसाको सवाल कुनै वर्ग वा क्षेत्रको स्वार्थमा मात्र सीमित नभई यो आम नागरिकको सरोकारको विषय हो । शताब्दीयौंदेखि धर्म, कानुन तथा व्यवहारको मारले पिल्साएर राखिएका महिलाहरुलाई पुरुषहरु सरह समान हैसियतमा ल्याउने महत्वपूर्ण कार्य सुम्पिएको आयोगलाई प्राप्त कार्यादेशमा रहेका नीतिगत, संरचनागत र प्रकृयागत जटिलताका  कारण यसले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन सकेको छैन । यस परिप्रेक्ष्यमा राष्ट्रिय महिला आयोगलाई पूर्ण स्वतन्त्र, स्वायत्त र अविछिन्न आयोगको रुपमा स्थापित गर्नका निमित्त संविधान सभाको राजनीतिक संवाद तथा सहमति समितिले राष्ट्रिय महिला आयोगको हैसियतलाई संवैधानिक आयोग

बनाउने सहमति सहितको प्रस्ताव अगाडि सारेको छ । यस सन्दर्भमा भावी संवैधानिक राष्ट्रिय महिला आयोगको स्वरुप, यसको स्वतन्त्रता र स्वायत्तता, आयोगको अधिकार क्षेत्र कार्यादेश/क्षेत्र, आयोगको दायित्व र कर्तव्य, समावेशीता, संघीय राज्यमा आयोगको तहगत संरचना, संघीय आयोग र प्रदेशगत आयोगको अर्न्तसम्वन्ध जस्ता विषयवस्तुहरुमा स्पष्ट धारणा निर्माण हुन जरुरी छ । यसै कुरालाई मध्यनजर राख्दै राष्ट्रिय महिला आयोगले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा पुनसंरचना गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरेको छ । यो अध्ययन प्रतिवेदनले आगामी संवैधानिक राष्ट्रिय महिला आयोग निर्माणका लागि मार्गनिर्देश गर्ने अपेक्षा लिएको छ ।

यस अध्ययनमा सहयोग गर्नुहुने अध्ययनकर्ताद्वय इन्दु तुलाधर र ऋतुराज भण्डारी, अध्ययनमा सहयोग गर्नुहुने आयोगका माननीय सदस्यहरु सचिव शरदराज विष्ट, कानुनविज्ञ सरजराज थापा तथा सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

चाँदतारा

शेष चाँदतारा
अध्यक्ष

## विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| कार्यकारी सारांश | ६ |
| पहिलो परिच्छेदः परिचय तथा कार्यविधि | १२ |
| १.१ पृष्ठभूमि | १२ |
| १.२ अध्ययनको उद्देश्य | १४ |
| १.३ अध्ययन विधि | १४ |
| १.४ अध्ययनको सिमा | १६ |
| दोस्रो परिच्छेदः  महिला आयोगको वर्तमान अवस्थाको विश्लेषण | १८ |
| २.१  वर्तमान स्थिति विश्लेषण | १८ |
| २.१.१ कानुनी व्यवस्था | १८ |
| २.१.२ सांगठनिक व्यवस्था | १८ |
| २.१.३ कार्यक्षेत्र र अधिकार | १९ |
| २.१.४ प्रभावकारिता | २२ |
| २.१.५ आयोगको स्वरुप | २२ |
| २.१.५.१ स्वायत्तता र स्वतन्त्रता | २२ |
| २.१.५.२ आयोगको बनावट र सदस्यको योग्यता | २४ |
| २.१.५.३ कर्मचारी व्यवस्था र संगठन तालिका | २५ |
| २.१.५.४  पहुँच | २६ |
| २.१.६ कार्यादेश र कार्यान्वयन | २६ |
| २.१.६.१ कार्यादेश | २६ |
| २.१.६.२ रणनीतिक योजना | २७ |
| २.१.६.३ कार्यान्वयन स्थिति | २९ |
| २.१.६.४ समन्वय र सहकार्य | ३६ |
| २.१.७  जनउत्तरदायित्व | ३७ |
| २.१.७.१ प्रतिवेदन प्रणाली र सोको सुनुवाइ /पृष्ठपोषण | ३७ |

| | |
|---|---|
| २.१.७.२ सार्वजनिकीकरण | ३८ |
| २.१.७.३ तत्परता | ३९ |
| २.२ अपठ्यारा र चुनौती | ३९ |
| २.३ वर्तमान अवस्थामा तत्काल सुधार | ४१ |
| परिच्छेद तेस्रोः संवैधानिक निकायको रूपमा महिला आयोगको भावी स्वरुप | ४५ |
| ३. संवैधानिक निकायको रूपमा महिला आयोगको भावी स्वरुप | ४५ |
| ३..१ महिला र बालिकाका मानव अधिकार संरक्षण किन ? | ४५ |
| ३.२ संवैधानिक आयोगको औचित्य | ५१ |
| ३.३ पेरिस प्रिन्सिपल | ५४ |
| ३.४ महिला आयोगका सम्बन्धमा संवैधानिक निकायको संरचना निर्धारण समितिले प्रस्ताव गरेको मुख्यमुख्य व्यवस्थाहरू | ५६ |
| ३.५ संविधान सभाको राजनैतिक संवाद र सहमति समितिले प्रस्तुत गरेको अवधारणा पत्रमा रहेका विचारणीय पक्ष | ५९ |
| ३.६ भारतीय अनुभव | ६० |
| ३.७ राष्ट्रिय महिला आयोगको भावी स्वरूप | ६१ |
| परिच्छेद ४ निश्कर्ष तथा सुझाव | ७८ |
| ४.१ निश्कर्ष | ७८ |
| ४.२ सुझाव | ७९ |
| अनुसूची-१ | ८१ |
| अनुसूची-२ | ८२ |
| अनुसूची-३ | ९४ |

# सारांश

## पृष्ठभूमि

२०७० सालमा भएको निर्वाचनबाट बनेको संवैधानिक सभाको संवैधानिक-राजनीतिक संवाद तथा सहमती समितिले महिला आयोग, लाई संवैधानिक र स्वतन्त्र मानव अधिकार निकायका रुपमा संविधानमा व्यवस्था गर्ने सहमती जनाए पछि आगामी संविधानमा महिला आयोगले संवैधानिक स्वरुप ग्रहण गर्ने संभावना बलियो बन्दै गएको छ । नयाँ संविधान निमार्णको महवपूर्ण घडीमा राष्ट्रिय महिला आयोगको वर्तमान अवस्था र संवैधानिक हैसियतमा मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको हैसियतमा प्रभावकारिता अभिवृद्धि गर्न भावी सुधारका पक्षमा गर्नुपर्ने पक्षहरुलाई उद्देश्य बनाई यो अध्ययन गरिएको छ । उपलव्ध राष्ट्रिय सन्दर्भ सामाग्रिहरुको अध्ययन, पाँच विकास क्षेत्रहरुमा गरिएको स्थलगत अन्तरकृया र काठमाडौंमा विज्ञ तथा सरोकारका पक्षहरुसँग गरिएको परामर्श, अन्य व्यक्तिगत र सामूहिक छलफल साथै अन्तर्राष्ट्रिय प्रचलनहरुलाई अध्ययनको विधिको रुपमा प्रयोग गरिएको छ । नेपालमा संघीय व्यवस्था प्रयोगमा आंई नसकेको हुँदा सो सम्वन्धी अनुभवजन्य धारणा  साथै सूचनादाताहरुमा मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायको अवधारणात्मक अस्पष्टताका कारण अध्ययनमा केही सीमितता रहेको छ ।

## महिला आयोगको वर्तमान स्थिति र विश्लेषण

राष्ट्रिय महिला आयोग २०६३ र नियमावली, २०६५ अनुसार राष्ट्रिय महिला आयोग एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रुपमा रहेको छ ।  यसमा एकजना जनजाति, एकजना दलित र एकजना मधेशी मध्येबाट हुने गरी एक अध्यक्ष र चार जना सदस्य सहित समावेशी प्रकृतिको आयोग र सरकारले एकजना सचिव सहित आवश्यक संख्याका कर्मचारीको व्यवस्था गरेकोछ । राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली, २०६५ ले महिला हकहित कायम गर्न र असमानताको अवस्था अन्त्य गरी महिलाको मानव

अधिकारको प्रवर्द्धन/संवर्द्धन, संरक्षण र परिपूर्तिका क्षेत्रमा आयोगलाई जिम्मेवारी दिएको छ ।

तर यसलाई प्राप्त  स्वायत्तता र स्वतन्त्रता, बनावट र सदस्य नियुक्तिको प्रक्रिया, कर्मचारी व्यवस्था र संगठन तालिका, पहुँच विस्तार, कार्यादेश, कार्यक्रम तर्जुमा, विनियोजित बजेट, खर्चको स्थिति, कार्यविधि र कार्यशैली, आन्तरिक व्यवस्थापन, सूचना संरक्षण, भौतिक स्रोत, समन्वय र सहकार्य, प्रतिवेदन प्रणाली र सोको सुनुवायी/पृष्ठपोषण आदि पक्षमा वर्तमान स्थितिको विश्लेषण गर्दा यसको प्रभावकारी सञ्चालन र उद्देश्य प्राप्तिमा धेरै व्यवधान र चुनौतीहरु रहेको पाइयो ।

वर्तमान अवस्थामा नै पनि यसको प्रभावकारिता अभिवृद्धि गरी जनउत्तरदायित्व निर्वाह गर्नका लागि यसको आन्तरिक व्यवस्थापन, कार्यविधि र कार्यशैली, पहुँच विस्तार, कार्यक्रम पहिचान र तर्जुमाका पक्षमा व्यापक सुधारको आवश्यकता छ ।

## भावी स्वरुप

मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रसँग आपसमा अधिकार क्षेत्रमा दोहोरोपन नहुने तथा एकअर्काप्रति समपूरक/परिपूरक हुने गरी यसको स्पष्ट र छुट्टै कार्यादेश सहित व्यवस्था गर्ने सम्बन्धमा स्पष्ट भई महिला आयोगको व्यवस्था हुन आवश्यक भएको हुँदा नेपालको अन्तरिम संविधान २०६३ का विभिन्न प्रावधान, राजनैतिक संवाद तथा सहमति समितिको आयोग सम्बन्धी अवधारणापत्र, नेपालले जनाएको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिवद्धता, सिड समितिले गरेको टिप्पणी, पेरिस सिद्धान्त, भारतीय अनुभव र नेपालले अवलम्बन गर्न लागेको संघीय राज्य प्रणालीलाई दृष्टिगत गरी निम्न प्रकारको व्यवस्था प्रस्तावित गरिएको छ ।

विकल्प–१  एकीकृत महिला आयोग : संघीय राज्यप्रणालीअनुसार आयोगको स्थापना गरिए पनि आयोगको काम कारवाहीमा एकरुपता र आयोगको कामको प्रभावकारिताको लागि संघीय र प्रदेशस्तरको आयोगको संरचनालाई एकिकृत

स्वरुपको बनाउनु उपयुक्त हुन्छ । यी आयोगहरुको कार्यगत सम्बन्ध रहेको भए पनि र प्रदेशस्तरका विशेष विषयवस्तुमा स्वायत्त रहने, कर्मचारीहरु एकअर्कामा सरुवा हुने, साझा नीति निर्माण, योजना तथा योजना कार्यान्वयनको विषयमा केन्द्रले आवश्यक निर्देशन गर्नसक्ने, सबै प्रदेशस्तरीय आयोगहरुलाई संघीय आयोगले समन्वय गर्नसक्ने, संघीय आयोगले प्रादेशिक आयोगको निरीक्षण गर्नसक्ने, संघीय नीति र कार्यक्रम राज्यस्तरको आयोग मार्फत् लागू गराउन सक्ने हुन्छ ।

विकल्प–२ स्वायत्त महिला आयोग : यसमा दुई तहका आयोगहरु संवैधानिक हैसियतका हुन्छन् । प्रत्येक प्रदेशको आयोग संघीय आयोगबाट पूर्णतः स्वतन्त्र हैसियतमा रहन्छन् र उनीहरुबीचको सम्बन्ध उनीहरुले स्थापित गरेको हदसम्म रहन्छ । संघीय आयोगले आफ्ना योजना लागू गर्न प्रदेशस्तरको आयोगसँग समन्वय गर्न र सहयोग लिनसक्ने भए पनि यो क्षेत्राधिकारको विषयवस्तु बन्दैन ।

आयोगको स्वायत्तता र स्वतन्त्रता : आयोग संगठनात्मक र कार्यगत रुपमा पूर्ण स्वायत्त र स्वतन्त्र हुनुपर्दछ । संवैधानिक आयोगको रुपमा स्थापना भएमा यसले धेरै हदसम्म स्वायत्तता र स्वतन्त्रता प्राप्त गर्न सक्दछ । तर स्वायत्तता र स्वतन्त्रताका मानकहरुलाई संविधानमा नै उल्लेख गरिनु पर्दछ । कर्मचारीको आपूर्ति संघीय र राज्यस्तरको लोक सेवा आयोगबाट लिइने परीक्षामा सफलताका मापदण्ड अवलम्बन गरी आयोगबाटै परीक्षण र नियुक्त हुने व्यवस्था गरिनु पर्छ । यस सम्बन्धमा सबै किसिमका मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुको लागि कर्मचारीहरुको सिफारिस र नियुक्तिका लागि छुट्टै व्यवस्था समेत गर्न सकिन्छ ।

संघीय तथा प्रदेशस्तरको आयोगको स्वायत्तता र कार्यगत स्वतन्त्रताको सुनिश्चितताको लागि यस्तो बजेट क्रमशः संघीय र राज्यस्तरको सर्वसञ्चित कोषमा सोझै व्ययभार हुने व्यवस्था गरिनु पर्दछ ।

पदाधिकारीको योग्यता र नियुक्ति प्रक्रिया (संघीय र प्रदेश) : संघीय र प्रदेशका महिला आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन नेपाली नागरिक,

तोकिएको उमेर हद, तोकिएको शैक्षिक योग्यता र अनुभव, नैतिकवान् र कुनै स्वार्थ समूह वा वैचारिक आस्थामा स्पष्ट खुलेर नलागेको वा त्याग गरेको र प्रदेशको हकमा सोही प्रदेशमा बसोबास गरेको हुनु पर्नेछ । आयोगका पदाधिकारी नियुक्ति प्रकृया शासकीय स्वरुप अनुसार तोकिएको उच्च अधिकारीबाट पारदर्शीरुपमा सबै सम्भावित र इच्छुकहरुको पहुँच हुनेगरी गरिनु पर्ने छ । आयोगको कार्यादेश,अधिकारक्षेत्र र दायित्व : मूलतः महिला अधिकारहरूको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने कार्यलाई सबैले अनुभूत गर्न सक्ने गरी राज्यका अङ्गहरुले निर्वाह गर्नु पर्ने दायित्वमा सचेष्ट र सचेत गराउन तथा सम्पादित कामहरुको अनुगमन गरी खबरदारी गर्न साथै अधिकारबाट वञ्चित महिलाहरुको अधिकार संरक्षण गर्न प्रवर्द्धनात्मक र संरक्षणात्मक क्षेत्रमा सम्बन्धित कार्यादेश साथै सो कार्यदेश पूरा गराउन हस्तक्षेप रहित अधिकारहरु दिइनु पर्दछ । आयोगको दायित्व र कर्तव्य पूरा गर्न नसकेमा पदाधिकारीहरुको कार्य क्षमताको अभाव रहेको आधार बन्नसक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

मानव अधिकार सम्बन्धी अन्य आयोग र अन्य निकायहरुसँग आयोगको सम्बन्ध, समन्वय तथा संचार : सरकारसँगको सम्पर्कको लागि सरकारले तोकेको मन्त्रालयसँग सम्पर्क मन्त्रालयको रुपमा सम्पर्क रही र अन्य मन्त्रालयसँग सम्बन्धित नीति निर्माण, कानुन निर्माण तथा कार्यान्वयनको विषयमा ती मन्त्रालयसँग पनि सञ्चार र सहकार्य गर्नसक्ने संयन्त्र दुवै तहका आयोगहरुमा हुनुपर्दछ । सबै प्रकारका मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरुको साझा चासोका विषयमा काम गर्दा समन्वयात्मक रुपमा कार्यदल वा समिति बनाई काम गर्नु पर्ने, आयोगहरु बीचमा आवश्यकता अनुसार एक वा बहु आयोगस्तरमा समझदारी गर्न सकिने व्यवस्था गर्नु आवश्यक छ । अन्य आयोगहरुले पनि आफ्नो कार्यक्षेत्रमा घटनाहरुको अध्ययन, अनुसन्धानको क्रममा लैङ्गिक पक्षको विश्लेषणका लागि महिला आयोगलाई विशेषज्ञ निकायको रुपमा धारणा लिने र महिला आयोगले पनि अन्य आयोगका विज्ञताका पक्षमा धारणा वुझ्नु पर्ने सम्बन्धमा कानुनी व्यवस्था हुन आवश्यक छ ।

मानव अधिकारका सम्बन्धमा राज्यले आवधिकरुपमा पठाउनु पर्ने प्रतिवेदन र उसले निर्वाह गरेको भूमिकाका सम्बन्धमा मानव अधिकारका राष्ट्रिय संयन्त्रहरु एकीकृत रुपमा प्रतिवेदन तयारी गर्ने व्यवस्था गर्नु आवश्यक छ । प्रतिवेदन : संघीय महिला आयोगले आफ्नो प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष बुझाउने र प्रदेशस्तरको महिला आयोगले आफ्नो प्रतिवेदन गभर्नरसमक्ष बुझाउने, राष्ट्रप्रमुख र गभर्नरले ती प्रतिवेदनहरु छलफलका लागि सम्बन्धित विधायिका समक्ष पठाउने व्यवस्था हुनु पर्दछ ।

निष्कर्ष तथा सुझाव : नेपालमा महिला मानव अधिकारको प्रत्याभूतिको संघर्ष र अभियानको इतिहास लामो छ । महिलाहरुको हक अधिकारको सम्मान, सुनिश्चितता र परिपूर्तिका निमित्त विधायिकी कानुनद्वारा स्थापित राष्ट्रिय महिला आयोग एक महत्वपूर्ण निकाय हो ।

जनस्तरबाट वैधता, जनस्तर सम्मको पहुँच, खुल्ला संगठनात्मक संस्कृति, समावेशी र व्यवसायिक/ क्षमतावान् सदस्य तथा योग्यतामा आधारित पारदर्शी नियुक्ति प्रकृया, मानव अधिकारमा काम गर्ने नागरिक समाजसँगको सम्बन्ध, विस्तृत कार्यक्षेत्र, उजुरीहरु व्यवस्थापन तथा सिफारिसहरु, मानव अधिकारका मुद्दाहरुको व्यवस्थित सम्बोधन, पर्याप्त बजेट व्यवस्था, प्रभावकारी अन्तर्राष्ट्रिय सम्पर्क, उजुरी व्यवस्थापनमा तत्परता आदि सुचकाङ्कका आधारमा अध्ययन गर्दा यसले आफ्नो औचित्य पुष्टि अनि अपठ्याराहरुको सामना गर्नु परिरहेको छ । यस परिप्रेक्ष्यमा राष्ट्रिय महिला आयोगलाई पूर्ण स्वतन्त्र, स्वायत्त र अविछिन्न आयोगको रुपमा स्थापिन गर्नका निमित्त संविधान सभा २०७०को राजनीतिक संवाद तथा सहमति समितिले राष्ट्रिय महिला आयोगको हैसियतलाई संवैधानिक आयोग वनाउने सहमति सहितको प्रस्ताव अगाडि सारेको छ । यस सन्दर्भमा भावी संवैधानिक राष्ट्रिय महिला आयोगको स्वरुप, यसको स्वतन्त्रता र स्वायत्तता, आयोगको अधिकार क्षेत्र कार्यादेश/क्षेत्र, आयोगको दायित्व र कर्तव्य, समावेशीता, संघीय राज्यमा आयोगको तहगत संरचना (संघीय तथा प्रदेश तहको संरचना), संघीय आयोग र प्रदेशगत आयोगको अर्न्तसम्वन्ध जस्ता महत्वपुर्ण विषयहरुमा छलफल गरिएको छ । जसले महिला अधिकारको प्रत्याभूतिका निमित्त सशक्त महिला आयोगको आवश्यकता रहेको विषयलाई उजागर गरेको छ । यसका लागि

- वर्तमान आयोगको कार्यक्षमता र कुशलतालाई सुर्धानका निमित्त परिच्छेद २ मा सुझाइएका उपायहरुलाई क्रियान्वयनमा ल्याउन ढृद इच्छाशक्ति र प्रतिवद्धतासहित अगाडि आयोगले आवधिक समयसिमा सहितको कार्ययोजना बनाई अगाडि बढ्ने ।
- राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगका रुपमा स्थापित गर्ने सम्बन्धमा माथि परिच्छेद ३ अर्न्तगत् छलफल गरिएको संवैधानिक संवाद तथा सहमति समितिले प्रस्तावित गरेको अवधारणापत्रमा रहेका कमी कमजोरी र अस्पष्टताहरुलाई हटाउनका निमित्त वर्तमान राष्ट्रिय महिला आयोगले सुझाव सहित पैरवी गर्ने ।
- संघीय प्रणालीसित जोडेर संवैधानिक राष्ट्रिय महिला आयोगका सम्बन्धमा माथि प्रस्तावित गरेका विकल्पहरुलाई अझ परिमार्जित, परिपक्व र दिइएका विकल्पहरुमध्ये कुन नेपालका निमित्त वढी उपयुक्त हुन्छ भन्ने सम्बन्धमा थप अध्ययन, छलफलको आवश्यकता रहेकोले सो तर्फ केन्द्रित भई वर्तमान आयोगले त्यस सम्बन्धमा विभिन्न तह र तप्काका विज्ञहरु, महिला अधिकार कर्मीहरु, सभासद लगायतसित संवाद र अन्तरक्रिया गर्ने, त्यसका आधारमा निचोड निकाली आफ्ना अडान र अवधारणालाई तर्कसम्मत ढङ्गले अगाडि ल्याउने ।
- यस अध्ययनले सिमित श्रोत, साधन र समयावधिका कारण विभिन्न देशको अनुभव र सिकाइलाई समेट्न नसकेको र देशकै अन्य मानव अधिकार सम्बन्धी संयन्त्रका पदाधिकारीहरुसित आवश्यक मात्रामा पर्याप्त छलफल गरी सुझावहरु लिँदै यस अध्ययनलाई अझ परिमार्जित र परिपक्व वनाउन यस अध्ययन प्रतिवेदनलाई आधारपत्तको रुपमा लिई आवश्यक पहल गर्ने ।
- समयमा नै भोलि संवैधानिक आयोग भएको अवस्थामा कस्तो कानुनी संरचना आवश्यक रहन्छ भन्ने विषयमा आयोगले गृहकार्यको सुरुवात गर्ने ।

# पहिलो परिच्छेदः
# परिचय तथा कार्यविधि

## १.१ पृष्ठभूमि

देशमा भएको राजनीतिक परिवर्तन, भूमण्डलीकरणको सामाजिक प्रभाव, अधिकारप्रतिको सचेतना अभिवृद्धि र संविधान निर्माणको सर्न्दभमा विभिन्न तह, पक्ष र दृष्टिकोणबाट उठेका आवाजहरूलाई सम्बोधन गर्नका निमित्त वि.सं २०७० को निर्वाचनबाट स्थापित संविधानसभाको संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले महिला आयोग, दलित आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक र स्वतन्त्र मानव अधिकार सयंन्त्रका रूपमा संविधानमा व्यवस्था गर्ने सहमति जनाएपछि आगामी संविधानमा महिला आयोगले संवैधानिक स्वरुप ग्रहण गर्ने संभावना बलियो बन्दै गएको छ ।

पहिलो पटक मिति २०५८ चैत्र २३ गते ९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा कार्यकारी निर्णयबाट दुई वर्षे कार्यकाल तोकी गठन भएको आठ सदस्यीय राष्ट्रिय महिला आयोग केही समय पश्चात् लामो अवधिसम्म पदाधिकारी विहीन रहेको थियो । फेरी वि.सं २०६२ सालमा गठन भए पनि अल्प समयमा नै रिक्त हुन पुग्यो । राष्ट्रिय महिला आयोग ऐन २०६३ कार्यान्वयनमा आए पछि मिति २०६४ मा गठन भएको ५ सदस्यीय आयोगले आफ्नो ४ वर्षे अवधि पूरा गरी सकेको छ भने हाल मिति २०६८ मा ४ वर्षको लागि नियुक्त ५ सदस्यीय आयोग कार्यरत रहेको छ ।

राष्ट्रिय महिला आयोग ऐन २०६३ र नियमावली २०६५ ले महिला हक हितको संरक्षण र समानताको प्रत्याभूति तथा भेदभावको अन्त्य गरी महिला मानव अधिकारको प्रवर्द्धन/संवर्द्धन, संरक्षण र परिपूर्तिका लागि सरकारका ऐन-नियम, नीति, कार्यक्रम र कार्यविधि, संगठन संरचना, कार्यान्वयन शैलीमा रहेका भेदभाव हटाउन, कार्यस्थलको वातावरणलाई महिला मैत्री बनाउन,

सरकारले अनुमोदन गरेका मानव अधिकारका अन्तर्राष्ट्रिय दायित्व निर्वाह सम्बन्धमा सरकारलाई सचेत गराउन, महिला अधिकारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्न, नयाँ राष्ट्रिय नीति, कार्यक्रम तर्जुमा तथा आवश्यक सिफारिस गर्ने साथै महिला अधिकारको प्रयोगबाट वञ्चित तथा हिंसा वा सामाजिक कुरीतिबाट पीडित घटनाहरूको उजुरीको सुनवाइ, अनुगमन र सम्बोधन गर्ने जिम्मेवारी राष्ट्रिय महिला आयोगलाई दिएको छ ।

हाल प्राप्त जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा आयोग सम्बन्धी नीतिगत, संरचनागत र प्रकृयागत जटिलता र अवरोधका कारण यसले जनअपेक्षा अनुरुप आफ्नो भूमिकालाई प्रभावकारी रूपमा पुष्टि गर्न सकेको छैन ।

कार्यकारी मातहतमा रहेको वर्तमान महिला आयोगलाई मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरू सम्बन्धी पेरिस सिद्धान्त र सो सम्बन्धमा संयुक्त राष्ट्र संघबाट पारित सिफारिस र निर्णयहरू (UNHRC resolution 54/1992 and UN General assembly resolution 48/134 of 1993) को आधारमा स्थापित गर्न सकेमा महिलाका मानव अधिकारको संरक्षण र संम्बर्द्धन हुन सक्दछ भन्ने सन्दर्भमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रमको सहयोगमा राष्ट्रिय महिला आयोगले निम्नानुसारको कार्य गर्न आवश्यक ठानी यो अध्ययन गरेको छ ।

- राष्ट्रिय महिला आयोगको कानुनी हैसियत, कार्यक्षेत्र, संरचना, कार्यक्रम र यसको बाह्य पहुँच आदिको आधारमा महिला हकहित संरक्षण तथा सम्वर्धन गरी जनआकंक्षा परिपूर्ति गर्ने वर्तमान क्षमता र दक्षता,
- आयोग सुदृढीकरणका लागि गर्नुपर्ने संस्थागत व्यवस्थाका सम्बन्धमा ठोस सुझाव
- संवैधानिक अङ्गका रूपमा प्रभावकारिता अभिवृद्धिका लागि उपयोगी र व्यावहारिक उपायहरू सहितको सुझाव तथा

- महिलाहरूको लागि मानव अधिकार संरक्षण गर्ने प्रभावकारी निगरानी संस्थाको रूपमा स्वायत्त, स्वतन्त्र, औचित्यपूर्ण महिला आयोगको लागि यसको संरचना, कार्यक्षेत्र, स्रोत साधन, सरोकारवाला पक्षहरूसँगको सम्बन्ध र सिफारिस गरिएका विषयहरूको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक जिम्मेवारी सहितको अधिकारहरूको अनुगमन सम्बन्धी व्यवस्थाका सम्वन्धमा सिफारिस ।

## १.२ अध्ययनको उद्देश्य :

संविधान सभा २ को संवैधानिक-राजनीतिक सहमति तथा संवाद समितिले राष्ट्रिय महिला आयोग लगायत ३ वटा निकायलाई मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायको रूपमा संवैधानिक व्यवस्था गर्न संविधानसभामा सिफारिस गरेको परिप्रेक्षमा प्रस्तुत अध्ययनको निम्न उद्देश्य रहेका छन

- राष्ट्रिय महिला आयोगलाई प्राप्त कार्यादेश र यसले लिएको रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक क्षमता र सो सम्बन्धमा आयोगको वर्तमान क्षमताको पहिचान,
- महिलाका मानव अधिकार उल्लङ्घनका घटनाका उजुरीहरूको अनुसन्धान, व्यवस्थापन र निरोपण साथै मानव अधिकार सम्बन्धी अध्ययन र विश्लेषण गर्ने सम्बन्धमा राष्ट्रिय महिला आयोगको वर्तमान संस्थागत क्षमताको पहिचान,
- राज्यको संघीय स्वरुप सहितको पुनर्संरचना भएको अवस्थामा राष्ट्रिय महिला आयोगले संवैधानिक निकायको काम गर्न वर्तमान संरचना, कार्यक्षेत्र, अधिकार र कार्यशैलीमा रहेका क्षमता अन्तरको पहिचान र
- राष्ट्रिय महिला आयोगको विद्यमान हैसियत र संवैधानिक निकायको रूपमा प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक सुधार र रणनीतिका सम्बन्धमा प्रतिवेदन तयार पार्ने ।

## १.३ अध्ययन विधि

यस अध्ययनलाई एउटा पद्धति तथा अध्ययन विधिमा मात्र सीमित गर्दा आवश्यक गुणात्मक सूचना, जानकारी तथा तथ्याङ्कहरू प्राप्त गर्न नसकिने भएकोले यस अध्ययन प्रयोजनका निमित्त बहुआयामिक अध्ययन तथा अनुसन्धान विधिलाई अवलम्बन गरिएका छन् । अतः यस अध्ययनका निमित्त गुणात्मक एवं परिमाणात्मक दुवै पद्धतिलाई प्रयोग गरिएको छ । यस अध्ययनमा अध्ययनको उद्देश्य हासिल गर्न तथा अध्ययनको क्षेत्रमा उल्लेख गरिएका सवालहरूलाई सम्बोधन गर्न प्राथमिक एवं द्वितीय दुवै स्रोतका सूचना एवं तथ्यांकहरूको सङ्कलन र प्रयोग गरिएको छ ।

अध्ययन अवधिमा देहायका पद्धतिको अनुसरण गरिएको छ :

- विभिन्न अध्ययन सामाग्री तथा विषय सम्बन्धित लेख, रचना, अध्ययन प्रतिवेदनहरूको समीक्षा जसमा
- राष्ट्रिय महिला आयोगसित सम्बन्धित ऐन, नियमावली, संविधान, राष्ट्रिय कार्ययोजना, नीति, मार्गनिर्देशन, नयाँ प्रस्तावित संवैधानिक व्यवस्था लगायत सम्बन्धित कानुनी ढाँचाको अध्ययन तथा विश्लेषण गर्ने ।
- विधानसभामा प्रस्तावित राष्ट्रिय महिला आयोगको स्वरुप र अवधारणापत्रहरूको अध्ययन,
- आयोगको संस्थागत र संरचनागत ढाँचासित सम्वन्धित अध्ययन प्रतिवेदन, कार्यशाला गोष्ठीका प्रतिवेदनहरू अध्ययन,
- आयोगका सम्बन्धमा भएका यु. एन. सिडः (UNCEDAW) कमिटीको प्रतिवेदन तथा सुझावहरूको अध्ययन,
- मानव अधिकार सम्बन्धी ऐन, नियमावली तथा अन्य सम्बन्धित सामाग्रीहरू,
- सार्क मुलुकमध्ये भारतको महिला आयोग सम्बन्धित ऐन तथा अन्य सन्दर्भ सामाग्रीहरू,
- केन्द्र र स्थानीय स्तरका विभिन्न पाँच विकास क्षेत्रमा प्रमुख सरोकारवाला

तथा सूचना प्रदायकहरूसँग अन्तरवार्ता, परामर्श, अन्तर्क्रिया

- प्रमुख सूचना प्रदायकहरू तथा सम्बन्धित सरोकारवालाहरूसँग सङ्ख्यात्मक तथा गुणात्मक दुवै किसिमका आवश्यक तथ्याङ्क सङ्कलन
- आवश्यकता अनुसार व्यक्तिगत र समूहगत परामर्श (Focus Group) तथा
- विशेषज्ञहरूसँग छलफल : महिला आयोगका बारेमा विशेषज्ञता हासिल गरेका वा त्यस विषयमा जानकारी राख्ने व्यक्तिहरूसित छलफल गरी यसका प्रमुख सवालहरू, चुनौती, अवसर, संस्थागत संरचनाजस्ता विषयमा गहिरो छलफल तथा परामर्श गरी आवश्यक सूचना, जानकारी तथा तथ्याङ्क सङ्कलन ।
- यसरी गरिएका छलफलका निमित्त आवश्यक परीक्षण सूची तयार गर्नुका साथै समूहगत छलफलमा SWOT विश्लेषण विधि, छलफल विधि, सामूहिक कार्य, समयरेखा, राष्ट्रिय महिला आयोगको वस्तुगत भ्रमण गर्नुका साथै कर्मचारीहरूसित अन्तर्क्रिया जस्ता विधिहरू अवलम्बन गरिएको छ ।

## १.४ अध्ययनको सीमा :

अध्ययनका लागि उपलब्ध गराईएको कार्यादेश, उपलब्ध समय तथा प्राप्त सूचनाहरुको आधारमा अध्ययनका निम्न सीमाहरु रहेका छन -

- अध्ययन गरिनु पर्ने पक्ष, क्षेत्र र विषयको परिप्रेक्षमा अध्ययनका लागि निर्धारित समय जम्मा २५ दिनको रहेकोले उद्देश्य अनुरुपका केही क्षेत्रहरूको गहन अध्ययन र विश्लेषण गर्न नसकिएको,
- राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सूचना प्रणाली आवश्यक मात्रामा व्यवस्थित नहुँदा कतिपय भएका महिला अधिकारका सन्र्दभमा विगतका उपलब्धिहरू, निर्णयहरू र लिइएका तत्परताहरूको लागि तत्काल ती निकायमा संलग्न जनशक्तिको अनुभव र मौखिक सूचनामा निर्भर रहनु परेकोले पूर्ण सूचनाको अभाव

साथै त्यसको वैधताको पुष्टि गर्न नसकिएको,

- संघीय व्यवस्था सम्बन्धी व्यवहारिक अनुभवको कमीका कारण संघीय व्यवस्थामा महिला आयोगको संरचना र यसको प्रभावकारिता सम्बन्धमा सूचनादाताहरूबाट कममात्र सूचनाहरू उपलव्ध भएको साथै
- सूचनादाताहरूमा मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायको अवधारणात्मक अस्पष्टताका कारण यसको भावी कार्यक्षेत्र र अधिकार सम्बन्धमा परस्पर विरोधी धारणाहरू व्यक्त गरिएकोले यसमा सूचनादाताहरू भन्दा बढी अन्तराष्ट्रिय प्रचलनहरू तथा संयुक्त राष्ट्रसंघको मानव अधिकार समिति, सिड समिति तथा बालअधिकार समितिले दिएका सुझाव तथा सिफारिसहरू तथा पेरिस सिद्धान्त जस्ता आधारभूत अन्तर्राष्ट्रिय स्थापित आधार तथा मान्यतामा वढी भर पर्नु परेकोले नेपालको राजनीतिक, सामाजिक, साँस्कृतिक परिप्रेक्ष्यमा विश्लेषणको केही सीमितता रहन गएको छ ।

# दोस्रो परिच्छेदः
# महिला आयोगको वर्तमान अवस्थाको विश्लेषण

## २.१ वर्तमान स्थिति विश्लेषण

### २.१.१ कानुनी व्यवस्था

राष्ट्रिय महिला आयोग २०६३ र नियमावली, २०६५ अनुसार राष्ट्रिय महिला आयोग एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रूपमा रहेको छ । यसको आफ्नो छुट्टै छाप हुने, व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न पाउने, व्यक्ति सरह नालिस, उजुरी दिन सक्ने, करार गर्ने र सो बमोजिम अधिकार प्रयोग गर्न सक्ने व्यवस्था उल्लेख गरिएको छ ।

### २.१.२ सांगठनिक व्यवस्था

संगठन संरचना : राष्ट्रिय महिला आयोग एक अवच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रूपमा रहेको छ ।[१] यसमा एकजना जनजाति, एकजना दलित र एकजना मधेसी मध्येबाट हुने गरी एक अध्यक्ष र चार जना सदस्य सहित पाँच सदस्यीय आयोग गठन हुने व्यवस्था रहेको छ ।[२] आयोगको कार्यालय काठमाडौँमा रहने, आवश्यकताअनुसार जिल्लामा खोल्न सकिने व्यवस्था रहेको यस आयोगको कार्यालयमा एक जना सचिव सहित आवश्यक संख्याका कर्मचारी रहने व्यवस्था छ ।[३] आयोगको संगठन तालिका अनुसूची-१ मा दिइएको छ ।

योग्यता : अध्यक्षको हकमा स्नातक उपाधि हासिल गरी कम्तीमा सात वर्ष

१ राष्ट्रिय महिला आयोग ऐन, २०६३ दफा ४

२ ऐ ऐ, दफा ५

३ ऐ. ऐ. दफा १६,१७ र १९

महिला हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा कानुन वा मानव अधिकारको क्षेत्रमा अनुभव हासिल गरेको ४० वर्ष उमेर पूरा भएको नेपाली नागरिक तथा अन्य सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई माथि उल्लेखित पक्ष र क्षेत्रमा ५ वर्षको अनुभव भएका महिलालाई आयोगको सदस्य हुन योग्य हुने कानुनी व्यवस्था रहेको छ।[४]

नियुक्ति प्रकृया : महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका मन्त्रीको अध्यक्षतामा संसदको सम्बन्धित समितिको अध्यक्ष, राष्ट्रिय योजना आयोगको सामाजिक क्षेत्र हेर्ने सदस्य र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सचिव सदस्यसचिव रहेको समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गर्ने व्यवस्था रहेको छ।[५]

अन्य कर्मचारी : कार्यालयका अन्य कर्मचारीको हकमा नेपाल सरकार निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको बहालवाला कर्मचारी आयोगको सचिवको रूपमा र आवश्यक अन्य कर्मचारी नेपाल सरकारले खटाए बमोजिम हुने व्यवस्था छ। तर आयोगलाई आवश्यक पर्ने विशेषज्ञ कर्मचारी भने नेपाल सरकारको सहमती लिई आयोग स्वयम्ले करारमा नियुक्त गर्न सक्ने छ।[६]

आफूलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा असल नियत राखि सम्पादन गरेको कामका सम्बन्धमा कुनै कानुनी कारबाही नचलाइने व्यवस्था गरिएको छ।[७]

### २.१.३ कार्यक्षेत्र र अधिकार :

राष्ट्रिय महिला आयोगलाई राष्ट्रिय महिला आयोग ऐन, २०६३ र घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ले महिलाका मानव अधिकारसँग आबद्ध भएर मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायहरूले आमरूपमा गर्ने निम्न संरक्षण

४ ऐ ऐ, दफा ६

५ ऐ. ऐ., दफा ७

६ ऐ. ऐ., दफा १७ र १९

७ ऐ. ए.. दफा २६

र प्रवर्द्धनको अधिकारहरू प्राप्त छन् :

- भएका नीति, कानुन तथा कार्यक्रमको लैङ्गिक समानता र न्याय तथा महिला सशक्तीकरणको दृष्टिकोणले विश्लेषण गरी सुधारका लागि सिफारिस/सुझाव पेश गर्ने,
- सरकारी, निजी वा गैरसरकारी संस्था लगायतका निकायको काम कारबाही, भौतिक सुविधा र कार्य वातावरण महिला मैत्री भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण गरी सम्बन्धित निकायलाई सुझाव दिने,
- महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना जगाउने,
- वार्षिक प्रतिवेदन प्रकाशित गर्ने र
- आयोगको जानकारीमा आएका र भए गरेका विवरणहरू सुरक्षित राख्ने,
- महिला हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारमा पेश गर्ने,
- महिला हकहित सम्बन्धी प्रचलित कानुनको पालना; महिलालाई राष्ट्रियरूपमा मूलप्रवाहीकरण गर्न लागू गरिएका नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन साथै सहमती जनाइएका अन्तर्राष्ट्रिय दायित्व निर्वाह भए/नभएको अनुगमन, समीक्षा, मूल्याङ्कन गरी सरकारलाई आवश्यक सिफारिस/सुझाव दिने,
- उक्त जाँचबुझबाट कसैले यस्तो कसुर गरेको प्रमाणित भएमा आवश्यकताअनुसार मेलमिलाप गराउने, पीडित महिलालाई उपचार, राहत वा क्षतिपूर्ति वा पुनर्स्थापना गराउन सम्बन्धित निकायलाई निर्देशन दिने वा उपयुक्त कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने तथा सोको अनुगमन गर्ने,
- महिला अधिकारबाट बञ्चित, पीडित वा असहाय महिलालाई आवश्यक कानुनी सहायता प्रदान गर्न व्यवस्था गर्ने,
- महिलाका हकहित र सरोकारका विषयमा सार्वजनिक सुनुवायी गर्ने ।

माथि उल्लिखित जिम्मेवारी निर्बाह गर्न आयोगलाई प्राप्त अधिकार निम्न

बमोजिम रहेका छन[८] :-

- सरकारी, निजी तथा गैरसरकारी संस्थाका कार्यालयहरू तथा घटना स्थलको स्थलगत अनुगमन, निरीक्षण, अनुसन्धान गर्ने,
- कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराएर बयान वा जानकारी लिने,
- साक्षी बुझ्ने, बकपत्र गराउने,
- लिखत वा कागजात वा प्रमाण पेस गर्न आदेश दिने,
- सार्वजनिक सुनुवाइ गर्ने,
- निरोधात्मक उपायहरूको अवलम्बन गर्ने,
- गरिएको सिफारिसको अनुगमन गर्ने,
- मेलमिलाप, उपचार, राहत, क्षतिपूर्ति वा पुनर्स्थापनाको आदेश दिने र
- आयोगको आदेशको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुने ।

न्याय निरोपण : आयोगले निम्न बमोजिमको न्याय निरोपण गर्न सक्ने छ ।

- महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरिएको तथा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको घटना सम्बन्धी प्राप्त उजुरी वा कुनै श्रोतबाट प्राप्त जानकारीका सम्बन्धमा विभिन्न उपायहरूबाट जाँच बुझ गर्ने,

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउनेले सोको जानकारी राष्ट्रिय महिला आयोगमा समेत लिखित वा मौखिक उजुरी दिन सक्ने र यस्तो उजुरीमा आयोगले आयोग सम्बन्धी प्रचलित ऐन अनुसार कारवाही गर्न सक्ने ।

कार्यक्षेत्र : आयोगलाई सरकार, निजी क्षेत्र र गैरसरकारी निकायहरूका सर्न्दभमा प्राप्त कार्यक्षेत्र निम्न बमोजिम रहेका छन ।[९]

---

८ राष्ट्रिय महिला आयोग ऐन दफा ११ (१,२,३)

९ राष्ट्रिय महिला आयोग ऐन दफा ११ (१,२,३)

## २.१.४ प्रभावकारिता :

कुनै पनि स्वतन्त्र मानव अधिकार संयन्त्रहरूको प्रभावकारिताको मुल्याङ्कन निम्न सूचाङ्कहरूको आधारमा मापन गर्न सकिन्छ : जनस्तरबाट वैद्यता, जनस्तरसम्मको पहुँच, खुल्ला संगठनात्मक संस्कृति, समावेशी र व्यावसायिक/क्षमतावान् सदस्य तथा योग्यतामा आधारित पारदर्शी नियुक्ति प्रकृया, मानव अधिकारमा काम गर्ने नागरिक समाजसँगको सम्बन्ध, विस्तृत कार्यक्षेत्र, उजुरीहरू व्यवस्थापन तथा सिफारिसहरू, मानव अधिकारका मुद्दाहरूको व्यवस्थित सम्बोधन, पर्याप्त बजेट व्यवस्था, प्रभावकारी अन्तर्राष्ट्रिय सम्पर्क साथै उजुरी व्यवस्थापनमा तत्परता आदिको स्थितिमा मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको प्रभावकारिता निर्भर रहेको हुन्छ। यसै सेरोफेरोमा राष्ट्रिय महिला आयोगको वर्तमान प्रभावकारिता निम्न बमोजिम रहेको छ :

## २.१.५ आयोगको स्वरुप

### २.१.५.१ स्वायत्तता र स्वतन्त्रता :

आयोग एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रूपमा रहने,[१०] यसको कानूनी कार्यक्षेत्र र अधिकार,[११] आयोगका अध्यक्ष तथा सदस्यहरूको कानुनी कार्यादेश,[१२] आवश्यकता अनुसारका विशेषज्ञ कर्मचारी नियुक्ति,[१३] वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा तथा स्वीकृत गर्ने,[१४] साथै असल नियतले गरेको कामको बचाउ[१५] सम्बन्धी कानुनी व्यवस्था गरी केही हदसम्म यसको

१० राष्ट्रिय महिला आयोग ऐन दफा ११ (१,२,३)

११ ऐ. ऐ. दफा ११

१२ ऐ. ऐ. दफा १३

१३ ऐ. ऐ. दफा १९

१४ ऐ. ऐ. दफा ११ (१ ट)

१५ ऐ. ऐ. दफा २६

स्वायत्तता र स्वतन्त्रता सुनिश्चित गरिएको छ । तर यसलाई प्रत्यक्षरूपमा संसदप्रति नभई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयप्रति जवाफदेही हुनुपर्ने, आयोगलाई आवश्यक कर्मचारीहरू नेपाल सरकारबाट खटाईने, करारमा राखिने भनिएका विशेषज्ञ पनि नेपाल सरकारको सहमतीमा मात्र नियुक्त गर्न सकिने, आयोगका वार्षिक कार्यक्रम तथा बजेटको व्यवस्थाको लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा कार्यक्रम पठाई सोही मन्त्रालयको नाममा नेपाल सरकारबाट स्वीकृत हुने अवस्था साथै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्न नेपाल सरकारको स्वीकृति लिनुपर्ने जस्ता व्यवस्थाले यसको पूर्ण स्वतन्त्रतामा अंकुश लगाएको छ ।

मिति २०५८ चैत्र २३ गते पहिलो पटक गठन भएको आठ सदस्यीय राष्ट्रिय महिला आयोगको दुई वर्षे कार्यकाल पछिका करिव दुई वर्ष पदाधिकारी विहीन रह्यो । मिति २०६२ चैत्र ३ गते ६ सदस्यीय समिति गठन भए पनि तत्कालीन राजनीतिक परिवेशका कारण ४७ दिन पश्चात रिक्त हुन गयो । देशमा नयाँ राजनीतिक परिवर्तनपछि पनि करिव १६ महिनासम्म पदाधिकारी विहीन रह्यो । यसरी करिब साढे तीन वर्षसम्म आयोग पदाधिकारी विहीन भई कर्मचारीको भरमा दैनिक कार्यसञ्चालनमा सीमित रह्यो ।

आयोगको पदाधिकारी नियुक्तिमा कानुनी व्यवस्थालाई प्रकृयागत रूपमा पूरा गर्ने गरिएको भए पनि आयोगका सदस्यहरूमा व्यवसायिक दक्षता भएका महिलाहरूभन्दा सत्तारुढ राजनीतिक दलको सामिप्यका राजनीतिक महिलाकर्मीहरूकै नियुक्ति हुने तथ्यलाई आयोगका पूर्व र वर्तमान पदाधिकारीहरू स्विकार्नु हुन्छ । आयोगको अध्यक्ष बाहेकका सदस्यहरूको लागि न्युनतम शैक्षिक योग्यताका समन्धमा रहेको अन्योल र सत्तारुढ राजनीतिक दलको सामिप्यता नै प्राथमिक योग्यता हुने वर्तमान परिपाटी तथा अभ्यासले आयोगको उद्देश्य, यसलाई सुम्पिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयन साथै बाञ्छित उपलब्धि हासिल हुन नसक्नुका विभिन्न कारणहरूमध्ये एक मान्न सकिन्छ । जसले आयोगको स्वतन्त्रता, निस्पक्षतामाथि पनि गम्भिर सवाल

उठाउँदै आएको अवस्था छ ।

आयोगका पदाधिकारीहरूको अपारदर्शी नियुक्ति प्रकृया, नियुक्तिमा हात रहेका राजनीतिक दलको आयोगका सदस्यहरूमा रहने अप्रत्यक्ष दबाव, मिति २०६४ मा नियुक्त आयोग पदाधिकारीहरूलाई सरकार परिवर्तनसँगै कानुनमा पद रिक्त उल्लिखित व्यवस्थाबाट[१६] बाहिर गई २०६६ को बर्खास्त गर्ने नेपाल सरकार, मन्त्री परिषदको निर्णयले यसको स्वतन्त्रतामा प्रश्न चिन्ह लगाएको छ । सर्वोच्च अदालतको निर्णयले पदाधिकारीहरू पुनर्वहाली भए पनि यसले निजहरूको कार्यशैली र मनोदशामा लामो समयसम्म प्रभावित गरेको विषय छलफलका दौरानमा विभिन्न सरोकारवालाहरूवाट भएको पाइयो ।

## २.१.५.२ आयोगको बनावट र सदस्यको योग्यता :

आयोगका चार सदस्यमध्ये जनजाति, दलित र मधेशीमध्येबाट एक एक जनाको अनिवार्य नियुक्तिले यसको बनावट समावेशी चरित्रको हुने अवस्था केही हदसम्म सुनिश्चित गरिएको छ ।[१७]

आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिमा सिफारिसका लागि समितिका[१८] व्यवस्था भए पनि पदाधिकारी नियुक्तिको सिफारिस गर्दा सबैले जानकारी पाउन सक्ने गरी सूचना प्रकाशित गरिने व्यवस्थाको अभाव, सम्भाव्य उम्मेद्वारहरूको विवरण सङ्कलन तथा विश्लेषणको अभाव इच्छुक उम्मेद्वारहरूबीच परीक्षण प्रतिस्पर्धा गरी छनौट गर्ने व्यवस्थाको अभाव साथै सार्वजनिक सुनुवाइको व्यवस्थाको अभावमा सत्तारुढ राजनीतिक दल विशेष गरी विभागीय मन्त्रालयका मन्त्रीको इच्छामा सामान्यरूपमा समितिका पदाधिकारी उपस्थित गराई नियुक्ति गर्ने परिपाटीले आयोगको कार्य प्रभावकारिता अपेक्षितमात्रामा आम जनताबीचमा पुग्न सकेको छैन । अझ कतिपय अवस्थामा विभिन्न राजनीतिक आस्थाबाट प्रशिक्षित राजनीतिक कार्यकर्ताका

१६ राष्ट्रिय महिला आयोग एन,२०६३. दफा ९

१७ ऐ. ऐ.दफा ५(२)

१८ ऐ. ऐ. दफा ७

रूपमा रहेका महिलाहरू आयोगको पदाधिकारीका रूपमा नियुक्ति हुने प्रकृयाले आयोगको प्राथमिकता, आन्तरिक निर्णय, कार्यशैली र सहयोगी कर्मचारीहरूलाई पनि प्रभावित पार्ने गरेको छ । यस्तो प्रचलनले सदस्यहरुमा हुनु पर्ने मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको सैद्धान्तिक अवधारणा सम्बन्धी ज्ञान, महिला अधिकार, मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरु, महिलालाई केन्द्रमा राखेर वनेका तथा अन्य मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रको जानकारी साथै व्यावसायिक दक्षता आदिको अनुभव र ज्ञान सम्बन्धी योग्यताको अपरिहार्यता ओझेलमा पर्ने गरेको छ ।

### २.१.५.३ कर्मचारी व्यवस्था र संगठन तालिका :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले खटाउने व्यवस्थाले विशिष्टीकृत कार्य सम्पादन गर्नुपर्ने प्रकृतिको काममा निजामती सेवाका सामान्य क्षेत्रमा कर्मचारीहरू मात्र उपलब्ध हुने गरेको छ । कार्यालयको संगठन तालिका अध्ययन गर्दा आयोगको सचिवालयको रूपमा रहेको कार्यालयको मानव अधिकार संस्थाको कार्य प्रकृतिका महिला मानव अधिकारको क्षेत्रमा अध्ययन, अनुसन्धान, अनुगमन, विश्लेषण, प्रतिवेदन लेखनभन्दा फरक नेपाल सरकारका नियमित सामान्य दैनिक प्रशासन सञ्चालन गर्ने किसिमको सांगठनिक स्वरूपको मात्र रहेको साथै आयोगको कार्यप्रकृति अनुसार कर्मचारीको विज्ञता, दक्षता र अनुभव नरहेको हुँदा आयोगको प्रभावकारितालाई समेत प्रभावित गरेको पाइयो । आयोगको स्विकृत कर्मचारीको दरबन्दी र पदपूर्तिको अध्ययन गर्दा स्थापना भएको १२ वर्ष पछिमात्र स्विकृत दरवन्दी अनुसारको कर्मचारी पदपूर्ति हुन सकेको पाइयो । विगतमा लामो समयसम्म पदपूर्ति नभएको, भएका पदपूर्ति पनि आयोगको आवश्यकताभन्दा भिन्न कार्य अनुशासन र जिम्मेवारीमा रहेका जनशक्तिको बाहुल्यता रहनुका साथै कतिपय कर्मचारी लामो अवधिसम्म काजमा राखिएको पाइयो ।

आयोगको ऐन अनुसार विशेषज्ञ कर्मचारीमात्र करारमा नियुक्ति गर्न पाइने व्यवस्था भए पनि सोभन्दा कम दर्जाका कर्मचारी पनि करारमा राखिएको पाइयो । कानुन विज्ञ बाहेक आयोगलाई आवश्यक पर्ने अन्य विज्ञहरूको

व्यवस्था गरेको पाइएन । नियुक्ति प्रकृयामा स्वीकृत मापदण्ड अवलम्बन नगरिनुले उनीहरूको नियुक्तिमा पर्ने आयोगका पदाधिकारी र राजनीतिक प्रभावले आयोगको व्यवसायिक दक्षतालाई प्रभावित पारेको पाइयो ।

#### २.१.५.४ पहुँच :

आयोगको प्रभावकारितालाई प्रत्यक्ष प्रभावित गर्ने सम्बन्धमा सम्बद्ध सवै आयोगमा सजिलै सम्पर्क गर्न सक्ने र आवश्यकताअनुसार आयोग पनि सबै ठाउँमा सजिलै पुग्नसक्ने अवस्थाको विद्यमानता आवश्यक हुन्छ । आयोगको एकमात्र कार्यालय काठमाडौंमा रहेको, यसको स्थानीय तहमा कुनै किसिमको कार्यालय नरहेको, स्थानीय स्तरका महिलाका पक्षमा काम गर्ने सामाजिक संघ, संस्थासँग प्रत्यक्ष सम्पर्क नरहेको, कुनै व्यक्ति वा संस्थालाई आयोगको प्रतिनिधिको रूपमा नतोकिएको हुँदा, आयोग स्वयंको स्थानीयतहसम्म वा स्थानीय तहका जनताको आयोगसँग सहज पहुँचमा अवरोधको रूपमा रहेको छ ।

आयोगमा कार्यरत न्युन जनशक्तिले यसको पहुँचलाई अझ खुम्च्याएको छ । आयोग रहेको भवन पनि भाडामा रहेको र आयोगको कार्यप्रकृति अनुरुपको सेवा उपलव्ध गराउन पनि भौतिक संरचना तथा स्थानको अभाव भएको स्थितिमा विविध विशेष आवश्यकता भएका सेवाग्राही मैत्री वातावरणको अभावले यसको प्रभावकारितालाई नकारात्मक प्रभाव पारेको छ ।

विशिष्ट कार्य सञ्चालन गर्नुपर्ने आयोगको आन्तरिक संगठन संरचना पनि सामान्य प्रकारका नियमित काम गर्ने सरकारी कार्यालय सरहको रहेको हुँदा आयोगको कार्य प्रकृति सुहाउँदो छैन । यसले गर्दा भएका सिमित जनशक्तिबाट विशेषज्ञ सेवा प्रवाह गर्न नसकिने  स्थिति विद्यमान छ ।

### २.१.६ कार्यादेश र कार्यान्वयन :

#### २.१.६.१ कार्यादेश :

राष्ट्रिय महिला आयोग ऐन, २०६३ र घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले कानुनी रूपमा महिलाको मानव अधिकारको प्रवर्द्धन र संरक्षण

गर्नसक्ने गरी राष्ट्रिय महिला आयोगलाई व्यापक कार्यादेश दिएको छ । यसको महिलाका हक, हितको प्रवर्द्धनको लागि व्यक्ति, सरकारी, निजी तथा गैरसरकारी निकाय समेतसित यसले सहकार्य गर्न सक्दछ ।

मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रले आमरूपमा निर्वाह गर्ने सिफारिसकर्ता, खबरदारीकर्ताको भूमिकासँगै राष्ट्रिय महिला आयोगलाई महिला अधिकारबाट वञ्चित, हिंसा पीडित वा असहाय महिलालाई कानुनी सहायता दिने, यस्ता घटनाको उजुरी परेमा मेलमिलाप गराउन सक्ने, घरेलु हिंसाका सम्बन्धमा व्यक्तिको प्रारम्भिक उजुरी लिएर कानुनी प्रकृया आरम्भ गर्नसक्ने व्यवस्थाले यसलाई कार्यकारी अधिकार समेत उपलब्ध गराइदा आयोगको अधिकांश समय यही कार्यकारी अधिकार प्रयोग गर्नमा व्यतीत हुने गरेकोले यसको मानव अधिकार शिक्षा प्रसारक, खबरदारीकर्ता र सिफारिसकर्ताको भूमिका भने छायाँमा पर्ने गरेको छ ।

### २.१.६.२ रणनीतिक योजना :

कानुनद्वारा प्रदत्त काम, कर्तव्य र जिम्मेवारीलाई योजनावद्ध ढङ्गले व्यवहारमा उर्तान र आयोगको महिला अधिकार सम्बन्धी दृष्टिकोणमा एकरुपता तथा स्पष्टता ल्याउन आयोगले आर्थिक वर्ष २०६६/६७–२०७०/७१ का लागि पहिलो पञ्चवर्षीय रणनीतिक योजना र आर्थिक वर्ष २०७१/७२–२०७५/७६ सम्मका लागि दोश्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ ।

प्रथम रणनीतिक योजनाको कार्यान्वयनबाट हाल महिलाहरूका लागि गरिएका विशेष व्यवस्था, कानुन र कार्ययोजना निर्माण, हिंसाका घटनाहरूको अनुगमन आदिलाई उपलव्धीको रूपमा उल्लेख गरिएको छ ।[२०]

प्रथम रणनीतिक योजनामा उल्लिखित कतिपय उद्देश्यहरू अल्पकालको प्रयासबाट पूरा हुने किसिमका छन् भने केही दीर्घकालम्म निरन्तर प्रयासबाट मात्र हासिल हुने किसिमका छन् । यसरी नै केही उद्देश्य पटके कार्यक्रमबाट

२० दोश्रो पञ्चबर्षीय रणनीतिक योजना पेज २ र ३

मात्र पनि प्राप्त गर्न सकिने किसिमका छन् । रणनीतिक योजना बनाउँदा यस पक्षमा यथेष्ट ध्यान पुऱ्याउन नसक्दा क्रम मिलाइएको छैन । युएन ओमनको सहयोगमा शान्ति मालिकाले २०७० मा गरेको एक अध्ययनले "प्रथम रणनीतिक योजना कार्यान्वयनमा आइसकेपछि पनि आयोगको कार्यशैली र कार्यक्रम तर्जुमा प्रक्रियामा तात्विक अन्तर आएको देखिँदैन । योजना लागू हुनुपूर्वकै कार्यक्रम शीर्षकहरूमा सामान्य हेरफेर सहित योजना अवधिभर पनि कार्यक्रम र कृयाकलापहरू तय गरिएका छन् । आयोगको रणनीतिक योजना पनि छ भन्नको लागि बाहेक यसले वार्षिक रूपमा स्वीकृत गरेका कार्यक्रमहरूको अध्ययन गर्दा रणनीतिक योजनाको इमान्दार कार्यान्वयनमा भने आयोग गम्भीर भएको नपाइएको अध्ययन प्रतिवेदनले देखाएको छ ।

कुनै आर्थिक वर्षमा विनियोजित सीमित बजेट पूर्ण रूपमा खर्च गर्न र सीमित कार्यक्रमहरू पनि पूर्ण रूपमा सम्पन्न गर्न सकेको छैन । यसले आयोगको कार्यक्षमतामा प्रश्न उठाउने अवस्था सिर्जना गरेको छ" भनी उल्लेख गरिएको छ ।[२१]

आयोगले जारी गरेको दोश्रो रणनीतिक योजनामा महिलाहरूले राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूका सम्बन्धमा उनीहरूको विशेष सरोकार र

**हालको महिला आयोगका महत्वपपूर्ण कार्यहरू**

- महिला अधिकार र महिला मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने,
- महिला अधिकारको अवस्था अनुगमनकर्ता, उजुरीको सुनुवाई र न्यायिक निरुपण गर्ने, उजुरीहरूको अनुसन्धान गर्ने,
- महिला अधिकारको सवालमा सरकार तथा अन्य पक्षहरूलाई आवश्यक सल्लाह प्रदान गर्ने,
- महिला अधिकारका विषयमा जनचेतना जगाउने तथा यस सन्दर्भमा प्रशिक्षणहरू सञ्चालन गर्ने,
- महिला अधिकारका सवालहरूमा सरकारको उत्तरदायित्व थप गर्न विशेष अध्ययन तथा अनुसन्धानहरू सञ्चालन तथा अनुसन्धानहरू गर्ने, टिप्पणी तथा धारणाहरू जारी गर्ने ।

२१ महिला अधिकार संरक्षण तथा सम्वर्द्धनमा रणनीतिक योजना–एक अध्ययन

आवश्यकतालाई सम्बोधन गर्न लिनुपर्ने रणनीतिको सम्बन्धमा उल्लेख गरिएको छैन । जो मानव अधिकार सम्बन्धी संयन्त्रको हैसियतले आयोगको प्राथमिक दायित्व हो ।

### २.१.६.३ कार्यान्वयन स्थिति :

**कार्यक्रम**

आयोगको उद्देश्य, रणनीतिक योजनालाई कार्यान्वयन गर्ने क्रममा योजनाबद्ध रूपमा कार्यक्रम र सम्पादित स्थिति कार्यतालिका १ मा उल्लेख गरिएको छ ।

तालिका–१

स्वीकृत वार्षिक कार्यक्रम तथा कृयाकलापहरू

| कृयाकलाप | आर्थिक वर्ष र सम्पादित परिमाण | | | | |
|---|---|---|---|---|---|
| | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ |
| १. अनुगमन<br>● सरकारी कार्यालय<br>केन्द्रीय स्तर<br>जिल्ला स्तर (५)<br>● अवरोध कार्यक्रम - काठमाडौँ<br>● महिला अधिकार उल्लङ्घन घटना | <br>५<br>१७<br>२२ स्थान<br>५ | <br>–<br>८ वृद्धाश्रम<br>–<br>४ | <br>१<br>४ कारागार<br>१<br>२ | आवश्यकता अनुसार | ३<br>आवश्यकता अनुसार) |
| अध्ययन, अनुसन्धान | ५ विषय | १३ विषय | ५ विषय | २ विषय | २ विषय |
| २. सचेतना/वकालत<br>• सार्वजनिक सुनुवायी<br>• श्रव्य दृष्य- ३ वटा | ८ जिल्ला<br>३ वटा<br>९ स्टेसन | ११ जिल्ला<br>४ वटा<br>६ स्टेसन | १० जिल्ला<br>३ वटा<br>१० स्टेसन | आवश्यकता अनुसार<br>१०४ पटक<br>१ पटक | आवश्यकता अनुसार<br>५२ पटक |

| | | | | | |
|---|---|---|---|---|---|
| • रेडियो प्रसार ७ भाषामा<br>• पत्रिका, पोष्टर, स्टिकर, ब्रोसियर<br><br>• दिवस<br>• अन्तरकृया | आवश्यक मात्रामा<br><br>३<br>१७ वटा | आवश्यक मात्रामा<br><br>४<br>७ वटा | आवश्यक मात्रामा<br><br>३ वटा<br>१४ वटा | ३ वटा<br>११ पटक | ३ वटा<br>११ पटक |
| ३. व्यक्तिगत उजुरी सुनुवायी | १३६ वटा | १७३ वटा | १५५ वटा | – | |
| ४. क्षमता अभिवृद्धि | ९ वटा विषयमा | ५ विषयमा तालिम तथा विदेश अध्ययन भ्रमण-१, | ४ पटक तथा विदेश अध्ययन भ्रमण-२, | ३ वटा १ विदेश भ्रमण | ३ वटा १ विदेश भ्रमण |
| ५. सहकार्य अनुगमन सञ्जाल | -UPR तयारी,<br>-२० जिल्ला,<br>-ESCR अनुगमन सूचक निर्माण<br>-सञ्चारमा महिला | ३० जिल्ला | -३० जिल्ला,<br>-यूएन ओमन<br>-नेपाल बार एसोसिएसन<br>-सोच, गैसस | ५० जिल्ला | ५० जिल्ला |

स्रोत : राष्ट्रिय महिला आयोग

उक्त वर्षहरूको स्वीकृत कार्यक्रम र माथि उल्लिखित कृयकलापहरू अध्ययन गर्दा सालबसाली एकै प्रकारका कार्यक्रमहरूमा सामान्य हेरफेर सहित पुनरावृत्ति भएको देखिन्छ । वार्षिक कार्यक्रम तर्जुमा गर्दा, रणनीतिक योजना र आयोगलाई प्राप्त काम,कर्तव्यका आधारमा प्राथमिकता निर्धारण तर्जुमा गर्ने गरेको देखिँदैन ।

महिला अधिकारको प्रवर्द्धनका सन्दर्भमा विशेषत सचेतना अभिवृद्धि, नेपालमा नयाँ मुद्दाका रूपमा उजागर हुन लागेको बिना विवाह एकसाथ बस्ने महिलाहरूको अधिकार, विभिन्न वर्ग र समुदायमध्ये अपाङ्गता भएका महिला, मुस्लिम महिला, दलित महिला र आदिवासी थारु, चौधरी महिलाहरूका विशेष स्थिति, बलात्कार मुद्दामा क्षतिपूर्तिको फैसला कार्यान्वयन, नागरिकता सम्बन्धी वर्तमान नेपाली कानुनको लैङ्गिक विश्लेषण, प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन आदि लगायतका सम्बन्धमा अध्ययन गरिएको भए पनि (बोक्सीको आरोप, दाइजो, प्रजनन स्वास्थ्य सम्बन्धी विधेयकको मस्यौदा बाहेक) यसरी गरिएका अध्ययनबाट प्राप्त सुझावको कार्यान्वयनका लागि कुनै किसिमका कार्यक्रम अगाडि नसारेको स्थिति विद्यमान छ ।

विभिन्न आर्थिक वर्षमा कार्यक्रम र रकम विनियोजनको दृष्टिकोणले निम्न स्थिति रहेको छ ।

तालिका २

कार्यक्रमगत विनियोजिन रकम (रकम रु. हजारमा)

| कार्यक्रम | विभिन्न आर्थिक वर्षमा विनियोजित रकम | | | | |
|---|---|---|---|---|---|
| | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
| अध्ययन, अनुसन्धान र सिफारिस | १०,२० | ५,७५ | ४०० | १९० | ३०० |
| अनुगमन,अवलोकन र निरीक्षण | ४,५० | ८,४५ | ३७,०८ | ५८० | १४५० |
| जनचेतना र अधिवाचन | ४९८० | ५५९६ | ५०१२ | २४७३ | ४८६० |
| लक्षितवर्ग | १३,०० | ९,३० | ८,२० | ६५० | ३८५ |
| वर्ष अभियान | ६,०० | ४,०० | २,५० | – | – |
| क्षमता अभिबृद्धि | १२,२० | ६,५० | ३,५० | – | ७९० |
| प्रतिवेदन र प्रकाशन | १०,३० | ३,७४ | ४०० | १०७७ | ८५० |
| संस्थागत सम्बन्ध विस्तार | २०,०० | ३२,३० | १६,६० | २५० | ८६५ |
| क्षेत्र विस्तार | – | – | – | – | ५०० |
| जम्मा | १२६०० | १२६०० | १२६०० | ४९७० | १०००० |

स्रोत : रा. म. आ. वार्षिक कार्यक्रम

रणनीतिक योजना लागू भए यता तीन वर्षसम्म लगातार रु. १,२६,००,०००।- कार्यक्रमको लागि विनियोजन भएकोमा सोमध्ये पनि आ. व. २०६७/६८ मा कार्यक्रम विनियोजन गरिएको रकम अन्यत्रै रकामान्तर गरी सो रकमलाई रु. १,२४,३७,५००।- मा झारियो । सो शीर्षकमा आर्थिक वर्ष २०६९/७० मा रु. ४९,७०,०००।- र आ. व. २०७०/७१ मा रु. १,००,००,०००।- प्रस्तावित गरिएकोमा खर्च रु. ९०.८१ लाख मात्र भएको छ । कार्यक्रमका लागि विनियोजित रकमको विश्लेषण गर्दा आयोगको प्रमुख दायित्वमा आउने अनुगमन जिम्मेवारीको लागि १३.३ प्रतिशत, नेपाल सरकारलाई आवश्यक सल्लाह, परामर्शको लागि गरिने अध्ययन, अनुसन्धानमा ४.७ प्रतिशत रकम विनियोजन भएको देखिन्छ भने जनचेतना अभिवृद्धि र वकालतमा सबैभन्दा धेरै ४३.२ प्रतिशत, लक्षित वर्गको लागि ७.७ प्रतिशत, प्रकाशनमा ७.० प्रतिशत र पदाधिकारी तथा कर्मचारीको क्षमता विकासमा ५.७ प्रतिशत विनियोजन भएको देखिन्छ । कार्यक्रममा विनियोजन गर्ने परिपाटीमा क्रमशः वृद्धि गर्दै गएमा मात्र लक्षित उद्देश्य पूरा गर्न सहयोग पुग्ने हुन्छ । तर आयोगको कार्यक्रममा विनियोजनको परिपाटी अध्ययन गर्दा पहिलो तीन वर्षसम्म स्थिर हुनु र त्यसपछिका वर्षमा यो रकम झनै घट्नुले आयोगले आफ्नो आवश्यकता बारे सम्बन्धित पक्षसँग औचित्यपूर्ण तर्क प्रस्तुत गरी विश्वास जित्न सकेको देखिँदैन ।

**कार्यविधि र शैली** : आयोगका पदाधिकारीबीचमा कार्यक्षेत्र विभाजन गरेको भए पनि यसलाई अनिवार्य मानिएको छैन । अधिकांश पदाधिकारीहरू, कानुनशाखा र करारमा राखिएका विज्ञ साथै कानुनी परामर्शदाता कर्मचारीहरूको अधिकांश समय महिला मानव अधिकार उल्लघङ्नका घटनाहरूभन्दा हिंसाका व्यक्तिगत घटनाहरूको सुनुवायीमा व्यतीत हुने गरेको पाइयो । महिला आयोगको यस्तो कृयाकलाप र कार्यशैलीले यस आयोगलाई महिला मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको भन्दा भिन्न पहिचानमा उभ्याएको छ जसले आयोगको स्थापनाको औचित्य पुष्टि गर्ने कार्यमा नकारात्मक प्रभाव परेको छ ।

विभिन्न प्रचलित ऐनअनुसार महिला अधिकार उल्लघङ्नका विविध विषयमा विविध निकायहरूमा रहेको अधिकार क्षेत्रहरूका विषयमा समेत आयोगले उजुरी लिई कारवाही गर्दा अन्य निकायका अधिकार क्षेत्रमा समेत असमञ्जस्यता र अन्योल थपेको छ । आयोगमा पर्न आएका उजुरीहरूको अध्ययन गर्दा अधिकांश अवस्थामा उनीहरू एकभन्दा वढी निकायमा गएको पाइएको छ । यसरी कार्यकारी क्षेत्राधिकारका काममा आयोग संलग्न हुने गर्दा आयोगको अन्तर्राष्ट्रिय अवधारणा अनुरुपको काममा यसको भूमिका गौण र प्रभावहीन हुन पुगेको देखिन्छ ।

२०६५ सालमा उजुरी जाँचबुझ तथा कारवाही सम्बन्धी आन्तरिक निर्देशिका तर्जुमा गरिएको भए पनि यसलाई अहिलेसम्म व्यवहारमा ल्याइएको छैन । उजुरीको सुनुवायी, अनुसन्धान र व्यवस्थापन सम्बन्धी निर्दिष्ट कार्यविधि र मापदण्ड अवलम्बन गर्ने नगरिएकाले सम्पादित कामहरूको गुणस्तरमा पनि एकरुपता नभएको पाइयो । व्यक्तिगत रूपमा परेका उजुरीहरूको सर्न्दभमा समेत कस्तो उजुरी सुन्ने, कस्तो कार्यविधि अवलम्बन गरेर निर्णयसम्म पुग्ने भन्ने कार्यविधिको अभावमा आयोगका पदाधिकारीलाई ठीक लागेका सबै किसिमका घटनाको  सुनुवाई गर्ने, पहिले आफैंले मेलमिलाप गरिएका मुद्दा समेतमा पुन उजुरी लिई भिन्न निर्णय सुनाउने लगायतका घटना रहेका उदाहरण भेटिए । पदाधिकारीबाट कतिपय घटनाहरूमा सबै पक्षको व्यवस्थित र गहिरो विश्लेषण र अध्ययनबिना प्राथमिक सूचनाका आधारमा प्राथमिक अवस्थामा नै धारणा बनाई अभिव्यक्त गर्ने अभ्यासले आयोगलाई अफठ्यारोमा पारेका अनुभवहरू पनि जानकारीमा आए ।

विभिन्न सभा, समारोह, बैठक र छलफलमा भाग लिने क्रममा कुनै विषयमा धारणा व्यक्त गर्दा आयोगमा पूर्व छलफल गर्ने साथै यस्ता कार्यक्रममा उठेका वा व्यक्त विचारका सम्बन्धमा आयोगमा जानकारी गराउने, सहभागी भएपछि त्यहाँ भएका विषयमा कार्यालयलाई जानकारी गराउने संस्थागत परिपाटी नभएकोले कतिपय अवस्थामा एकै विषयमा आयोगबाट विरोधाभाषपूर्ण

धारणा पनि सार्वजनिक हुने गरेको पाइयो । आयोगको बार्षिक कार्यक्रम अनुसारका महिला अधिकार प्रवर्द्धनका लागि गरिएका जनचेतना अभिवृद्धि, अनुगमन आदि कार्य, त्यसले पार्न खोजेको प्रभाव वा परिणामबाट भन्दा पनि सो कार्यमा खटिने जनशक्ति अन्य कारणबाट उत्प्रेरित वा प्रभावित भई यस्ता काममा संलग्न हुने परिपाटीले कार्यक्रमहरू औपचारिकतामा सीमित रहने गरेको पाइयो ।

**योग्यता र दक्षता** : महिला अधिकार प्रवर्द्धनका क्षेत्रमा आयोगलाई प्राप्त जिम्मेवारी निर्वाह गर्न लैङ्गिक विश्लेषण, परीक्षणको विशेष ज्ञान र दक्षतायुक्त जनशक्तिको आवश्यकता पर्ने देखिन्छ । तर आयोगमा यस्तो जनशक्ति पर्याप्त नरहेको पाइयो । व्यावसायिक ज्ञान, सीप र दक्षताको अभावमा गरिएका अनुगमन, सिफारिस र सुझाव कार्यान्वयनमा ल्याउनमा समेत अफठ्याराहरू रहेको पाइयो ।

**विवरण/सूचना सङ्कलन र व्यवस्थापन विधि** : महिला अधिकार प्रवर्द्धन र संरक्षणका सम्बन्धमा सूचना/विवरण सङ्कलनको लागि नियोजित र निश्चित उपायहरू अवलम्बन गरिएको छैन । विभिन्न स्रोतबाट प्राप्त विवरण/सूचनाको तथ्याङ्क आधार तयार पार्न आंशिक रूपमा कम्प्युटर प्रणाली तयार पारिएको भए पनि सूचना/विवरण सङ्कलनका लागि व्यवस्थित रूपमा त्यसको प्रयोग गरिएको छैन । कुन समयमा कुन कुन विषयमा अध्ययन गरियो र केकस्ता सामाग्रीहरू उत्पादन गरिए भन्ने सम्बन्धमा समग्र अभिलेखन र त्यस्ता सामाग्रीको व्यवस्थित संरक्षण र सहज उपलब्धता हुने स्थिति विद्यमान छैन । यस्तो स्थितिले स्रोतहरूको उचित उपयोग र लक्षित उद्देश्य प्राप्ति हुन नसकेको देखाउँछ ।

**आर्थिक तथा भौतिक स्रोत** : आयोगलाई सालवसाली विनियोजन हुने रकम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको शीर्षकभित्र समायोजित भएर प्राप्त हुने गरेको छ । कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था

वा व्यक्तिबाट  रकम प्राप्त गर्नुपरेमा नेपाल सरकारको स्वीकृति लिनुपर्ने हुन्छ ।[२२] यस्तो व्यवस्थाले आयोगको वित्तीय स्वतन्त्रतामा अंकुश लाग्न पुगेको छ । आयोगलाई आवश्यक स्रोतको व्यवस्था गर्न सरकारको मुख ताक्नुपर्ने बनाएको छ । तर आयोगलाई सालवसाली उपलव्ध हुने बजेट र भएको खर्चलाई विश्लेषण गर्दा भने आयोगको खर्च गर्नसक्ने क्षमताको अर्कै चित्र प्रस्तुत हुन आउँछ ।

तालिका–३ : आयोगको लागि कुल विनियोजित रकम र यथार्थ खर्च विवरण (रकम रु. हजारमा)

| आ.व. | स्वीकृत बजेट | | | | | खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | | | पुँजीगत | कुलबजेट | | | | पुँजीगत | कुलखर्च |
| | उपभोग | कार्यक्रम | जम्मा | | | उपभोग | कार्यक्रम | जम्मा | | |
| ०६६/६७ | १२३५७ | १२६०० | २४९५७ | ६००० | ३०९५७ | १११६७.२ | ८०६९.७ | १९२३७ | १००० | २०२३६.३ |
| ०६७/६८ | २०४३८ | १२४३७ | ३२८७६ | २८८ | ३३१६४ | १२६८८.१ | १०१६६.६ | २२८५४ | २७८.७ | २३१३३.५ |
| ०६८/६९ | ११३२८ | १२६०० | २३९२८ | ५०० | ३३९२८ | १५००९ | ९९६१ | २४९६९ | ५०० | २५४६९.२ |
| ०६९/७० | १८०५४ | ४९७० | २३०२४ | ५०० | २३५२४ | १७९९३ | ४६६२ | २२६५५ | ५०० | २३१५५ |
| ०७०/७१ | २२७६९ | १०००० | ३२७६९ | ३४५० | ३६२१९ | २१९९८.६ | ८९४३.०३ | ३०९४१.६ | ३३८३. | ३४३२४.६ |

स्रोत : राष्ट्रिय महिला आयोग

आयोगको उद्देश्य प्राप्तिका लागि यसलाई पर्याप्त मात्रामा बजेटको विनियोजन गरिने परिपाटीको अभाव छ भनिरहेको सन्दर्भमा तालिका–३ को विनियोजित बजेट र यथार्थ खर्च विवरणको स्थितिको विश्लेषण गर्दा कुनै पनि आर्थिक वर्षमा विनियोजित रकम पूर्ण रूपमा खर्च गर्न सकेको देखिँदैन । कार्यक्रमतर्फको मात्र खर्च कुल खर्चको औसत प्रतिशतभन्दा कम रहेको छ । कार्यक्रमतर्फको विनियोजित रकम र यसको खर्च गर्ने प्रणालीमा दुवैमा ह्रास हुँदै गएको देखिन्छ ।

आयोगको आफ्नै कार्यालय भवन नहुनाले आयोगको कार्य प्रकृति सुहाउँदा कोठाहरूको अभाव रहेको हुँदा कतिपय गोप्य राख्नुपर्ने  वा गर्नुपर्ने काम

२२ राष्ट्रिय महिला आयोग एन,२०६३. दफा १४(३)

कारवाही, सूचना वा परामर्श वा छलपफल समेत सो अनुरुप गर्न नसकेको अवस्था छ । आयोगमा पर्न आएका उजुरी वा महिला मानव अधिकार उल्लघङ्नका घटनाको अनुसन्धानमा आवश्यक पर्ने न्यूनतम भौतिक सामग्रीहरूको अभाव र सोको प्रयोग गर्ने जनशक्तिको अभावले आयोगबाट उपलव्ध गराउने गुणस्तरीय सेवा प्रवाह प्रभावित हुन पुगेको छ ।

### २.१.६.४ समन्वय र सहकार्य :

वि. सं. २०६६ सालमा महिला अधिकारका क्षेत्रमा संलग्न ७ वटा केन्द्रीयस्तरका गैरसरकारी संस्थाहरूसँग सञ्जाल निमार्ण गरी २० वटा जिल्लामा आयोगले महिला अधिकार अनुगमनका लागि सहकार्यको थालनी गरिएको थियो । सहकार्य गर्न निर्धारण गरिएका जिल्लामा महिला अधिकार हनन वा महिला हिंसाका घटनाहरूको अनुगमन गर्ने, सरकारले लिएका लैङ्गिक नीति र कार्यक्रमको स्थानीय रूपमा सरकारी संयन्त्रहरूबाट भएका परिपालन सम्बन्धी अनुगमन गर्ने कार्यादेश दिइएको यस सञ्जालसँग करिव २ बर्षपछि आयोगको अविश्वासका कारण केही समय निष्कृय रह्यो । हाल आएर पुनः मन्द गतिमा ५० जिल्लामा सञ्जालसँग सहकार्य भइरहेको छ ।

यस बाहेक विभिन्न समयमा विषयगत आधारमा विभिन्न संस्थाहरूको सहकार्यमा कानुन मस्यौदा, अध्ययन, अनुसन्धान, अन्तर्क्रिया, छलफल र साझा धारणाहरू निर्माण गरी सम्बन्ध विस्तार हुँदै आएको छ । यस्ता कार्यक्रमहरू पटके रूपमा  गरिने गरेको हुँदा नियोजित र दिगो परिणाममुखी भने हुन सकेका छैनन् ।

महिलाका हक अधिकार सम्बन्धमा तत्काल चर्चामा रहेका विषयहरू जस्तैः महिला सहभागिता, नयाँ संविधानमा महिला अधिकारका विषय, महिला आयोगलाई संवैधानिक बनाउने, सन्तानको नागरिकता सम्बन्धमा आमाको अधिकार आदि विषयमा आयोगबाट समयसमयमा नागरिक समाजका संघ, संस्थाहरू र महिला अधिकारकर्मी लगायत संयुक्त राष्ट्र संघीय निकायहरूसँग सहकार्य गर्ने गरेको पाइए पनि यस्ता सहकार्य आयोग स्वयंको अध्ययन,

अनुसन्धान र प्राथमिकताको आधारमा उठान गरिएको भन्दा पनि सहकार्य गर्ने निकायको अनुरोध र पहलमा बढी हुने गरेको पाइएको छ ।

विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन तयार पार्ने र केही महिलाहरूको मानव अधिकार उल्लङ्घनका घटनाहरूमा राष्ट्रिय मानव अधिकार आयोग र दलित आयोगसँग पटके रूपमा सीमित सहकार्य भएका छन् । आपसमा सहमतिका विषय, पक्ष र क्षेत्रहरूको पहिचान तथा कार्यविधि निर्धारण गरी सहकार्य गर्न २०६६ सालमा छलफलको सुरुवात् गरिएको भए पनि निश्कर्षमा भने पुग्न नसकेको पाइयो ।

सीमित रूपमा भए पनि आयोगले विभिन्न समयमा गरेको अध्ययन, अनुसन्धान, सिफारिस र सुझावहरूको सम्बन्धमा सरोकारका पक्षसँग सहकार्य वा पृष्ठपोषणका सम्बन्धमा पनि आयोगको तत्परता उत्साहजनक नरहेको पाइयो ।

## २.१.७ जनउत्तरदायित्व :

### २.१.७.१ प्रतिवेदन प्रणाली र सोको सुनुवाइ /पृष्ठपोषण :

आयोगले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका मन्त्री/राज्यमन्त्री समक्ष पेस गर्नुपर्ने र सो प्रतिवेदन प्रतिनिधिसभा समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।[२३] सो अनुसार आयोगले प्रत्येक वर्ष आफ्नो प्रतिवेदन महिला, बालबालिका तथा समाजकल्याण मन्त्री समक्ष पेस गर्ने गरेको भए पनि सम्बन्धित मन्त्रालयबाट सो प्रतिवेदन प्रतिनिधिसभामा आधिकारिक रूपमा पठाउने व्यवस्था भने अवलम्बन गरिएको छैन । यस सम्बन्धमा महिला आयोगबाट खोजखबर वा चासो लिने गरिएको छैन ।

आयोगले तयार पार्ने प्रतिवेदनको ढाँचा र संलग्न गरिनुपर्ने विवरणका

२३ राष्ट्रिय महिला आयोग एन,२०६३. दफा १२

सम्बन्धमा पनि आयोगमा आन्तरिक छलफल हुने परिपाटी नरहेको जानकारीमा आएको छ । यस्तो स्थितिले प्रतिवेदनमा उल्लेखित विवरणहरूको पूर्णता, समग्रता र गुणस्तरमा समेत अपुरो अवस्था विद्यमान रहनुका साथै समग्र आयोगले संस्थागत रूपमा स्वामीत्व ग्रहणका सम्बन्धमा गम्भीर सवाल उठेको छ ।

### २.१.७.२ सार्वजनिकीकरण

आयोग आफूले गरेको काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था[२४] अनुसार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा पेस गर्न तयार पारिएको प्रतिवेदनलाई नै प्रकाशन गर्ने गरिएको छ । प्रकाशित प्रतिवेदनको सम्बन्धमा सार्वजनिक जानकारीको लागि पत्रकार वा सरोकारका पक्षहरूलाई आमन्त्रण गरी जानकारी वा सार्वजनिकीकरण गर्ने परिपाटी पनि रहेको छैन ।

अधिकांश सिफारिस गरिएका सुझाव वा निर्देशनको परिपालनाको स्थिति सम्बन्धमा पनि सार्वजनिक जानकारीको लागि आयोगले कुनै कार्यक्रम आयोजना गर्ने वा कुनै माध्यमबाट सार्वजनिकीकरण गरिने परीपाटी नरहेको पाइयो ।

महिला अधिकारका घटनाहरूको स्थलगत अनुसन्धान गरिएका घटनाहरूको पनि अनुसन्धानमा नेतृत्व गर्ने व्यक्तिको स्वविवेक अनुसार कहिलेकाहीँ सार्वजनिकीकरण गर्ने, अभिलेख राख्ने, प्राप्त अनुसन्धानका आधारमा सम्बन्धित पक्षलाई निर्देशन समेत दिने गरेको भए पनि अधिकांश अवस्था औपचारिकताको लागि टिपोट जस्तो प्रतिवेदन त्यो पनि आर्थिक प्रशासनको लागि मात्र तयार पार्ने गरिएको पाइयो । तर अन्य कुनै किसिमको प्रयोजनमा प्रयोग गरेको वा विवरण राख्ने गरिएको पाइएन । विगतमा क्षतिपूर्तिका लागि गरिएको सिफारिस अनुसारको व्यवस्था गर्न सिफारिस गरिएको निकायले इन्कार गरेपछि आयोग चुपचाप भएको पनि पाइयो ।

यस्तो स्थितिले आयोगलाई जनताप्रति उत्तरदायी बनाउने वा आयोग स्वयंको जनउत्तरदायित्व निर्वाहको भूमिका निष्प्रभावी रहेको स्पष्ट हुन्छ ।

२४ ऐ. ऐ. दफा १२(४)

### २.१.७.३ तत्परता

महिला अधिकार उल्लङ्घनका घटना वा महिला हिंसाका घटनाहरूको जानकारी तत्काल आयोगमा प्राप्त हुने संयन्त्रको अभाव छ । अधिकांश अवस्थामा सञ्जालमार्फत प्राप्त भएका सीमित घटनाहरूमा पनि यो वा त्यो भनी विभिन्न वहानामा जिम्मेवारीबाट पन्छिने वा तत्काल सम्बोधन गर्ने परिपाटी नभएको, राष्ट्रियस्तरका पत्रपत्रिकाले प्राथमिकताका साथ प्रकाशित गरे पछिमात्र आयोग व्युँझने गरेको भन्ने धारणा छलफलका क्रममा उठेको पाइयो । यसबाट आयोगले निर्वाह गरेको जनउत्तरदायित्वको अवस्था कमजोर रहेको अवस्था विश्लेषण गर्न सकिन्छ ।

## २.२ अप्ठ्यारा र चुनौती

राष्ट्रिय महिला आयोगको संरचना, यसलाई प्राप्त कार्यादेश र अधिकार र कार्यसम्पादन, प्रभावकारिता आदिका आधारमा विश्लेषण गर्दा यसले भोग्नु परेका अपठ्याराहरू निम्न बमोजिम रहेका छन :

- राष्ट्रिय महिला आयोग कानुनद्वारा स्थापित स्वायत्त निकाय भए पनि यसको नियुक्ति र विघटन, कर्मचारी व्यवस्था, वित्तीय तथा भौतिक निर्भरता आदिको दृष्टिकोणबाट यसमा पूर्णतः स्वतन्त्रताको अभाव रहेको,
- आयोगको पदाधिकारीमा नियुक्तिको प्रक्रिया र उल्लेख गरिएको योग्यताको परीक्षणको प्रक्रियामा पारदर्शीताको अभाव रहेको,
- सत्तासिन दलहरूको प्रभावमा आयोगका पदाधिकारी नियुक्ति हुने गरेको,
- आयोगको एकमात्र कार्यालय काठमाडौं रहेको र क्षेत्रिय र स्थानीयस्तरमा यसको सम्पर्क कार्यालय नरहेको हुँदा यसको सेवाग्राही सम्मको वा सेवाग्राहीको आयोगसम्म साथै विशेष आवश्यकतामा रहेका महिलाहरूको पहुँचमा असहजता रहेको,
- आयोगको कार्यक्षेत्र र जिम्मेवारीको आधारमा नेतृत्वदायी र अन्य सहयोगी

कर्मचारीहरूमा विषयहरूको लैङ्गिक दृष्टिकोणबाट अध्ययन, विश्लेषण गर्न आवश्यक विषयगत ज्ञान, दक्षता र सीपको अभाव रहेको,

- सेवाग्राहीलाई आवश्यक गुणस्तरीय सेवा प्रवाहको लागि आवश्यक न्यूनतम भौतिक सामग्री र सो सञ्चालनको प्राविधिक ज्ञानको अभाव रहेको,
- पदाधिकारी तथा कर्मचारीहरूको महिलाका मुद्दाहरूमा तत्परता र नवोन्वेषणप्रति उत्प्रेरणाको अभाव रहेको,
- कर्मचारीहरूको आपसी सम्बन्धमा संकीर्णता (त्रिकोणात्मक : स्थायी, काज र करार)
- कर्मचारी संगठन तालिका आयोगको आवश्यकता परिपूर्ति अनुरुप नरहेको,
- आयोगको कार्य प्रकृतिको पहिचान गरी विशेषज्ञहरूको सेवा लिन नसकेको,
- बार्षिकरूपमा विनियोजित हुने रकम समेत खर्च गर्ने क्षमताको अभाव रहेको,
- आयोगलाई दिइएको कार्यादेशका, महिला अधिकारको प्रवर्द्धनका कतिपय कार्यादेश कार्यक्रम/कृयाकलापस्तरका रहेका । जस्तैः जनचेतना जगाउने, सार्वजनिक सुनुवाइ गर्ने आदि र संरक्षणको क्षेत्रमा दिइएको महिला मानव अधिकार उल्लङ्घनका मात्र नभई नियमित अन्य कानुनी प्रक्रिया विद्यमान हुँदाहुँदै पनि महिलाको कानुन प्रद्धत्त अधिकार हनन् वा प्रयोगबाट बञ्चित गरिएका र महिला हिंसा सम्बन्धी कुनै पनि प्रकारका घटनामा प्रारम्भिक सुनुवाई गर्न सक्नेसम्मको अधिकार समेत दिएको हुँदा स्वतन्त्र महिला मानव अधिकार हनन् सम्बन्धी संयन्त्रको भूमिकामा पूर्ण रुपले समान्जस्यता/न्याय गर्न नसकेको,
- आयोगबाट जिल्लाको अनुगमन र कार्यक्रम सञ्चालनका अधिकांश कार्यक्रम निर्वाहमुखी र आर्थिक उत्पेरणाबाट निर्देशित,
- यसले घटना विशेष वा बार्षिक प्रतिवेदनमा गरेका सिफारिस, निर्देशन वा सुझावप्रति सम्बन्धित निकायले पूर्णत उपेक्षा गरेको वा सम्बोधन सम्बन्धमा उदासिन रहेको,
- आयोगले बार्षिक रूपमा पेस गर्ने प्रतिवेदन, प्रतिनिधिसभामा पेस गर्ने,

छलफल गराउने व्यवस्थाको परिपालना नभएको र आयोगको तर्फबाट आफ्नो स्थिति सार्वजनिकीकरण गर्ने सम्बन्धमा पहल गर्ने नगरिएको,

- भए, गरेका अध्ययन, अनुसन्धानमा औँल्याइएका सुझाव कार्यान्वयन सम्बन्धमा आयोगको तत्परतामा कमी रहेको,
- आयोगमा प्राप्त हुने घटनाहरूको व्यवस्थापनमा अधिकांश अवस्थामा तत्काल तत्परताभन्दा पनि बढी निर्वाहमुखी व्यवहार वा शैली रहेको,
- अन्य निकायहरूसँगको सहकार्य र समन्वयका सर्न्दभमा आफू छायामा पर्न सकिने मानसिकताबाट ग्रस्त रही औपचारिकतामा मात्र सीमित रहेको,
- सम्पादित कामहरूको विवरणलाई व्यवस्थित रूपले व्यवस्थापन नगरिएको,
- गरिएका सिफारिस, निर्देशन वा सुझावको पृष्ठपोषण लिने परिपाटी संस्थागत नभएको, यसका निमित्त आवश्यक पूर्वाधारहरू र सांगठनिक संरचनाको समेत अभाव रहेको ।

## २.३ वर्तमान अवस्थामा तत्काल सुधार

राष्ट्रिय महिला आयोगको वर्तमान कानुनी हैसियत, काम, कर्तव्य र अधिकारमा तत्काल परिवर्तन नगरिकन पनि यसको प्रभावकारितामा थप अभिवृद्धि गर्न निम्न पक्षमा सुधारको आवश्यकता छ :

### आन्तरिक व्यवस्थापन

- आयोगको संगठन तालिकामा आयोगको आवश्यकता अनुरुपका काम कारबाहीसँग मिल्दोजुल्दो संगठन पुनर्संरचना वा सो हुन नसके भएकै संरचनामा आयोगका प्रमुख दायित्वलाई प्रतिनिधित्व हुने गरी नामकरण सहित कार्यविभाजन गर्ने (उदाहरणको लागि तत्काल respone समूह, सबै निकायका नीति, कानुन, कार्यविधि, कार्यक्रमहरूको विश्लेषण गर्ने समूह, प्रतिवेदन तयार पार्ने समूह आदि)
- संगठनलाई कमसेकम पनि आवश्यक पर्ने विशेषज्ञताका पक्ष र

विषयहरूको पहिचान गरी सेवा प्रवाहको लागि विशेषज्ञको व्यवस्था गर्ने,

- आयोगका पदाधिकारी र कर्मचारीहरूको विशेषतः निम्न पक्षमा क्षमता अभिवृद्धि गर्ने
    - मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरू र यसका अन्तर्निहित विषयवस्तुहरूको विस्तृत अध्ययन तथा प्रशिक्षण साथै राज्यको दायित्व,
    - महिला अधिकारका सम्बन्धमा भएका संयुक्त राष्ट्र संघका पहल कदमी, सुझाव, सिफारिसको विश्लेषणात्मक जानकारी तथा सोको अनुगमन पद्धति,
    - महिलावादका सैद्धान्तिक तथा व्यावहारिक पक्ष, लैङ्गिक स्थिति विश्लेषण, परीक्षण, अध्ययन र अनुसन्धान तथा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने विधि सम्बन्धी तालिम,
    - महिला मानव अधिकार उल्लङ्घनका घटनाहरूको अध्ययन, अनुसन्धान, अनुगमन सम्बन्धी तालिम
    - प्रतिवेदन लेखन, सार्वजनिकीकरण, पृष्ठपोषण सम्बन्धी प्राविधिक ज्ञान,
    - महिला मानव अधिकारसित सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय नीतिहरूको अध्ययन तथा विश्लेषण
- आयोगका पदाधिकारी र विशेष गरी कर्मचारीबीचको सम्बन्ध सुधारका लागि व्यवस्थित प्रयासको थालनी गर्ने,
- आयोगको खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्ने,
- औपचारिकतामुखी कार्य प्रणालीमा सुधार र परिवर्तनको लागि कार्यसम्पादनपछि अनिवार्य रूपमा समीक्षा गर्ने र सम्बन्धित पक्षलाई जिम्मेवार बनाउने,

## कार्यविधि र कार्यशैलीमा सुधार

- विषयगत आधारमा अध्ययन, अनुसन्धान, अनुगमन, निरीक्षण, सूचना संकलन आदि सम्बन्धमा परीक्षणसूची निर्माण गरी सोही अनुरुप विवरण

सङ्कलन,

- निरीक्षण, स्थलगत भ्रमण, घटना अनुसन्धान, उजुरी व्यवस्थापन सम्बन्धी मापदण्ड र कार्य निर्देशिका निर्माण गरी अनिवार्य रूपमा परिपालन गर्ने,
- मानव अधिकार र महिला मानव अधिकारका सम्बन्धमा नागरिक शिक्षाका लागि योजना बनाई लक्ष समेत किटान गरी कृयाकलापहरूको सञ्चालन र उपलब्धिको परीक्षण गर्ने प्रणाली आरम्भ गर्ने,
- सञ्जाल तथा अन्य माध्यमबाट जानकारी हुन आएका महिला मानव अधिकार उल्लङ्घनका घटनाहरूको शीघ्र सम्बोधनको लागि तयारी/तत्परताको स्थितिमा रहेको समूह निमार्ण गरी परिचालन गर्ने,
- महिलाका मानव अधिकार उल्लङ्घनका घटना बाहेकका अन्य अपराध तथा हिंसासित सम्बन्धित उजुरीहरूको सुनुवाई नगर्ने परिपाटी बसाउने,
- प्राप्त सूचना र विवरण प्रणालीको आधारभूत तथ्याङ्क प्रणालीको लागि कम्प्युटरकृत प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

**पहुँच विस्तार**

- सरकार वा अन्य साझेदार संस्थाहरूको सहयोग लिई हाल रहेको सञ्जाललाई संयोजन गर्न प्रत्येक जिल्लामा एकजना बैतनिक संयोजक नियुक्त गर्ने,
- सञ्जाल र संयोजकको कार्यादेश र आयोगसँगको अग्र र पृष्ठपोषण सम्बन्धको कार्यविधि निमार्ण गरी परिपालन गर्ने,
- सञ्जाल र संयोजकको लागि आवश्यक न्यूनतम श्रोत र साधनको व्यवस्था गर्ने,
- मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरू, महिला मानव अधिकार संरक्षणका क्षेत्रमा लागि परेका सामाजिक संघ, संस्थाहरूसँग सहकार्य र समन्वयको लागि न्यूनतम मापदण्ड बनाई आपसी समझदारी पत्र गर्ने र परिपालन गर्ने,

## कार्यक्रम पहिचान र तर्जुमा प्रणालीमा सुधार

- वार्षिक कार्यक्रम तर्जुमा गर्दा आयोगको कानुनले दिएका कार्यक्षेत्र र लिएको रणनीतिलाई केन्द्रीयतामा राखी विषयहरूको प्राथमिकता निर्धारण गरेर विषय छनौट गर्ने,
  विशेषत : महिलामा रहेका आर्थिक, सामाजिक र सांस्कृतिक विभेदलाई चिर्ने प्रकृतिका कार्यक्रम र कृयाकलापको पहिचान गरी हरेक वर्ष विषयगत निकायहरूले सम्पादन गर्ने कार्यक्रममा समेट्न योजना तर्जुमाका क्रममा जानकारी गराउने र सोको अनुगमन गरिरहने,

## जनउत्तरदायित्व निर्वाहमा सुधार

- स्पष्ट उद्देश्य र लक्षको किटान गरेर विविध पक्ष र क्षेत्रमा महिला मानव अधिकारको सम्बन्धमा अध्ययन गर्ने र प्राप्त परिणामलाई कार्यान्वयनका लागि सरोकारवाला पक्षहरूमा पठाई नियमित पृष्ठपोषण गरिरहने,
- आयोगको वार्षिक प्रतिवेदन तथा समय समयमा गर्ने घटनाको अनुसन्धानको निष्कर्ष अनुसारको सेवा सुविधा प्रवाह गर्न सम्बन्धित सरोकारका निकायहरूलाई जानकारी गराई परिपालना सम्बन्धमा अनुगमन गर्ने,
- अध्ययनको निष्कर्ष तथा सरोकारवाला निकायबाट भएको पहल कदमीबारे सर्वसाधारणमा सूचना प्रवाह गर्ने,

# परिच्छेद तेस्रोः
# संवैधानिक निकायको रुपमा महिला आयोगको भावी स्वरुप

## ३. सवैधानिक निकायको रूपमा महिला आयोगको भावी स्वरुप

राष्ट्रिय महिला आयोगको वर्तमान हैसियत, कार्यादेश र प्रभावकारिता सम्बन्धमा भाग–२ मा विस्तृतरूपमा उल्लेख गरिसकिएको छ । यसको कानुनी र संस्थागत संरचना र हालसम्म यसले हासिल गरेको अनुभव समेतको आधारमा भावी संविधानमा के कस्तो हैसियतमा महिला आयोगको व्यवस्था गर्ने, यसको स्वायत्तता र क्षेत्राधिकार के कस्तो हुने, अन्य मानव अधिकार सम्बन्धी संवैधानिक निकायहरू लगायत राज्यको विधायिका तथा कार्यपालिकासँग यसको कस्तो सम्बन्ध हुने, राज्यको संघीय संरचनासँग आयोगको संगठनात्मक स्वरुपलाई कसरी संयोजित गर्ने र संघीय तथा प्रदेशस्तरका आयोग एकीकृत हुने वा स्वायत्त हुने, स्थानीय तहमा आयोगको कामकारवाही आयोगको कस्तो संरचनाले सम्पादन गर्ने भन्नेजस्ता विषयहरू वर्तमान संविधान सभाले संविधान निर्माणको कार्य गरिरहेको हालको समयमा महत्वपूर्ण हुन पुगेका छन् ।

संविधान सभाभित्रका संवैधानिक राजनैतिक संवाद तथा सहमती समितिले प्रस्तुत गरेको अवधारणा पत्रमा महिला आयोग संवैधानिक हैसियतमा राख्न सहमती जनाएको परिप्रेक्ष्यमा अन्य मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रसँग आपसमा अधिकार क्षेत्रमा दोहोरोपन नहुने तथा एक अर्काप्रति समपूरक/परिपूरक हुने गरी यसको स्पष्ट र छुट्टै कार्यादेश सहित व्यवस्था गर्ने सम्बन्धमा स्पष्ट हुनु आवश्यक भएकोले यस परिच्छेदमा उक्त विषयलाई विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३..१ महिला र बालिकाका मानव अधिकार संरक्षण किन ?

कानुनी रूपमा राष्ट्रिय महिला आयोगको गठन तथा उक्त आयोग हाल

यथावत रूपमा क्रियाशील भइरहेको र संवैधानिक हैसियत भएको मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको छुट्टै व्यवस्था र त्यसको अभ्यास भइरहेको अवस्थामा नेपालमा फेरि छुट्टै संवैधानिक महिला आयोगको आवश्यकता किन रह्यो भन्ने सवाल अत्यन्त महत्वपूर्ण छ । महिला र बालिकाको मानव अधिकारहरू, विश्वव्यापी मानव अधिकारका उन्मुक्ति दिन नमिल्ने, अन्तरङ्ग र अविभाज्य अधिकार हुन् । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा पूर्ण र समान सहभागिता गर्न पाउने, लिङ्गको आधारमा गरिने सबै प्रकारका भेदभाव उन्मूलन गर्नुपर्ने विषय अन्तर्राष्ट्रिय समुदायको प्राथमिक लक्ष्य हो ।[25]

यत्ति हुँदाहुँदै पनि समग्र विश्व परिप्रेक्ष्यमा भनौँ वा नेपालको सन्दर्भमा भनौँ लैङ्गिक तटस्थता वा असमानतामा आधारित वर्तमान लैङ्गिक सम्बन्धलाई पूर्णतः बेवास्ता गरी तय गरेका मानव अधिकार सम्बन्धी विश्वव्यापी मूल्य मान्यता, संरचना, त्यसको कार्यान्वयन गर्ने निकाय एंव व्याख्या तथा स्वतन्त्र मानव अधिकारको प्रत्याभूतिको अनुगमन गर्ने निकायले महिला मानव अधिकारको गम्भीर उल्लङ्घन तथा महिला मानव अधिकारको प्रत्याभूति, सम्बर्द्धन र परिपूर्तिमा गम्भीर हुन नसकेको अनुभव विश्व समुदायले गर्दै आएको छ । परिणामतः मानव अधिकार सम्बन्धी वृहद् व्यवस्था तथा संरचनाले असमान शक्ति सम्बन्ध, विभेद, शोषण र ससमानतामा रहेका महिलाहरूले पुरुष सरह समान अधिकारको उपभोग गर्न नसकेको अवस्थाले स्वभावतः महिलाहरू समान अवसर र लाभ प्राप्त गर्नबाट वञ्चित हुन पुगेका छन ।

**नेपाली महिलाको सवाल तथा मुद्दाहरूः**

- राष्ट्र र राष्ट्रियताको पुनर्परिभाषा गर्दै भेदभावको अन्त्य र सारभूत समानताको प्रत्याभूतिका निमित्त पूर्ण नागरिक पहिचानको अधिकार स्थापित गर्ने ।
- असमान शक्ति-सम्बन्धको विनिर्माण गरी समान शक्ति-सम्बन्ध निर्माण गर्न महिलाको स्वतन्त्रताको सुनिश्चितता, निजी तथा सार्वजनिक तहमा

25 Vienna Declaration and Programme of Action, part I, para. 18;

पुरुषवादी सोच र एकाधिकारको अन्त्यलाई राज्यको पुनर्संरचनाको आधार बनाउन जोड दिन ।

- नेपालको प्रजातन्त्र र लोकतन्त्रसँग जोडिएका आन्दोलनपछिका सकारात्मक परिवर्तनलाई संस्थागत गर्न राज्यको मूलप्रवाहमा महिलाको विद्यमान असमान शक्ति सम्बन्धलाई रूपान्तरण गर्न शक्ति र स्रोतमा समान पहुँच र अवसरका लागि महिलालाई विकास प्रक्रियादेखि राज्यका हरेक तहको निर्णायक क्षेत्रमा समानुपातिक रूपमा महिला नेतृत्व सुनिश्चित गर्न जोड दिने ।
- उपेक्षित महिलाको जीवनमा प्रत्यक्ष-अप्रत्यक्ष रूपले प्रभाव पार्ने हरेक सामुदायिक निर्णय प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता हुन सक्ने अवस्था सृजना गर्न विशेष व्यवस्था गर्न प्रतिबद्ध रहने ।
- हरेक जातजाति, समुदाय, विभिन्न धार्मिक सम्प्रदायमा विद्यमान संस्कार र संस्कृतिको नाममा भएका पितृसत्तात्मक कुप्रथा र कुसंस्कारलाई अन्त गर्न धर्म र संस्कृतिलाई पुनर्परिभाषा गर्ने ।
- सार्वजनिक र निजी क्षेत्रमा हुने महिला हिंसाको अन्त्यका लागि महिलाप्रतिको नकारात्मक सोच, व्यवहार र विचारको अन्त्य गर्न **लैङ्गिक समानता शिक्षा** (Gender Equality Education) व्यापक रूपमा प्रदान गर्ने ।
- आत्मविश्वास, सम्मान, आत्मसम्मान, स्वाधिकार (Self autonomy) को संरक्षण सम्वर्द्धनका लागि निजी तथा सार्वजनिक क्षेत्रमा स्वतन्त्रताको अधिकार सुनिश्चित गर्ने ।
- लैङ्गिक सामाजिक न्यायको प्रत्याभूतिका लागि सारभूत समानतामा आधारित कानुनको निर्माण गर्नुपर्ने । कानुनको शासनको नाममा थोपरिएका असमानता, भेदभाव, शोषण, मानवता विरोधी कानुनको निरन्तरताको अन्त्यका निमित्त कानुनी शासनको वर्तमान परिभाषालाई पुनर्परिभाषित गर्ने ।
- महिलाप्रतिको नकारात्मक सोच र त्यसमा आधारित असहिष्णुतालाई परास्त गर्न आर्थिक, सांस्कृतिक, सामाजिक, नागरिक र राजनीतिक अधिकार जस्ता सबै मानव अधिकारहरूको सुनिश्चित गर्ने ।

- महिलाका समस्यालाई सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा लिई तिनको यथोचित निवारणका लागि बहुआयामिक विश्लेषण गरी निष्कर्षमा पुग्न प्रतिबद्ध रहने ।
- महिलाप्रतिका असहिष्णुता विरुद्ध सम्पूर्ण मानव एक ढिक्का भएर प्रतिकार गर्ने ।
- महिलाको यौनिकताको अधिकार महिलामै सुरक्षित गर्न आर्थिक, कानुनी पराधीनताको अन्त्यमा जोड दिइने ।
- महिला स्वास्थ्यलाई प्रजनन स्वास्थ्यसित मात्र नजोडी समग्र महिला स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न स्रोत, साधन र संस्थागत संरचनाको विकासमा जोड दिइने ।
- सञ्चार क्षेत्रलाई महिलामैत्री बनाउने, महिला सशक्तीकरण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने सञ्चार सामाग्रीको कभरेजलाई प्रोत्साहित गर्ने साथै महिला अधिकार र समानताको प्रत्याभूतिका निमित्त जनमत निर्माण गर्न सञ्चार क्षेत्रसित सहकार्य र समन्वय गर्दै अगाडि बढ्ने ।
- सामाजिक सांस्कृतिक रूपान्तरणका लागि र त्यसपछिको व्यावहारीकरणको निश्चिततताका लागि भाषिक, साहित्यिक माध्यमको निरन्तर उपयोग गर्न प्रतिवद्ध रहने ।
- सिमान्तकृत, दलित, अपाङ्गता भएका महिला, जनजाति एवम् आदिवासी महिलाहरूलाई मूलधारमा ल्याउन आवश्यक कदम चाल्न राज्यलाई जिम्मेवार बनाउने ।

  माथि उल्लेखित महिला अधिकारको व्यावहारिक उपभोग गर्ने अवस्था सृजना गर्न स्रोत, साधन एंव संरचनागत सुनिश्चितता हासिलका लागि राज्यलाई जिम्मेवार बनाउने ।[२६]

महिलाले अनुभूत गर्ने धेरै सरोकारहरू जस्तै : अत्याधिक गरिवी, अशिक्षा, असमान लैङ्गिक कार्य विभाजन, प्रजनन छनौटको अवसरको अभाव, नागरिकता प्राप्तिमा

२६ २०७० असोज १५ र १६ गते ललितपुरमा सम्पन्न अस्मिता महिला प्रकाशन गृह तथा एक्सनएड इन्टरनेसनल नेपालको संयुक्त आयोजनामा पहिचान, शक्ति र रुपान्तरणका लागि महिला सम्मेलनको निचोड)

लैङ्गिक असमानता, विभेद, शोषण जस्ता संरचनागत हिंसाहरूलाई मानव अधिकारको हनन् रूपमा लिई खासै गम्भिर रूपमा सम्बोधन गरिएको अनुभव कमै रहेका छन् ।

सार्वजनिक जीवनमा महिलाको कम संलग्नता, अदृश्यता र पहिचानको अभावमा बाँच्नुपर्ने परिवेशमा मानव अधिकार उल्लङ्घनका घटनाहरूमा निजी जीवनका तथा गैरराज्य पक्षबाट हुने हिंसा वा भेदभावलाई अस्वीकार गरिने पराम्परागत मान्यताले माहिलाहरूले चाहेर पनि पूर्णरूपमा अधिकारको उपभोग गर्ने स्थिति रहेको छैन ।

यी यस्ता विषय र सवालहरू हुन् जसलाई मूलधारका लैङ्गिक तटस्थ कानुनी संरचनाले कम ध्यान वा खासै चासो नदिएका विषय र मुद्दाहरू हुन् । यस सम्बन्धमा बेईजिङ्ग घोषण मार्फत् विश्वलाई निम्न बमोजिम आह्वान गरिएको छ –

*" Strengthen and encourage the development of programmes to protect the human rights of women in the national institutions on human rights ... such as human rights commissions or ombudspersons, [and to accord] appropriate status, resources and access to the Government to assist individuals, in particular women, and ensure that these institutions pay adequate attention to problems involving the violation of the human rights of women."*[27]

संयुक्त राष्ट्रसंघको कार्यक्षेत्रमा लैङ्गिक धारणाको प्रयोग सम्बन्धमा महासचिवको भनाइ यस्तो रहेको छ ।

*"Mainstream human rights approaches have long been based on the presumption that human rights norms are gender neutral or unaffected by gender. However, structural imbalances of power between women and men, the systemic nature of discrimination against women and the*

27 Beijing Declaration and Platform for Action, s. 232(e);

*general absence of women in law creation and implementation processes continue to reflect disproportionately the experiences of men and exclude the experiences of women. These imbalances also influence the generally accepted understanding of international human rights law, whose structure and substance may present or preserve obstacles to women's equality. Many of the substantive norms of international law are defined in relation to men's experience and stated in terms of discrete violations of rights in the public realm. In addition, inattention to rights of particular interest to women in international human rights law and practice has resulted in neglect and pervasive denial of the rights of women, in particular in the private sphere. These factors have contributed to a lack of enjoyment of human rights by women that, at its roots, has gender-specific explanations.*

*A focus on gender recognizes that women's unequal status is based on, and is perpetuated by, structures of systemic inequality and discrimination against women. The standard of measurement in the realization of women's equality is not the current male standard of equality, which would simply be a reaffirmation of the status quo. Rather, a new standard of equality should be envisaged based on a reconsideration of current assumptions …"*[28]

अतः महिलाका यी विशिष्ट सवाल र मुद्दाहरूलाई सम्बोधन गर्न, महिला मानव अधिकारको प्रत्याभूति, सम्बर्द्धन र परिपूर्तिका निमित्त विशेष स्वतन्त्र मानव अधिकार संयन्त्रको आवश्यकता अत्यन्त महत्वपूर्ण छ । यी विषयलाई आत्मसात् गर्दै विश्व समुदायले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ जारी गरेको अवस्था छ । जसले महिला मानव अधिकारको प्रत्याभूतिका निमित्त विश्वसमुदायको ध्यानाकर्षण गराउनुका साथै, विभेदको पहिचान, सकारात्मक विभेदको नीति, सारभूत समानता र विभेदको अन्त्य र समानताको प्रत्याभूतिका निमित्त राष्ट्रको हस्तक्षेपकारी भूमिकालाई स्वीकार गरिएको छ । अतः मानव भएर पनि मानवले उपभोग गर्न पाउने न्यूनत्तम

28 *Integrating the gender perspective into the work of United Nations human rights treaty bodies*, HRI/MC/1998/6, paras. 18-19.

विश्वव्यापी मानव अधिकारको उपभोग गर्न नसकिरहेका महिलाहरूको आवश्यकता, पहिचान, र आत्मसम्मान पूर्ण जीवन यापनका निमित्त चाहिने आधारभूत अधिकारको सुनिश्चितताका निमित्त महिला मानव अधिकारको पैरवी र प्रत्याभूतिका निमित्त महिला मानव अधिकारको विषय अत्यन्त महत्वपूर्ण रहेको छ ।

## ३.२ सवैधानिक आयोगको औचित्य

नेपालको अन्तरिम संविधान २०६३ ले “राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको प्रभावकारी कार्यान्वयन गर्नेछ” भन्ने व्यवस्था गरेको छ । यो व्यवस्था अन्तरिम संविधानको भाग ४ अन्तर्गत् “राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू” को धारा ३३(ड) मा समावेश गरिएको छ । माथि उल्लेख गरिएझैं धारा ३६(१) अनुसार यो भागमा दिइएका कुनै पनि व्यवस्थाहरूको कानुनी कार्यान्वयनमा दायित्व सिर्जना हुँदैन । यसर्थ नयाँ संविधानले महिला अधिकार सम्बन्धी महासन्धि लगायत अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरूको कार्यान्वयनका लागि उक्त प्रतिबद्धताहरू व्यवहारमा लागू गर्न सकिने व्यवस्थालाई महत्वका साथ मान्यता प्रदान गर्नु पर्दछ । यी सिफारिसहरूले नेपालमा महिलाहरूका अधिकारहरूको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने कार्यलाई थप अगाडि बढाउनुका साथै महिला अधिकारको साँच्चिकै समावेशी तथा विस्तृत व्यवस्था गर्न महिलाहरूका अधिकारका सम्बन्धमा हाल विद्यमान संवैधानिक प्रत्याभूतिहरूलाई थप विकसित र सुदृढ गर्नेछन् । नयाँ संविधानमा यी धाराहरूलाई समावेश गरेर नेपालले आफ्ना महिलाहरूको गरिमामय तथा सम्मानपूर्ण जीवन तथा मुलुकको प्रगतिशील विकास तथा विकासलाई सुनिश्चित गर्न  नेपालले सन २०११मा पेश गरेको चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा टिप्पणी गर्दै  सिड समितिले नेपाल सरकारलाई  सुझाव दिएको छ ।

अदालतहरूका अतिरिक्त संवैधानिक अधिकारहरूलाई सुनिश्चित गर्ने महत्वपूर्ण उपाय राज्यद्वारा गरिने अधिकारका उल्लङ्घनहरूको अनुगमन गर्ने जिम्मेवारी भएको स्वतन्त्र संवैधानिक/कानुनी निकायको गठन हो । सिडः कमिटिको सामान्य सुझाव नं. २८ ले  महिलाका लागि आत्मनिर्भर मानव अधिकार संस्थाको भूमिका

उजागर गरेको छ । नेपालको हकमा यो दायित्व राष्ट्रिय मानव अधिकार आयोगमाथि छ । सरकारको दायित्व सुनिश्चित गर्न र संविधानद्वारा प्रत्याभूत गरिएका महिला अधिकारहरूको संरक्षण भए/नभएको कुराको अनुगमनका लागि अझ बढी स्पष्ट भूमिकाको आवश्यकता पर्न सक्दछ । यो काम राष्ट्रिय महिला आयोगको भूमिका र दायित्वलाई अझ विस्तार गरेर गर्न सकिन्छ । तिनलाई महिला अधिकारका उल्लङ्घनहरूको छानबिन गर्ने र नेपालमा महिला अधिकारको अवस्था तथा उनीहरूप्रतिको दायित्व पूरा गर्ने सन्दर्भमा सरकारबाट भएका प्रगति सम्बन्धी वार्षिक प्रतिवेदन जारी गर्ने अधिकार प्रदान गरिनु पर्दछ । महिलाका अधिकारहरूको प्रायः बेवास्ता गरिन्छ महिलाहरूको हितमा हानि पुग्नेगरी तिनका अधिकारहरूलाई सीमान्तीकृत वा सुविधाबाट वञ्चित अन्य समूहका अधिकारहरूमा मिसाइन्छ । त्यसकारण महिलाहरूको अधिकारमाथि पूर्णरूपमा केन्द्रित हुनका लागि महिला अधिकार सम्बन्धी आयोगको गठनलाई प्राथमिकता दिनु उपयुक्त हुनेछ ।

नेपालमा प्रचलित सामाजिक प्रथा, परम्परा र प्रचलन साथै सो अनुसार बनेको महिलाको परिचय, महिलाप्रति गरिने सामाजिक व्यवहार अनि त्यसैबाट परिपोषित नियोजित राज्यका संयन्त्रहरूबाट जानेर वा नजानेर महिलाहरू विभेदित व्यवहारको सिकार भएका छन् । यस्तो स्थितिमा महिलाहरूको समग्र विकास गर्न, राष्ट्रिय मूल धारमा महिलाहरूको प्रभावकारी उपस्थिति गराउन, महिला उत्पीडन तथा महिला हिंसाको अन्त्य गरी लैङ्गिक न्याय कायम गर्न, महिलाका हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्न, राष्ट्रिय जीवनका सबै अवसरहरू र शासन संचालनको सबै निकायहरूमा महिलाहरूलाई समावेशी सिद्धान्तको आधारमा सहभागिताको लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्न, महिला हितको लागि भएका कानुनी व्यवस्थाहरू पालना भए नभएको अनुगमन, कार्यान्वयन गराउन समेतका लागि स्वतन्त्र एवं संवैधानिक हैसियत भएको महिला आयोगको व्यवस्था गर्नुपर्ने विषयमा अब सिद्धान्ततः विवाद छैन । यो तथ्यलाई विधायिकी कानुनद्वारा स्थापित हालको आयोगको हैसियत कानुनी एवं स्वायत्त सरकारी संस्थानजस्तो भएकोले सरकारी नियन्त्रण र हस्तक्षेपको दवावमा स्वतन्त्र र प्रभावकारी रूपमा कार्य गर्न

नसकेको स्थिति तथा विगतको संविधानसभा संवैधानिक निकायको संरचना निर्धारण समितिको निष्कर्ष समेतले पुष्टि गरिसकेको छ । यसरी मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको रूपमा महिला आयोगको स्थापना गरिँदा सो सम्बन्धी सन् १९९१ मा पारित पेरिस सिद्धान्तलाई ध्यानमा राख्नु आवश्यक छ ।

मुख्यतया नेपाली महिलाहरूले उठाउँदै आएका माथि उल्लेखित विषयहरू नेपालको राष्ट्रिय मानव अधिकार आयोगको सन्दर्भमा पनि आयोगको समग्र मूल्य-मान्यता कानुनी संरचना, आयोगको संस्थागत संरचना, यसको कार्यविधि र त्यसको व्यवहारिक अभ्यासलाई हेर्ने हो भने यसले कम चासो र महत्व दिँदै आएको अवस्था छ । साथै राष्ट्रिय मानव अधिकार आयोगसित महिलाका माथि उल्लेखित सवालहरूलाई सम्वोधन गर्न चाहिने विशेष ज्ञान, सीप र विशेषज्ञताको समेत अभाव रहेको छ ।

उल्लिखित पृष्ठभूमिमा भावी संविधानमा संवैधानिक स्वरूपको महिला आयोगको व्यवस्था गर्नु उपयुक्त हुन्छ । कानुनी आयोगको रूपमा रहेको राष्ट्रिय महिला आयोगलाई संवैधानिक हैसियतमा प्रतिस्थापित गर्दा अन्य मानव अधिकार संस्थाका रूपमा रहने संवैधानिक आयोगहरू बीचको क्षेत्राधिकारको सामञ्जस्य सहित यसको स्वतन्त्रता, स्वायत्तता र औचित्यता पुष्टि हुने गरी स्थापित गर्न आवश्यक छ । महिलालाई राजनीतिक र नागरिक हक साथै उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक हक, अधिकारहरूको सम्बर्धन र संरक्षण अनि महिलाहरूको विभेदित स्थितिको अन्त्य गर्दै समानताका आधारमा महिलाहरूको अस्तित्वको प्रत्याभूति कानुन र व्यवहारमा अनुभूत हुने गरी व्यवस्थित गर्नका लागि राज्यको कार्यकारी, व्यवस्थापकीय र न्यायिक निकायको अधिनस्थता नरहने गरी एक स्वतन्त्र , स्वायत्त निकायको रूपमा संविधानमा महिला आयोगलाई मानव अधिकार निकायको रूपमा अलग पहिचान आवश्यक छ । सरकारको व्यवहार तथा काम कारवाहीमा स्वेच्छाचारिता कम गर्न खवरदारी गर्ने, सुशासन र जनउत्तरदायित्व निर्वाह गर्न सचेत गराउन विगतका सिकाइहरूका आधारमा यसको कार्यक्षेत्र, संरचना, कार्यशैलीमा परिपक्व व्यवस्था गरी प्रभावकारी परिणाम ल्याउन सक्ने बनाइनु पनि उत्तिकै आवश्यक छ ।

## ३.३ पेरिस प्रिन्सिपल

मानव अधिकार रक्षाका लागि मानव अधिकार आयोगका के कस्ता सैद्धान्तिक आधारहरू हुनु पर्दछ भन्ने सन्दर्भमा पेरिस सिद्धान्त महत्वपूर्ण छ । मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको रूपमा महिलाहरूका हकहित र अधिकारको सम्बर्द्धन तथा संरक्षणमा महिला आयोगको स्थापना सम्बन्धमा पनि यो सिद्धान्तले उत्तिकै महत्व राख्दछ । यस सिद्धान्तले सबै किसिमका मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरूले निम्न प्रकारको कार्य सम्पादन गर्नु पर्ने गरी निम्नानुसारको स्थितिमा रहेको हुनुपर्ने मान्यता राख्दछ, जो महिला आयोगको लागि पनि लागू हुन्छ । ती सिद्धान्तहरू निम्न छन् :

संरक्षण : उजुरी लिने, अनुसन्धान गर्ने र समाधान गर्ने, विवादमा मध्यस्थता र कृयाकलापहरूको अनुगमन आदि गरी मानव अधिकारको संरक्षण गर्ने तथा

सम्बर्धन : सरकारलाई सल्लाह, सुझाव दिने, नागरिक शिक्षा, तालिम, क्षमता अभिवृद्धि, प्रचार प्रसार, सञ्चार माध्यामसँग सहकार्य आदि गरी महिला मानव अधिकारको सम्बर्धन तथा प्रवर्द्धन गर्ने ।

**क) कार्यादेश** : मानव अधिकार सम्बन्धी कार्य गर्ने आयोगको कार्यादेश विश्वव्यापी मानव अधिकारको मापदण्डका आधारमा वृहद् र व्यापक भएको हुनु पर्दछ । कतिपय अवस्था कुनै विशेष वर्ग र मुद्दालाई विषय बनाएर पनि आयोग गठन गरिने प्रचलन रहेको हुन्छ जस्तै विभेद उन्मूलन आयोग, महिला आयोग आदि । तर यस्ता आयोगले पनि माथि उल्लिखित काम गर्नु पर्ने र यसका लागि आवश्यक सबै विस्तृत कार्यादेश भएको हुन आवश्यक मानेको छ । आयोगको आफ्नो कार्यादेश परिपालना गर्न सक्ने हुनु आवश्यक छ ।

**ख) स्वतन्त्र र स्वायत्त** : मानव अधिकार आयोग गठनका प्रावधान राष्ट्रिय ऐन वा संवैधानिक रूपमा नै व्यवस्था गरिनुपर्दछ । यसरी ऐन तथा संवैधानिक व्यवस्था अन्तर्गत् नै गठन भएका मानव अधिकार आयोगले मात्र सरकार र गैरसरकारी क्षेत्रका अन्य निकायहरूको कार्यसम्पादन तथा मानव अधिकार सम्मानको स्थिति अनुगमन र पालनाको लागि कारवाही गर्न सक्दछ ।

मानव अधिकार आयोगहरू सरकारी तथा गैरसरकारी एवम् राजनीतिक तथा निजी क्षेत्रको प्रभाववाट बिल्कुलै स्वतन्त्र र स्वायत्त रहनुपर्दछ । यस्ता आयोगको स्वतन्त्रता र स्वायत्ततामाथि अंकुश लगाउने कुनै पनि किसिमको कानुनी, नीतिगत, आर्थिक र संरचनागत आधाारहरू खडा गरिनुहुँदैन । मानव अधिकार आयोगहरूले आफ्नो कार्य सम्पादन अर्न्तराष्ट्रिय मानव अधिकार महासन्धि, राज्यका प्रचलित कानुनहरू तथा संवैधानिक आधारहरूमा रही स्वविवेकले गर्न पाउने कानुनी, नीतिगत, संरचनागत तथा अन्य आधारहरू खडा गरिनुपर्दछ ।

मानव अधिकार आयोगलाई आफ्नो निकायगत/संस्थागत स्वतन्त्रता साथै त्यसमा कार्यरत कर्मचारी तथा आयुक्तहरूको स्वायत्तता र स्वतन्त्रताको सम्मान समेत गरिनुपर्दछ । यसका लागि आयोगका सदस्य र कर्मचारीहरूमाथि आयोगको क्षेत्राधिकार प्रयोग गरेको कारण कुनै कानुनी कारवाही हुन नसक्ने कानुनी व्यवस्था गरिनु आवश्यक हुन्छ । उनीहरूको व्यक्तिगत सुरक्षाको प्रत्याभूति तथा उनीहरूमाथि सरकारी तथा अन्य पक्षले पार्न सक्ने अनुचित प्रभाव तथा डरहरूबाट मुक्त राख्नुपर्दछ ।

**ग) राज्यबाट पर्याप्त स्रोतको परिचालन**: मानव अधिकार आयोग संचालनको प्रमुख स्रोत सरकारी आर्थिक सहयोग हो । सरकारले मावन अधिकार आयोगका कार्यसम्पादन गर्न पर्याप्त आर्थिक तथा मानवीय एंव प्राविधिक स्रोतहरूको विनियोजन र उपलब्ध गराउनुपर्दछ । मावन अधिकार आयोगले विशेष जनचेतना क्षमता विकास तथा अन्य सुधारका कार्यहरू गर्न निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय सहयोगहरू लिन सक्दछ तर यस्ता सहयोगहरू निःशर्त र मानव अधिकारको कार्यक्षेत्र र अधिकारलाई प्रभावित पार्ने प्रकृतिको हुनुहुँदैन ।

**घ) अनुन्धान सम्बन्धी पर्याप्त अधिकार** : आयोगमा परेका उजुरीहरूको निष्कर्षसम्म पुग्ने कार्यमा कहीं कतैबाट बाधा अवरोधको अवस्था सिर्जना गरिएको हुनु हुँदैन । अनुसन्धानको लागि आवश्यक पर्ने स्थलगत भ्रमण, साक्षी बुझ्ने, प्रमाणहरू जुटाउने लगायतका सबै कार्यहरू गर्न पाउने अधिकार आयोगमा सुनिश्चित रहेको हुनु पर्दछ ।

**ङ) समावेशी र प्रतिनिधिमूलकः** मानव अधिकार आयोगमा समाजका विभिन्न पक्षहरूको समान र सहभागितामूलक प्रतिनिधित्व हुनुपर्दछ। यसले समाजका जातजाति, लिङ्गीय, भौगोलिक, तथा पेशागत प्रतिनिधित्वलाई सकेसम्म समेट्न गर्न सक्नुपर्दछ।

**च) सरकारी तथा व्यवस्थापिकाको सल्लाहकार हैसियतः** कतिपय देशहरूमा सरकारका प्रतिनिधि तथा व्यवस्थापिकाका प्रतिनिधि पनि मानव अधिकार आयोगमा रहन सक्ने व्यवस्था रहेका छ, तर यस्तो अवस्थामा यसरी सरकारी तथा व्यवस्थापिकाको प्रतिनिधित्वको व्यवस्था मानव अधिकार आयोगका नियमित कार्य सम्पादनमा नभई केवल सल्लाहकार हैसियतमा मात्र प्रतिनिधित्व गर्न सक्दछन् र आयोगको कार्यसम्पादन तथा निर्णयहरू उनीहरूले प्रभावित पार्न पाइँदैन।

## ३.४ महिला आयोगका सम्बन्धमा संवैधानिक राजनैतिक संवाद तथा सहमति समितिले प्रस्ताव गरेका मुख्यमुख्य व्यवस्थाहरू

**(क) संरचनात्मक व्यवस्था**

**गठन स्वरुप** : नेपालमा एक संघीय महिला आयोगको हुनेछ, जसमा एकजनाअध्यक्ष र अन्य चारजना सदस्यहरू रहनेछन्।

**योग्यताः** संघीय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

- कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला,
- अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी हासिल गरेको,
- कम्तीमा चालिस वर्ष उमेर पूरा गरेको,
- नियुक्ति हुँदाका वखत कुनै राजनैतिक दलको सदस्य नरहेको,
- उच्च नैतिक चरित्र एवम् सामाजिक प्रतिष्ठा कायमा भएको,

- पदावधिः संघीय महिला आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुनेछ। निजहरूको एक कार्यकालको लागि पुनर्नियुक्ति हुन सक्नेछ।
  तर,
- सो अवधि पूरा हुनु अगावै संघीय महिला आयोगका अध्यक्ष र सदस्यको उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन।
- संघीय महिला आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायधीश सरह समान आधारमा र समान तरिकाले सो पदवाट हटाउन सकिनेछ।
  पद रिक्त भएको मानिनेः
- निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा
- उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा
- निजको मुत्यु भएमा

संघीय महिला आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरू कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् र निजहरू वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन्।

**सरकारी सेवामा ग्राह्य नहुने** : संघीय महिला आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन। तर

- महिला आयोगको सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ।
- कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी**

- महिलाको हकहितसँग सरोकार राख्ने संघीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने ।
- महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने ।
- राज्यका सबै अङ्गमा समानुपातिक सहभागिता लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने ।
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने ।
- कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन** :

संघीय महिला आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य, समिति, उपसमिति वा आयोगका अधिकृतस्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्ने ।

**(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

संघीय महिला आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेस गर्ने व्यवस्था गर्नेछ ।

## ३.५ संविधानसभाको राजनैतिक संवाद र सहमति समितिले प्रस्तुत गरेको अवधारणा पत्रमा रहेका विचारणीय पक्ष

यस समितिले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाउनुपर्ने भनी सहमति जनाएको छ । जुन नेपाली महिला आन्दोलनका निमित्त एक महत्वपूर्ण उपलब्धि हो । प्रस्तावित व्यवस्थाले यसको स्वतन्त्रता, स्वायत्तता तथा निरन्तरताजस्ता महत्वपूर्ण विषयहरूलाई सम्वोधन गर्ने प्रयत्न गरेको छ । यत्ति हुँदाहुँदै पनि यसमा केही विचारणीय पक्ष रहेको छ, जुन निम्न रहेका छन्:

- यो अवधारणापत्रमा संघीय महिला आयोगलाई मात्र संवैधानिक आयोगको रूपमा परिकल्पना गरी प्रदेश स्तरको महिला आयोगको वारेमा केही वोलेको छैन , जुन राज्यका जसले एकिकृत संघीय आयोगको व्यवस्था नगरी प्रदेश स्तरमा छुट्टै प्रादेशिक कानुनअनुसार स्वायत्त आयोग गठनको यवस्थालाई प्रस्तावित गरेको हो वा एकीकृत प्रकृतिको आयोगको परिकल्पना गरेको हो भन्ने सम्बन्धमा प्रष्ट देखिँदैन ।
- यसरी प्रादेशिक महिला आयोगको वारेमा संविधानमा प्रष्ट नभएमा भोलि यसको अन्तरसम्वन्ध, क्षेत्राधिकार कस्तो रहने भन्ने विषयमा विवाद उत्पन्न हुन सक्दछ ।

## ३.६ भारतीय अनुभव

भारतमा धेरै पहिलादेखि स्वतन्त्र महिला आयोगको स्थापनाको माग भइरहे पनि[२९] THE NATIONAL COMMISSION FOR WOMEN ACT, 1990, 30-8-1990 मा बनेपछि सो विधायिकी ऐनअनुसार 31-1-1992 मा आयोगको गठन भएपछि स्थापना भएको हो । उक्त ऐनको दफा ३ अनुसार भारतको केन्द्रीय सरकारले आयोगको गठन गर्दछ र यो ऐनअनुसार यसलाई भारतभरको क्षेत्राधिकार प्राप्त छ । राज्यस्तरको महिला आयोगको सम्बन्धमा यो ऐनले व्यवस्था गरेको छैन । तर २८ वटा राज्य र ७ वटा Union territories मा राज्यको विधानसभाले बनाएको छुट्टाछुट्टै विधायिकी ऐनहरू बनाइएका छन् । मध्यप्रदेशमा 'मध्यप्रदेश राज्य महिला आयोग अधिनियम, १९९५' महाराष्ट्रमा The Maharashtra State Commission for Women Act, 1993, केरलामा The Kerala Womens Commission Act, 1990, 'छत्तीसगढमा राज्य महिला आयोग अधिनियम, १९९५' लाई उदाहरणको रूपमा लिन सकिन्छ । यसबाट केन्द्रीय महिला आयोग र राज्यस्तरको महिला आयोगहरूको बीचमा स्पष्ट कानुनी सम्बन्ध नभएको अवस्था छ । यी दुवै तहका आयोगहरू विधायिकी कानुनी हैसियत (Statutory Body) भएका छन् । केन्द्रीय महिला आयोगको गठन गर्ने सम्बन्धमा भारत सरकारले महिला अधिकारकर्मीहरूसँग February, 1990 मा र 8 July, 1990 मा गरेको छलफलमा आयोगलाई संवैधानिक बनाउनुपर्ने, आयोगको प्रतिवेदन सोझै राष्ट्रपतिलाई बुझाउने व्यवस्था हुनुपर्ने, आयोगको स्वायत्तताको सुनिश्चितता हुनुपर्नेजस्ता माग भएको थियो ।[३०] तर उक्त ऐनले आयोगलाई कानुनी हैसियतको मात्र बनायो र अन्य केही मागहरू पनि पूरा गरिएन । सो ऐनअनुसार केन्द्र सरकारले i) Management or Organisational structure or Sociological Movement, को विज्ञ वा ii) भारतीय निजामती

[२९] The demand for setting up a National Commission for Women was raised for the first time by the Committee on the Status of Women in India in 1974, which brought out first exhaustive report on the status of women in India after independence. (NCW Report, p.8)

[३०] NCW Report, pp. 12-13

सेवाको उपयुक्त अनुभव भएको सदस्य वा पदाधिकारीलाई सदस्य-सचिवमा नियुक्त गर्नसक्ने व्यवस्था गरेको छ ।[31] आयोगको लागि आवश्यक अधिकृत तथा कर्मचारी केन्द्र सरकारले आपूर्ति गर्ने,[32] ऐनको उद्देश्य पूरा गर्न केन्द्र सरकारको संसदले कानुनद्वारा पारित गरेको बजेट आयोगलाई उपलब्ध गराउने,[33] आयोगले सरकारले महालेखा नियन्त्रक तथा लेखापरीक्षकको सल्लाहमा तयार गरेको ढाँचामा लेखा राख्नुपर्ने र भारतको महालेखा परीक्षकबाट लेखापरीक्षण हुने,[34] आयोगले आर्थिक विवरणसहितको वर्षिक प्रतिवेदन तयार गरी सरकारसमक्ष बुझाउनुपर्ने र सरकारले आयोगले सिफारिस गरेको कुनै काम पूरा गर्न नसकेको भए सोको कारणसहित उक्त प्रतिवेदनलाई संसदमा प्रस्तुत गर्नुपर्ने,[35] महिलालाई प्रभावित गर्ने मुख्य नीति निर्माण गर्दा सरकारले आयोगको परामर्श लिनुपर्ने,[36] सरकारले उक्त ऐनको उद्देश्य पूरा गर्न आवश्यक नियम बनाउनसक्ने[37] जस्ता व्यवस्थाहरू उक्त ऐनमा गरिएको छ ।

- आयोग संवैधानिक नभएकाले, सरकारले आयोगका पदाधिकारीहरू नियुक्त गर्दा राजनीतिक दलको पितृत्व (Patronage) रहेकोले आयोग पर्याप्त स्वायत्त हुन नसकेको, राज्यस्तरका आयोगहरूसँगको कानुनी सम्बन्ध नभएको, ऐनमा सचिव मात्र व्यवस्था नगरी सदस्य-सचिवको व्यवस्था भएकाले सरकारले नियुक्त गर्ने सदस्य सचिव र अध्यक्ष दुईवटा शक्तिकेन्द्रजस्तो भएको भन्नेजस्ता आलोचना हुने गरेको पाइएको छ ।

## ३.७ राष्ट्रिय महिला आयोगको भावी स्वरूप

माथि उल्लेखित वर्तमान राष्ट्रिय महिला आयोगको स्वरूप, यसको संरचना र व्यवहारमा देखिएका चुनौती एवम् विश्वव्यापी रूपमा स्वतन्त्र मानव अधिकार

31 THE NATIONAL COMMISSION FOR WOMEN ACT, 1990, Section 2(C)
32 Ibid, Section 5
33 Ibid, Section 11
34 Ibid, Section 12
35 Ibid, Sections 13 & 14
36 *Ibid*, Section 16
37 *Ibid*, Section 17

सम्वन्धी संयन्त्रहरूको आवश्यकतालाई दिइएको जोड, त्यसका निमित्त तय गरिएका अन्तर्राष्ट्रिय मानकहरू, भारतीय अनुभव र नेपालमा अभ्यास भइरहेका स्वतन्त्र मानव अधिकार संयन्त्रहरूको अनुभव र नेपाली महिलाहरूले यस प्रकारको संरचनाको आवश्यकतालाई उठाउँदै आएको सन्दर्भ समेतलाई मध्यनजर राख्दा नेपालमा संवैधानिक राष्ट्रिय महिला आयोगको आवश्यकतामा दुई मत छैन । यस सन्दर्भमा नेपालको संविधान सभाको राजनैतिक संवाद तथा सहमति समितिले समेत यस विषयलाई प्रस्तावित गरिसकेको अवस्था छ ।

मूलतः मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा महिलाका आवश्यकता र सरोकारहरूको निगरानी गर्ने एक विशेषज्ञ निकायको रूपमा महिला आयोगलाई लिइन्छ । यस परिप्रेक्ष्यमा संवैधानिक राष्ट्रिय महिला आयोगको गठन गर्दा अवलम्बन गर्नुपर्ने योग्यता निर्धारण, नियुक्ति विधि र प्रकृया, कर्मचारी व्यवस्था, आर्थिक अधिकार साथै आफूलाई प्राप्त कार्यक्षेत्रमा काम गर्न आवश्यक अधिकार र गरेको सिफारिस, सुझाव, निर्देशन आदिमा अन्य मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरूलाई एकै प्रकारको मापदण्डको आधारमा व्यवहार गर्ने गरी निम्न व्यवस्था हुन आवश्यक देखिन्छ :

**क) सवैधानिक संरचना**

परम्परागत मानव अधिकार सम्बन्धी तटस्थताको अवधारणबाट महिला अधिकार सम्बन्धमा राज्यले गरेका कानुनी सुधार वा कार्यक्रमले लामो कालदेखि राजनीतिक, नागरिक, आर्थिक, समाजिक र सांस्कृतिक विभेदमा रहेका महिलाहरूमा लैङ्गिक न्याय स्थापित गर्न नसक्ने र नसकेको हुँदा लैङ्गिक न्यायका दृष्टिकोणबाट सरकारी काम कारबाही र व्यवहारको निगरानी गर्न र परम्पराका नाममा महिलामा गरिने विभेद जन्य स्वेच्छाचारीतामा अङ्कुश लगाउन सक्ने स्वतन्त्र हैसियतको संवैधानिक महिला आयोग हुनु आवश्यक छ । मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रको रूपमा महिला सम्बन्धी संवैधानिक आयोग निर्माण गर्दा संविधानवादले स्वीकार गरेको सिद्धान्त अनुकूल केन्द्र र प्रदेश स्तरमा रहने व्यवस्था गर्दा यी आयोगले आवश्यक स्वायत्तता र कार्यगत स्वतन्त्रता प्राप्त गर्दछन् । संघीय आयोगमा

अध्यक्षसहित पाँच पदाधिकारी र प्रदेश स्तरको आयोगमा अध्यक्ष सहित तीनजना पदाधिकारी (समावेशिताका सिद्धान्तलाई अपनाउँदा एक पुरुषलाई समावेश गर्ने) साथै स्थानीय स्तरमा आवश्यकताअनुसार आयोगको कार्यालय स्थापना गर्नसक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । आयोगले विभिन्न कार्यसमितिहरू बनाई आफ्नो उद्देश्यअनुसार काम गर्ने अधिकार कानुनद्वारा निर्धारण गर्न आवश्यक हुन्छ । यसरी कार्यसमितिहरू बनाउँदा आवश्यकता अनुसार सरकारी कार्यालयका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्य वा पदेन सदस्यका रूपमा विभिन्न कार्यसमितिमा राखी उनीहरूसित आवश्यकताअनुसार कार्यगत एकता गरी कार्य गर्न सक्ने बनाउनु पनि कतिपय अवस्थामा आवश्यक रहन्छ । तर यसो गर्दा आयोगको स्वतन्त्रता, स्वायत्तता र निश्पक्षतालाई कसरी कायम राख्ने भन्ने विषयमा सचेत रहन अत्यन्त आवश्यक हुन्छ । अन्यथा यसले आयोगको स्वतन्त्रता र स्वायत्तमा कार्यकारिणी निकायहरूको हस्तक्षेप र प्रभाव बढ्न सक्ने अवस्था रहन्छ ।

संघीय राज्यप्रणालीअनुसार आयोगको स्थापना गर्दा संघीय आयोग र प्रदेशस्तरको आयोगको संरचनालाई सामान्यतया दुई किसिमका संरचनाहरूमध्ये कुनै एक किसिमको संरचनामा बनाउन सकिन्छ । ती संरचनात्मक स्वरुपका निम्न विकल्प छन् :

**विकल्प–१ एकीकृत महिला आयोग**

**विकल्प–२ स्वायत्त महिला आयोग**

### विकल्प–१ एकीकृत महिला आयोग

संघीय राज्यप्रणाली अनुसार आयोगको स्थापना गरिए पनि आयोगको काम कारवाहीमा एकरुपता र आयोगको कामको प्रभावकारिताको लागि संघीय र प्रदेशस्तरको आयोगको संरचनालाई एकीकृत स्वरुपको बनाउनु उपयुक्त हुन्छ ।

संघीय राज्यप्रणालीमा केन्द्रीय स्तरमा र प्रदेश स्तरमा महिला आयोगहरू रहन्छन् । यी दुई आयोगहरूलाई संवैधानिक हैसियतका बनाउन सकिन्छ र बनाउनु

आवश्यक पनि छ । यसरी स्थापित दुई तहका आयोगहरूको कार्यगत सम्बन्ध रहेको हुन्छ । प्रदेशस्तरको आयोग संघीय आयोगे अन्तर्गत् रहने र प्रदेशस्तरका विशेष विषयवस्तुमा स्वायत्तता रहने, कर्मचारीहरू एकअर्कामा सरुवा हुने, साझा नीति निर्माण, योजना तथा योजना कार्यान्वयनको विषयमा केन्द्रले आवश्यक निर्देशन गर्नसक्ने, सबै प्रदेश स्तरीय आयोगहरूलाई संघीय आयोगले समन्वय गर्न सक्ने, संघीय आयोगले प्रादेशिक आयोगको निरीक्षण गर्नसक्ने, संघीय नीति र कार्यक्रम राज्यस्तरको आयोग मार्फत् लागू गराउन सक्ने, हालको अदालती संरचनाजस्तो प्रकृतिको आयोग निर्माण गरिएमा यसलाई एकीकृत स्वरुपको महिला आयोग भन्न सकिन्छ । यस्तो प्रकृतिको आयोगमा संघीय बजेट संघीय आयोगमार्फत जाने वा सोझै प्रादेशिक आयोगलाई विनियोजन गर्ने दुवै तरिका अपनाउन सकिन्छ ।

**एकीकृत महिला आयोगका संभावित  सवल र कमजोर पक्षहरू**

| सि.नं. | सबल | कमजोर | कैफियत |
|---|---|---|---|
| १. | संघ र विभिन्न प्रदेशमा समान विषयमा नीतिगत एकरुपता कायम हुन सक्छ । | प्रदेशसँग सम्बन्धित विशेष प्रकृतिका विषयमा स्वायत्तताको संवैधानिक सुनिश्चितता भए पनि व्यवहारमा प्रदेश स्तरको आयोग संघीय अयोगको शाखाजस्तो भई स्वायत्ततामा संकुचन हुने जोखिम रहन्छ । | |
| २. | संघीय नीति तथा योजना कायान्वयन गर्न छुट्टै संस्थागत संरचनाको आवश्यकता पर्दैन । | कर्मचारी व्यवस्थापन तथा बजेटमा संघीय आयोगको अनुचित नियन्त्रणको जोखिम रहन्छ । | |
| ३. | अनुभवी कर्मचारीहरूलाई केन्द्र र विभिन्न राज्यहरूमा | कार्यसम्पादन गर्न आयोगको सस्थागत अन्य प्रदेशस्तरका | |

| | | |
|---|---|---|
| सरुवा गरी व्यवस्थापन गर्न सकिन्छ ।<br>४. संघीय आयोगले राज्यस्तरको आयोगको काम कारावाही निरीक्षण गरी कार्यसम्पादनको सुधारको लागि सुझाव दिन सक्दछ ।<br>५. संघीय आयोगले संघीय बजेटको समानुपातिक विनियोजनको लागि भूमिका निर्वाह गर्न सक्दछ ।<br>६. संघीय आयोगले विभिन्न प्रदेश स्तरबाट हुने काम कारवाहीको समन्वयन गर्न सक्दछ ।<br>७. तुलनात्मक रूपमा कम खर्चिलो हुन्छ ।<br>८. संघीय आयोगसँग क्षेत्राधिकारको विवाद हुँदैन । | आयोगसँगको प्रातिस्पर्धात्मक क्षमता कमजोर हुन्छ ।<br>केन्द्रमा रहेको राज्यशक्तिलाई तल निसृत गर्ने प्रक्रियालाई कमजोर बनाउने जोखिम रहन्छ ।<br><br>प्रदेश सरकारले बजेट लगायतका स्रोत साधन उपलब्ध गराउने विषयमा अनुदार हुने सम्भावना रहन्छ । | |

## विकल्प–२ स्वायत्त महिला आयोग

यसमा दुई तहका आयोगहरू संवैधानिक हैसियतका हुन्छन् । एक अर्काप्रति उत्तरदायी रहँदैनन् । प्रत्येक प्रदेशको आयोग संघीय आयोगबाट पूर्णतः स्वतन्त्र हैसियतमा रहन्छन् र उनीहरूबीचको सम्बन्ध उनीहरूले स्थापित गरेको हदसम्म रहन्छ । संघीय आयोगले आफ्ना योजना लागू गर्न प्रदेशस्तरको आयोगसँग समन्वय गर्न र सहयोग लिनसक्ने भए पनि यो क्षेत्राधिकारको विषयवस्तु बन्दैन । दुवै

आयोगका आफ्ना-आफ्नै कर्मचारीहरू रहन्छन् र तिनीहरूको एकआपसमा वा प्रदेश-प्रदेशमा सरुवा हुन सक्दैन । संघीय बजेट सोझै प्रदेश आयोगलाई विनियोजन हुन्छ वा प्रदेश स्वयंले यसको व्यवस्था गर्छ । हाल भारतमा संघीय विधायिकी कानुनले संघीय आयोग र राज्य विधायिकी कानुनले राज्यस्तरको महिला आयोगको स्थापना गरेकोले त्यहाँका प्रदेशस्तरका आयोगहरू संघीय आयोगबाट पूर्णतः स्वायत्त छन् ।

संघीय राज्यमा शक्तिको डिभोलुसन (पावर डिभोलुसन) को मान्यतालाई आत्मसात् गर्ने हो भने भारतको अनुभवमा आधारित स्वायत्त महिला आयोगको मोडललाई पनि अगाडि सार्न सकिन्छ । स्वायत्त महिला आयोगलाई आत्मसात् गर्दा पनि केन्द्रीकृत आयोगको संरचनाका आधारभूत मान्यताहरू जस्तो आयोगको समावेशीता, आयोगको स्वायत्तता र स्वतन्त्रता, आयोगको दायित्व र कर्तव्य , पदाधिकारीको योग्यता, नियुक्तिको लागि सिफारिस गर्ने निकाय र नियुक्ति प्रक्रिया , जनशक्तिको नियुक्ति तथा  व्यवस्थापन, आयोगको आर्थिक स्रोत राज्यका अन्य निकायहरूसँग आयोगको सम्बन्ध, समन्वय तथा संचार, आयोगको प्रतिवेदन जस्ता विषयहरूमा एकिकृत प्रणालीको मोडलमा प्रस्तावित गरेका आधारभूत मान्यताहरू स्वायत्त महिला आयोगको सन्दर्भमा पनि उत्तिकै आकर्षित र महत्वपूर्ण रहन्छ । त्यसकारण यसमा पनि पेरिस प्रिन्सिपल, सिडको सामान्य सुझाव तथा स्वतन्त्र मानव अधिकार संयन्त्रका आधारभूत चरित्रहरूलाई आत्मसात् गर्नुपर्ने हुन्छ ।

यस प्रकारको संरचनामा मात्र संघीय संरचना र राज्यस्तरको संरचनावीचको सम्वन्ध बढी स्वतन्त्र र स्वायत्त हुन्छ ।

**स्वायत्त महिला आयोगका  संभावित सबल र कमजोर पक्षहरू**

| सि.नं. | सबल | कमजोर | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश स्तरका आयोगहरू संवैधानिक एवम् व्यावहारिक रूपमा बढी स्वायत्त रहन्छ । | संघ र विभिन्न प्रदेशमा समान विषयमा नीतिगत एकरुपता कायम गर्न नसकिने अवस्था हुन सक्छ । | |

| | | | |
|---|---|---|---|
| २. | कर्मचारी व्यवस्थापन तथा बजेटमा संघीय आयोगको अनुचित नियन्त्रणको जोखिम हुँदैन । | संघीय नीति तथा योजना कार्यान्वयन गर्न छुट्टै संघीय आयोगलाई छुट्टै संस्थागत संरचनाको आवश्यकता पर्न सक्दछ । | **कैफियत** |
| ३. | आयोगको संस्थागत अन्य राज्यस्तरका आयोगसँगको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न प्रदेशस्तरको आयोग आफैं जिम्मेवार हुन्छ । | अनुभवी कर्मचारीहरूलाई केन्द्र र विभिन्न प्रदेशहरूमा सरुवा गरी व्यवस्थापन गर्न सकिने सम्भावना समाप्त हुन्छ । | |
| ४. | राज्यशक्तिलाई तल निसृत गर्ने प्रक्रियालाई तुलनात्मक रूपमा बढी सहयोग पुग्दछ । | संघीय आयोगबाट पाउन सकिने सहयोग र सुझावहरू कम हुन्छ । | |
| ५. | राज्य सरकारले बजेट लगायतका स्रोत साधन उपलब्ध गराउने विषयमा अनुदार हुने सम्भावना रहँदैन । | विभिन्न प्रदेशस्तरबाट हुने काम कारवाहीको समन्वयन गर्ने संरचनाको अभाव हुन्छ । | |
| ६. | | तुलनात्मक रूपमा खर्चिलो हुन्छ । | |
| ७. | | कार्य सम्पादन गर्ने सन्दर्भमा संघीय आयोगसँग दोहोरोपन तथा क्षेत्राधिकारको विवाद हुनसक्दछ । | |

**ख) संघीय राज्यमा आयोगको तहगत संरचना**

संघीय राज्यमा आयोगको तहगत संरचना एकीकृत प्रकृतिको  हुनु उपयुक्त हुन्छ । संघीय आयोग तथा राज्यस्तरका आयोगहरूको नीति निर्माण तथा

कार्यसम्पादनमा एकरुपता र प्रभावकारीताको लागि यस्तो संरचना आवश्यक हुन्छ । तर राज्यस्तरका आयोगलाई आफ्नो राज्यभित्रको विशेष प्रकृतिका विषयमा नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्न राज्य सरकारलाई सिफारिस गर्न सक्ने क्षेत्राधिकारको व्यवस्था गरी संघीयताको औचित्य रहने व्यवस्था गरिनु पर्दछ । आफ्नो राज्यको क्षेत्राधिकारभित्र पर्ने भूभागलाई समेट्ने गरी जिल्ला वा स्थानीयस्तरमा आवश्यकता अनुसार प्रादेशिक तहका आयोगका कार्यालयहरू स्थापना गर्न सकिने व्यवस्था गर्दा आयोगको स्थानीय तहसम्म प्रभावकारी पहुँच रहन्छ । समग्रमा संघीय महिला आयोग, प्रादेशिक स्तरको महिला आयोग र स्थानीय तहमा महिला आयोगको कार्यालयको स्थापना गरी एकीकृत तहगत संरचना निर्माण गर्नु उपयुक्त हुन्छ । यद्यपि माथि चर्चा गरिएझैं एकीकृत र स्वायत्त आयोगको सबल र कमजोर पक्षका वारेमा अझ छलफल र विमर्श गरी निष्कर्षमा पुग्नु आवश्यक हुन्छ । यसका निमित्त भारतबाहेक अन्य संघीय स्वरुप भएका देशहरूको अनुभवलाई पनि हेर्न आवश्यक हुन्छ । यसले विवेकशील निर्णय गर्न सघाउँदछ ।

### ग) संघीय आयोग र प्रदेशगत आयोगको अन्तर्सम्बन्ध

आयोगको तहगत संरचना एकिकृत प्रकृतिको हुनु उपयुक्त भएकाले संघीय आयोग र प्रदेशस्तरको आयोगको अन्तरसम्बन्ध ठाडो (Vertical) प्रकृतिको र प्रदेशगत आयोगहरूको अन्तरसम्बन्ध समस्तरको (Horizontal) प्रकृतिको रहन्छ । प्रदेशगत आयोगहरूलाई एकअर्काका नीतिगत निर्णयहरू र काम कारवाहीहरू अनुनयात्मक (Persuasive) प्रकृतिका हुन्छन् भने संघीय आयोगको नीतिगत निर्णयहरू र काम कारवाहीहरू प्रदेशस्तरको आयोगको लागि बाध्यात्मक (Binding) हुन्छन् । तर राज्यस्तरको आयोगलाई स्थानीय विशेष प्रकृतिका सम्बोधन गरिनुपर्ने विषयमा नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने संवैधानिक अख्तियारीको सुनिश्चितता हुनु आवश्यक छ ।

एकीकृत आयोगको व्यवस्था भएको अवस्थामा आम महिलाको चासो, सरोकार र मर्यादाको विषयमा नीतिगत व्यवस्थाको लागि पहल कदमी गर्ने, अन्तर्राष्ट्रिय

दायित्व निर्वाह सम्बन्धमा प्रदेशस्तरका सूचनाहरू समेतको आधारमा अन्तराष्ट्रिय प्रतिवेदन तयार पार्ने, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्पर्क र सहयोग अभिवृद्धि गर्ने सम्बन्धमा प्रमुखरूपमा कार्य गर्नु पर्ने हुन आवश्यक छ भने स्वायत्त आयोगको संरचना भएको अवस्थामा विशिष्ट प्रादेशिक चरित्रको विषयमा प्रादेशिक आयोगलाइ नै जिम्मेवारी हुने गरी अन्यको हकमा एकीकृत आयोग संरचना जस्तै सम्वन्ध हुनु आवश्यक छ ।

**घ)समावेशीता**

संघीय र प्रादेशस्तरका आयोगको गठन समावेशीताको आधारमा हुनु उपयुक्त हुन्छ । आयोग समावेशी भएमा समावेशी प्रतिनिधित्वको आधारमा यसको कार्य अझ प्रभावकारी हुने सम्भावना रहन्छ । यसलाई सुनिश्चित गर्न आयोगको अध्यक्ष वा सदस्यहरूको नियुक्ति गर्दा एउटा समुदाय वा वर्गबाट एकजनाभन्दा बढीको प्रतिनिधित्व हुन नसक्ने व्यवस्था गर्न सकिन्छ ।

**ङ). आयोगको स्वायत्तता र स्वतन्त्रता**

आयोग संगठनात्मक र कार्यगत रूपमा पूर्ण स्वायत्त र स्वतन्त्र हुनुपर्दछ । संवैधानिक आयोगको रूपमा स्थापना भएमा यसले धेरै हदसम्म स्वायत्तता र स्वतन्त्रता प्राप्त गर्न सक्दछ । तर स्वायत्तता र स्वतन्त्रताका मानकहरूलाई संविधानमा नै उल्लेख गरिनु पर्दछ ।

- कार्यगत स्वतन्त्रतालाई व्यवहारिक रूपमा प्रयोग गर्नको लागि सरकारले वा संसदले अनुचित बजेटीय नियन्त्रण गर्न नसक्ने व्यवस्था हुनु पर्दछ । आयोगको खर्च सञ्चित कोषमा व्ययभार हुने व्यवस्था गरिनु पर्दछ ।
- आयोगका पदाधिकारीहरूको पदावधि, सेवाका सर्त, सुविधा, काम, कर्तव्य र अधिकार, बरखास्तीका आधारहरू तथा प्रक्रिया संविधानमा नै उल्लेखित हुनु पर्दछ ।
- आयोगका पदाधिकारीहरूलाई जनतासमक्ष उत्तरदायी बनाउनको लागि निश्चित आधारमा व्यवस्थापिकाको दुई तिहाईको बहुमतले महाअभियोगको

प्रस्ताव पारित गरेको अवस्थामा पदबाट मुक्त गर्ने अन्यथा तोकिएको अवधिसम्म पदमा बहाल रहनसक्ने व्यवस्था हुनुपर्दछ ।

- आयोगको मानवसंसाधन व्यवस्थापनमा आयोगको भूमिकालाई निर्णायक बनाइनु पर्दछ ।
- यसको कार्यक्षेत्रमा सरकारबाट सवै किसिमको निर्देशनलाई निषेध गरिएको हुनु पर्दछ ।

**च) जनशक्तिको नियुक्ति तथा व्यवस्थापन (संघीय र प्रदेश)**

संघीय महिला आयोग र प्रदेशस्तरको महिला आयोगमा नियुक्त हुने जनशक्ति सक्षम, प्रतिस्पर्धी क्षमता र उच्च मनोवल भएका हुनु आवश्यक छ । यसका लागि कर्मचारीको आपूर्ति संघीय र राज्यस्तरको लोक सेवा आयोगबाट लिइने परीक्षामा सफलताका मापदण्ड अवलम्बन गरी आयोगबाटै परीक्षण र नियुक्त हुने व्यवस्था गरिनु पर्छ । यस सम्बन्धमा सबै किसिमका मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूको लागि कर्मचारीहरूको सिफारिस र नियुक्तिका लागि छुट्टै व्यवस्था समेत गर्न सकिन्छ । आयोगमा कार्यरत कर्मचारी क्रमशः संघीय र प्रदेशको सरकारी सेवाको हिस्साको रूपमा रहेमा निजहरूको उत्प्रेरणा उच्च रहन्छ । तर आयोगको जनशक्तिको लागि छुट्टै सेवा वा समूह गठन गरी सेवालाई विशिष्टीकृत गर्नु आवश्यक हुन्छ, जसको कारणले आयोगका कर्मचारी सरकारका अन्य निकायहरूमा सरुवा भई जाने सम्भावना रहँदैन । आयोगलाई आपूर्ति गरिने कर्मचारीहरू छनौट गर्ने परीक्षाको पाठ्यक्रम, योग्यता निर्धारण र आयोगका कर्मचारीहरूलाई दिइने तालिमको पाठ्यक्रम आयोगको परामर्शमा निर्धारण गरिने व्यवस्था हुनु उपयुक्त हुन्छ । आफ्ना कर्मचारीहरूको सरुवा लगायतका अन्य व्यवस्थापनको अधिकार सम्बन्धित आयोगमा निहित हुनु पर्दछ ।

यसका अतिरिक्त अल्पकालका लागि विशेषज्ञको रूपमा आयोगले विज्ञहरूको परामर्श वा सेवा लिन चाहेमा आवधिक करार वा कार्यको आधारमा सेवा लिनसक्ने अख्तियारी दुवै तहका आयोगलाई रहनु पर्दछ ।

**छ) आयोगको आर्थिक स्रोत (कोष)**

आयोगको आर्थिक स्रोत सार्वजनिक बजेटबाट प्राप्त हुनुपर्दछ । संघीय तथा प्रदेशस्तरको आयोगको स्वायत्तता र कार्यगत स्वतन्त्रताको सुनिश्चितताको लागि यस्तो बजेट क्रमशः संघीय र राज्यस्तरको सर्वसञ्चित कोषमा सोझै व्ययभार हुने व्यवस्था गरिनु पर्दछ । हाल पदाधिकारीको पारिश्रमिक र सुविधा मात्र सर्वसञ्चित कोषमा व्ययभार हुने व्यवस्था रही आएकोमा सबै खर्चलाई सर्वसञ्चित कोषमा व्ययभार हुने व्यवस्था गरिएमा आयोगमाथि कार्यकारी निकायको बजेटीय नियन्त्रण कम हुन्छ । आयोगले विदेशी संस्था वा निकायसँग आर्थिक रूपमा निर्भर रहने सम्भावनालाई पूर्णतः निषेध गर्नु आवश्यक छ । यदि यस्तो सम्भावना राखिएमा नीति निर्माणको कार्यमा दाताको प्रभाव पर्नसक्ने सम्भावना हुने हुँदा आयोगको स्वतन्त्रतामा आँच पुग्दछ ।

**ज) पदाधिकारीको योग्यता (संघीय र प्रदेश)**

संघीय महिला आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन वा पदमा रहन देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा कम्तीमा पैंतालिस वर्ष र सदस्यको हकमा कम्तीमा चालिस वर्ष उमेर पूरा भएको महिला,

(ग) अध्यक्षको हकमा कुनै बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी दश वर्ष र सदस्यको हकमा कम्तीमा स्नातक गरी सात वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा कानुन वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) कुनै स्वार्थ समूह, गुट उपगुट वा कुनै वैचारिक आस्थामा स्पष्ट खुलेर

नलागेको वा लागेको भए पनि सदस्यको लागि उम्मेदवार हुँदा सो त्याग गरेको हुनु पर्ने ।

प्रदेशस्तरको महिला आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन वा पदमा रहन देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) सम्बन्धित राज्यको नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा कम्तीमा चालिस वर्ष र सदस्यको हकमा पैंतिस वर्ष उमेर पूरा भएको महिला,

(ग) अध्यक्षको हकमा कुनै बिषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सात वर्ष र सदस्यको हकमा कम्तीमा १२ कक्षा उत्तीर्ण भई पाँच वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा कानुन वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) कुनै स्वार्थ समूह, गुट उपगुट वा कुनै वैचारिक आस्थामा स्पष्ट खुलेर नलागेको वा लागेको भए पनि सदस्यको लागि उम्मेदवार हुँदा सो त्याग गरेको हुनु पर्ने ।

**झ). नियुक्तिको लागि सिफारिस गर्ने निकाय र नियुक्ति प्रक्रिया**

सबै उपयुक्त र इच्छुक महिलाले आफ्नो उम्मेदवारी दिन सक्ने अवसर उपलब्ध हुने गरी पारदर्शी प्रकृयाबाट आयोगमा नियुक्ती हुने व्यवस्था गरिनु पर्दछ ।

आयोगका विभिन्न पदमा नियुक्त महिला आयोगको अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्ने निकाय र नियुक्ति प्रक्रिया राज्यको शासकीय स्वरूपमा निर्भर रहन्छ । यदि राष्ट्र प्रमुख कार्यकारी प्रमुख रहने र निजको स्वेच्छामा विधायिकाका सदस्यबाहेकका व्यक्तिहरूबाट सरकार गठन हुने शासकीय स्वरुप अंगिकार गरिएमा संघीय महिला आयोगका अध्यक्ष र सदस्य राष्ट्र प्रमुखबाट नाम प्रस्ताव गरिने र विधायिकाबाट ती नाम अनुमोदन भएपछि राष्ट्र प्रमुखबाट नियुक्ति

हुने । यसैगरी राज्यस्तरको महिला आयोगका अध्यक्ष र सदस्य गभर्नरबाट नाम प्रस्ताव गरिने र राज्यको विधायिकाबाट ती नाम अनुमोदन भएपछि गभर्नरबाट नियुक्ति हुने व्यवस्था गर्दा कार्यकारी निकायको सिफारिस र जनप्रतिनिधिको अनुमोदनमा आयोगको गठन सुनिश्चित हुन्छ ।

यदि हालको जस्तो प्रधानमन्त्री कार्यकारी प्रमुख रहने वा यही मोडलको सामान्य परिवर्तनसहितको विधायिकाका सदस्यहरू कार्यकारी निकायको सदस्य (मन्त्री) हुने शासकीय स्वरुप अंगिकार गरिएमा संघीय महिला आयोगको पदाधिकारीको नाम सिफारिस गर्न हालको संवैधानिक आयोगजस्तै स्वतन्त्र आयोगबाट नाम सिफारिस हुने र सोही बमोजिम राष्ट्र प्रमुखबाट नियुक्ति हुने व्यवस्था गर्दा नियुक्तिमा एकपक्षीय राजनीतिक प्रभावलाई कम गर्न सकिन्छ । तर यसरी नाम सिफरिस गरिएको अवस्थामा विधायिकी अङ्गको अनुमोदन आवश्यक हुँदैन ।

यसैगरी प्रदेशस्तरको महिला आयोगका अध्यक्ष र सदस्य नाम सिफारिस गर्न प्रदेशस्तरको संवैधानिक आयोगजस्तै मुख्यमन्त्री, राज्य विधायिकाको प्रमुख, राज्यको उच्च अदालतको मुख्य न्यायधीश, राज्य विधायिकाको प्रमुख प्रतिपक्षी दलको नेता समेत भएको परिषद गठन गरी सो परिषदको सिफारिसमा प्रदेश का गभर्नरबाट नियुक्ति हुने र यस्तो नियुक्ती प्रक्रियामा प्रदेश विधायिकाको अनुमोदन आवश्यक हुँदैन ।

दुवै आयोगमा एकपटक अध्यक्ष वा सदस्यमा नियुक्त भएका पदाधिकारीको उमेरको हद रहेसम्म पुनर्नियुक्ति सम्भव हुने व्यवस्था गर्दा उपयुक्त हुन्छ । यसैगरी एकपटक अध्यक्ष वा सदस्यमा नियुक्त भएका पदाधिकारीहरू भविष्यमा अन्य सरकारी सेवाको लागि अयोग्य हुने व्यवस्था राखिनु हुँदैन ।

### ञ) आयोगको कार्यादेश र अधिकारक्षेत्र

मूलतः महिला अधिकारहरूको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने कार्यलाई थप अगाडि बढाउनुका साथै महिला अधिकारको साँच्चिकै समावेशी तथा विस्तृत व्यवस्था खडा गर्नका लागि महिलाहरूका अधिकारका सम्बन्धमा हाल विद्यमान संवैधानिक प्रत्याभूतिहरूलाई थप विकसित र सुदृढ पार्न संवैधानिक महिला

आयोगको आवश्यकतालाई नेपाली महिला आन्दोलनले आवश्यक महसुस गरेको विषयमा दुईमत छैन । नयाँ संविधानमा यी आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्ने गरी व्यवस्था गरेर नेपाली महिलाहरूको अधिकार प्रत्याभूति तथा मुलुकको प्रगतिशील वृद्धि तथा विकासलाई सुनिश्चित गर्न सक्नेछ । यसका लागि महिला विरुद्धका भेदभावपूर्ण संरचना र व्यवहार साथै सोबाट सृजित महिला मानव अधिकार उल्लङ्घनमा अङ्कुस लगाउन आवश्यक छ । प्रत्यक्ष कार्यकारी, व्यवस्थापकीय वा न्यायपालिकीय कार्य नगरी ती निकायहरूले गर्ने काम सही र प्रभावकारी रूपमा गराउने अधिकार सम्पन्न क्षेत्राधिकार सहितको भूमिकामा महिला आयोगलाई संविधानमा व्यवस्था गरी महिलाका हक अधिकारको उपभोग र उपयोगको सुनिश्चितताको एक विशेषज्ञ निकायको रूपमा महिला आयोगको व्यवस्था हुनु पर्दछ । यस परिप्रेक्ष्यमा आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुन आवश्यक छ ।

**प्रवर्द्धनात्मक भूमिका** :

- महिलाका हक हितका लागि नँया नीति, कानुनको निमार्ण वा बन्न लागेका नीति, कानूनहरूको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकारलाई सल्लाह, सुझाव दिने,
- सरकारका नीति, कानुन तथा कार्यक्रमहरूको अध्ययन, अनुसन्धान र लैङ्गिक विश्लेषण गरी मापदण्डको निमार्ण गर्ने र सरकारलाई आवश्यक सल्लाह, सुझाव दिने,
- लामो समयको भेदभावका कारण सृजित महिला पुरुषबीचको खाडल र असमानता कम गर्न राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृति पक्षमा गरिनु पर्ने सकारात्मक व्यवस्थाहरू पहिचान गरी कार्यान्वयन गर्न सम्बद्ध निकायलाई राय, सुझाव, परामर्श र सिफारिस गर्ने,
- महिला र बालिकाका हकहित र अधिकारका सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय संयन्त्र अनुमोदन गर्न सरकारलाई सुझाव दिने,
- नेपाल पक्ष भएका अन्तराष्ट्रिय संयन्त्रहरूका व्यवस्थालाई राष्ट्रियस्तरमा

नेपाली महिलाहरूले पनि उपभोग गर्न पाउने गरी महिला र बालिकाका हकहित, अधिकारको प्रवर्द्धनका लागि राष्ट्रिय नीति तथा कानुनको निर्माण, विभिन्न विकास कार्यक्रम तथा योजनाको बारेमा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

- महिला र बालिकाका मानव अधिकार र यसको संरक्षण सम्बन्धमा मानव अधिकार शिक्षा, तालिम दिनेः

**संरक्षणात्मक भूमिका :**

- महिला र बालिकाका हक, हित र अधिकारका लागि राज्यले जारी गरेका नीति, कानुन, कार्यक्रम र अन्य व्यवस्थाको कार्यान्वयनको अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशन दिने,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय संयन्त्रहरूमा भएका अधिकारका व्यवस्था नेपाली महिलाहरूले पनि पाउन सक्ने गरी आवश्यक नीतिगत, कानुनी र अन्य व्यवस्थापकीय व्यवस्था गरे नगरेको आवधिकरूपमा बुझाउनु पर्ने प्रतिवेदन समयमा बुझाए नबुझाएको सम्बन्धमा अनुगमन गर्ने,
- सरकार, निजी क्षेत्र, सामाजिक/राजनीतिक संस्थाका कृयाकलाप, कार्य प्रकृया, कार्यविधि र कार्य वातावरण महिला मैत्री भए नभएको अनुगमन गरी सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने,
- महिला अधिकारबाट वञ्चित वा हिंसाबाट पीडित भएका महिलाहरूको मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन गरी सम्बन्धित पक्षलाई न्याय निरोपण, क्षतिपूर्ति, उपचार, आवश्यक कानुनी सहयोग, मनोसामाजिक परामर्श र संस्थागत पुनर्स्थापना लगायतका विषयमा सम्बन्धित पक्षलाई निर्देशन दिने, सिफारिस गर्ने ।

**अधिकार**

- महिलाका हक, हित र अधिकारको स्थापना तथा भएका वा हुन सक्ने अन्यायका सम्बन्धमा आयोगले अग्राधिकार सहित विषयको उठान गर्न सक्ने,

- माथि उल्लिखित कामहरू सम्पादन गर्न यस आयोगलाई सरोकारका पक्षहरूलाई बोलाउने, प्रमाणहरू वुझ्ने, स्थलगत भ्रमण गरी आवश्यक अनुसन्धान गर्न सक्ने,
- आयोगले दिएको निर्देशन वा सिफारिस सम्बन्धित पक्षले पालना गर्नु पर्ने,
- आयोगको आदेश, निर्देशन वा सिफारिस कार्यान्वयन नगर्ने पक्षलाई कानुनी कारबाही गर्न सक्ने,
- कर्तव्य पालनको सिलसिलामा भए गरेका कामलाई लिएर कुनै कानुनी कारवाही चलाउन नपाईने ।
- महिलाका मानव अधिकारका सम्बन्धमा सरकारले जनाएको प्रतिवद्धता पूरा गर्न विषयगत निकायहरूले अवलम्वन गरेका नीति, कार्ययोजना र कार्यक्रम साथै सोका लागि गरेको लगानी र भएका उपलव्धिहरूबारे वार्षिकरूपमा महिला आयोगमा वुझाउनु पर्ने व्यवस्था हुनु आवश्यक छ ।

### ट) आयोगको दायित्व र कर्तव्य

आयोगको दायित्व र कर्तव्य आयोगलाई संविधानले सुम्पिएको कार्य प्रभावकारी रूपमा सम्पन्न गर्नु हो । आयोगको दायित्व र कर्तव्य पूरा गर्न नसकेमा पदाधिकारीहरूको कार्य क्षमताको अभाव रहेको आधार बन्नसक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसले पदाधिकारीलाई जिम्मेवार र आफ्नो कामप्रति दायित्वधिन बनाउन सहयोग गर्दछ ।

### ठ) मानव अधिकार सम्बन्धी अन्य आयोग र राज्यका अन्य निकायहरूसँग आयोगको सम्बन्ध, समन्वय तथा संचार

आयोग स्वतन्त्र संवैधानिक निकाय भए पनि राज्यका अन्य निकायहरूसँग आयोगको सम्पर्क, समन्वय र सञ्चार प्रभावकारी रूपमा हुनु कार्यगत दायित्व निर्वाह गर्ने प्रयोजनको लागि समेत अपरिहार्य हुन्छ । यसका लागि सरकारसँगको सम्पर्कको लागि सरकारले आफ्नो कार्यविभाजन नियमावली मार्फत् तोकेको मन्त्रालयसँग

सम्पर्क मन्त्रालय (Line Ministry) को रूपमा सम्पर्क रही कार्य सम्पादन गर्ने र अन्य मन्त्रालयसँग सम्बन्धित नीति निर्माण, कानुन निर्माण तथा कार्यान्वयनको विषयमा ती मन्त्रालयसँग पनि सञ्चार र सहकार्य गर्नसक्ने संयन्त्र दुवै तहका आयोगहरूमा हुनुपर्दछ। सवै प्रकारका मानव अधिकार सम्बन्धी राष्ट्रिय संयन्त्रहरूको साझा चासो र दायित्व भएका घटना वा विषयमा अध्ययन, अनुसन्धान लगायतका काम गर्दा समन्वयात्मकरूपमा आपसी सहमतीमा कार्यदल वा समिति बनाई काम गर्नु पर्ने व्यवस्था हुनुका साथै यस्ता विषयहरूको पहिचान गरी विषयगत आधारमा एक वा बहु आयोगस्तरमा समझदारी गर्न सकिने व्यवस्था गर्नु आवश्यक छ।

अन्य आयोगहरूले पनि आफ्नो कार्यक्षेत्रमा घटनाहरूको अध्ययन, अनुसन्धानको क्रममा लैङ्गिक पक्षको विश्लेषणका लागि महिला आयोगलाई विशेषज्ञ निकायको रूपमा धारणा लिने र महिला आयोगले पनि अन्य आयोगका विज्ञताका पक्षमा धारणा वुझ्नु पर्ने सम्बन्धमा कानुनी व्यवस्था हुनु आवश्यक छ।

मानव अधिकारका सम्बन्धमा राज्यले आवधिकरूपमा पठाउनु पर्ने प्रतिवेदन र उसले निर्वाह गरेको भूमिकाका सम्बन्धमा मानव अधिकारका राष्ट्रिय संयन्त्रहरू एकीकृत रूपमा प्रतिवेदन तयारी गर्ने व्यवस्था गर्नु आवश्यक छ।

**ज) आयोगको प्रतिवेदन**

संघीय महिला आयोगले आफ्नो प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष बुझाउने र प्रदेशस्तरको महिला आयोगले आफ्नो प्रतिवेदन गभर्नरसमक्ष बुझउने, राष्ट्रप्रमुख र गभर्नरले ती प्रतिवेदनहरू छलफलका लागि सम्बन्धित विधायिका समक्ष पठाउने व्यवस्था हुनु पर्दछ। सम्बन्धित विधायिकामा यी प्रतिवेदनको छलफल हुँदा आयोगको सिफारिसमा गरिएका कामहरूको विवरण र यदि कुनै काम गर्न नसकिएको भए सोको आधार र कारणसहितको जवाफ सम्बन्धित सरकारले विधायिकामा अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ। सबैको जानकारीको लागि यी प्रतिवेदनहरू सम्बन्धित आयोगले अनिवार्य रूपमा प्रकाशन साथै कार्यक्रम आयोजना गरी सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ।

# परिच्छेद ४
# निश्कर्ष तथा सुझाव

## ४.१ निश्कर्ष

नेपालमा महिला मानव अधिकारको प्रत्याभूतिको संघर्ष र अभियानको इतिहास लामो छ । परिणामस्वरुप नेपाली महिलाले आफ्ना सवालहरूलाई सुचीकृत गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालको रूपमा स्थापित गर्ने, त्यसअनुरुप अधिकारको स्थापना र अधिकारको प्रत्याभूति र सुनिश्चितताका निमित्त विभिन्न संयन्त्रहरूको निमार्ण समेत भएको छ । तीमध्ये महिलाहरूको हक अधिकारको सम्मान, सुनिश्चिता र परिपूर्तिका निमित्त विधाायिकी कानुनद्वारा स्थापित राष्ट्रिय महिला आयोग एक महत्वपूर्ण आयोग हो ।

यद्यपि वर्तमान आयोगको हालको अवस्थालाई विभिन्न सूचाङ्कहरूजस्तो जनस्तरबाट वैधता, जनस्तर सम्मको पहुँच, खुल्ला संगठनात्मक संस्कृति, समावेशी र व्यवसायिक/ क्षमतावान् सदस्य तथा योग्यतामा आधारित पारदर्शी नियुक्ति प्रकृया, मानव अधिकारमा काम गर्ने नागरिक समाजसँगको सम्बन्ध, विस्तृत कार्यक्षेत्र, उजुरीहरू व्यवस्थापन तथा सिफारिसहरू, मानव अधिकारका मुद्दाहरूको व्यवस्थित सम्बोधन, पर्याप्त बजेट व्यवस्था, प्रभावकारी अन्तर्राष्ट्रिय सम्पर्क, उजुरी व्यवस्थापनमा तत्परता आदिका आधारमा अध्ययन गर्दा कतिपय अवस्थामा वर्तमान कानुनमा नै अश्पष्टता रहेका कारण तथा अन्य विभिन्न कारणहरूले गर्दा आयोगले आफ्नो कार्यक्षमतालाई प्रभावकारी बनाउन नसकेको र व्यवहारमा आयोग सरकार अधिनस्थ रहेकोले स्वायत्तता र स्वतन्त्रता जस्ता न्यूनत्तम मापदण्डहरूसमेत छिनिएको अवस्थामा रहेको छ ।

यस परिप्रेक्ष्यमा राष्ट्रिय महिला आयोगलाई पूर्ण स्वतन्त्र, स्वायत्त र अविछिन्न आयोगको रूपमा स्थापित संविधान सभा दुईको राजनीतिक संवाद तथा सहमति समिति राष्ट्रिय महिला आयोगको हैसियतलाई संवैधानिक आयोग बनाउने सहमति सहितको प्रस्ताव अगाडि सारेको छ । यसले महिला आयोगको कार्यादेश, क्षेत्राधिकार


र हैसियलाई बढाउने सुनिश्चित छ । यस सन्दर्भमा भावी संवैधानिक राष्ट्रिय महिला आयोगको स्वरूप, यसको स्वतन्त्रता र स्वायत्तता, आयोगको अधिकार क्षेत्र कार्यादेश/क्षेत्र, आयोगको दायित्व र कर्तब्य, समावेशीता, संघीय राज्यमा आयोगको तहगत संरचना (संघीय तथा प्रदेश तहको संरचना), संघीय आयोग र प्रदेशगत आयोगको अन्तर्सम्बन्धजस्ता महत्वपूर्ण विषयहरूमा छलफल गरिएको छ । यसले महिला अधिकारको प्रत्याभूतिका निमित्त शसक्त महिला आयोगको आवश्यकता रहेको विषयलाई उजागर गरेको छ ।

## ४.२ सुझाव

- वर्तमान आयोगको कार्यक्षमता र कुशलतालाई सुधार्नका निमित्त परिच्छेद २ अर्न्तगत् रहेको बुँदा २.३ को वर्तमान अवस्थामा तत्काल सुधारका लागि दिइएका सुझावहरूलाई मनन र आत्मसात् गरी त्यसलाई क्रियान्वयनमा ल्याउन ढृढ इच्छाशक्ति र प्रतिबद्धता सहित आयोगले आवधिक समयसीमा सहितको कार्ययोजना बनाई अघि बढ्ने ।
- राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगका रूपमा स्थापित गर्ने सम्बन्धमा माथि परिच्छेद ३ अन्तर्गत् छलफल गरिएको संवैधानिक संवाद तथा सहमति समितिले प्रस्ताव गरेको अवधारणापत्रमा रहेका कमी कमजोरी र अस्पष्टताहरूलाई हटाउन वर्तमान राष्ट्रिय महिला आयोगले सुझाव सहित पैरवी गर्ने ।
- संघीय प्रणालीसँग जोडेर संवैधानिक राष्ट्रिय महिला आयोगका सम्बन्धमा माथि प्रस्तावित विकल्पहरूलाई अझ परिमार्जित, परिपक्व र दिइएका विकल्पहरूमध्ये कुन नेपालको लागि बढी उपयुक्त हुन्छ भन्ने सम्बन्धमा थप अध्ययन, छलफलको आवश्यकता रहेकोले सोतर्फ केन्द्रीत भई वर्तमान आयोगले त्यस सम्बन्धमा विभिन्न तह र तप्काका विज्ञहरू, महिला अधिकारकर्मीहरू, सभासद लगायतसित संवाद र अन्तरक्रिया गर्ने, त्यसका आधारमा निचोड निकाली आफ्नो अडान र अवधारणालाई तर्कसम्मत ढङ्गले अगाडि ल्याउने ।

- यो अध्ययन सीमित स्रोत, साधन र समयावधिका कारण विभिन्न देशको अनुभव र सिकाइलाई समेट्न नसकेको र देशकै अन्य मानव अधिकार सम्बन्धी संयन्त्रका पदाधिकारीहरूसँग आवश्यक मात्रामा पर्याप्त छलफल गरी सुझावहरू लिई यस विषयलाई, अझ परिमार्जित र परिपक्व बनाउन यस अध्ययन प्रतिवेदनलाई आधारपत्रको रूपमा लिई आवश्यक पहल गर्ने ।
- समयमै भोलि संवैधानिक आयोग भएको अवस्थामा कस्तो कानुनी संरचना आवश्यक रहन्छ भन्ने विषयमा आयोगले गृहकार्यको सुरुवात गर्ने ।

## अनुसूची–१
## (संगठन तालिका)



## अनुसूचीः (२)
## परामर्श गोष्ठीमा सहभागीहरु

**धनगडी**
**२५ नोभेम्वर, २०१४**

| S.N | Name | Organization | Designation | Email Address |
|---|---|---|---|---|
| 1 | Rita Raj Bhandari | | Facilitator | rrbhandari@gmail.com |
| 2 | Samir Ghimire | UNDP/RoLHR | Human Right Officer | |
| 3 | Shailendra Bhattarai | NWC | Section Officer | BhandariShailendra66@gmail.com |
| 4 | Chinak Rai | NWC | | rgirls21@gmail.com |
| 5 | Ganga Ram Bharati | NWC | NG. 1st Class Officer | grbharati88@gmail.com |
| 6 | Mohan Dev Joshi | NHRC | Ac. Regional Director | mohan.joshi@nhrcnepal.org |
| 7 | Sangita Adhikari | WOREC, Kailali | District Coordinator | dckailali@worec-nepal.org |
| 8 | Nirmala Rijal | N. Sa. Pa. | District Secretary | |
| 9 | Priya Khadka | BASE | MEAL Officer | Priyagpl@gmail.com |
| 10 | Premkala Sob | UCPN (ML) | District Secretary | |
| 11 | Ram Kumari Chaudhary | M. J. F. Nepal | District Secretary | |
| 12 | Mukti Tamang | Sana Hatharu Nepal | Boarder Staff | |
| 13 | Munni Rana | Sana Hatharu Nepal | Boarder Staff | |
| 14 | Mina Bhatta | Three Angels Nepal | Boarder Staff | |
| 15 | Jyoti Chaudhary | Mukta Kamalari Bikash Manch | Boarder Staff | |
| 16 | Parbati Chaudhary | Mukta Kamalari Bikash Manch | Boarder Staff | |
| 17 | Ratna Kadayat | N.C.P (Amale), Kailali | D.O. Member | ratnakadayat@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 18 | Mina Bhandari | W.H.R. A. M. S | District Vice President | |
| 19 | Khema Joshi | RUWDUC, Kailali | District Trainer | joshikhema@yahoo.com |
| 20 | Sajja Acharya | CCS, Kailali | Advisor | sajjaacharya@gmail.com |
| 21 | Pashupti Kunwar | Maiti Nepal, Kailali | B.S.T | kailali@maitinepal.org |
| 22 | Sabina Sunar | Fed Kailali | D.O. President | |
| 23 | Pushpa Bhatta | Nepali Congress | N. Tresurer | PushpaBhatta@yahoo.com |
| 24 | Laxmi Bhandari | C.M.S Kailali | Program Coordinator | |
| 25 | Sabitra Ghimire | D.M.A. Manch | President | dwrf-nepalkli@yahoo.com |
| 26 | Geeta Sah | Legal Aid Center | Coordinator | Gi32chand@gmail.com |
| 27 | Yam Bam | Anumodan Dainik | Sub- Editor | yambam93@gmail.com |
| 28 | Dambar Giri | Radio Pachhimared | Editor | dammar.giridhan@gmail.com |
| 29 | Sunil Auji | Sudur Pachhimeli Avimat | Acting | sunilAuji@gmail.com |
| 30 | Himal Joshi | Dhangadi Post Daily | Sambaddata | himaljoshi990@gmail.com |
| 31 | Deepak Oli | Rajdhahni Daily | Sambaddata | dpakoli@gmail.com |
| 32 | Hari Joshi | Radio Dhangadhi 90.0 | St. Manager | radiodhangadhi@gmail.com |
| 33 | Deepak Joshi | | Sambaddata | |
| 34 | Devi Lal Chaudhary | Legal Aid Committee | Legal Officer | |
| 35 | Ashok Raj Regmi | D.S.B.O. Kailali | | |
| 36 | Padam Raj Sharma | Kailali District Bar Unit | President | |
| 37 | Udaya Bahadur Singh | D.A.O, Kailali | S.P.D. President | |
| 38 | Haripriya Bam | Women and Children Office | C.W.D.P | wcokailali97@yahoo.com |

| | | | | |
|---|---|---|---|---|
| 39 | Urmila Devi Bishwakarma | N.W.C | Member | deviurmilaw@gmail.com |
| 40 | Bikram Chand | D.P.O, Kailali | S.P | bikramchand5@yahoo.com |
| 41 | Suresh Chand | W.C. Office | Driver | |
| 42 | Dharm Singh | | Driver | |
| 43 | Tara Nath Chaudhary | Kailali Bar Association | Member | |

**हेटौडा**

**३० नोभेम्वर, २०१४**

| S.N | Name | Organization | Designation | Email Address |
|---|---|---|---|---|
| 1 | Bhagawati Ghimire | NWC | Member | bwghimire@yahoo.com |
| 2 | Aarati Pathak | Ashmita Nepal | Secretary | pathakaarati@yahoo.com |
| 3 | Sushma Dumadi | Ashmita Nepal | Member | |
| 4 | Rupa Gurung | TPO Nepal | Counsellor | grg-rupa19@yahoo.com |
| 5 | Sharmila Lama | RWSC | Program Coordinator | sharmila33@outlook.com |
| 6 | Mina Aryal | U.C.P.N Nepal | DCM | Aryal.Mina629@gmail.com |
| 7 | Lalit Ghalan | U.C.P.N Nepal | DCM | ghalamlalit@gmail.com |
| 8 | Ambika Neupane | U.C.P.N Nepal | | |
| 9 | Bhimsen Mahat | C.P.N (ML) | Secretary | mahatbhimsen@yahoo.com |
| 10 | Sabina B.K | C.P.N (ML) | D.C.M | |
| 11 | Sagita Thin | | | |
| 12 | Balkumari Dallakoti | RPP | Secretary | |
| 13 | Mohan P. Bhattarai | | | |
| 14 | Keshab P. Kafle | N.B.A. Hetauda | Representative | keshabkafle30@yahoo.com |
| 15 | Sitaram Bartola | R.P.P | | |
| 16 | Asmita Tamang | Shakti Samuha | Project Coordinator | asmita@shaktisamuha.org.np |
| 17 | Mana Lama | Maiti Nepal | Field Supervisor | |
| 18 | Dipak Neupane | FPAN | Admin and Account Officer | fpanmakawanpur@fpan.org.np newpanedipakg@gmail.com |
| 19 | Pratima Mishra | Wand C. Office | W.D.O | pratimamishradritat@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 20 | Mandira Thapa | | W.D.O | |
| 21 | Nani Maya Poudel | Mu. M. Ka.K | W.D.O | |
| 22 | Aaita Ba. Ghale | Ka. Sa. | W.D.O | |
| 23 | Surendra Thapa | NWC | | |
| 24 | Sarita Dahal | Thaha Sandesh Daily | Journalist | journalistdahal@gmail.com |
| 25 | Indra P. Nepal | NCP (Amale) | Member | indranepal25@gmail.com |
| 26 | Chandra B. Karki | DAO | | chandra.karki95@gmail.com |
| 27 | Dharmendra Dahal | Hetauda Today Daily | News Coordinator | dharmendradahal@gmail.c om |
| 28 | Nabaraj Kaida | Samridha Samaj Dainik | Reporter | |
| 29 | Madhav Raj Pandey | NWC | N.G. Officer | pandey_qrp27@yahoo.com |
| 30 | Samir Raj Ghimire | UNDP/ RolHR | HR Officer | samir.ghimire@rolhr.org |
| 31 | Mohan Khadka | UNDP/ RolHR | | |
| 32 | Sundar Rana Magar | D.A.O Makwanpur | | |
| 33 | Indu Tuladhar | Consultant UNDP | | insu.tuladhar@gmail.com |
| 34 | Shuvalaxmi Bishwakarma | Radio Bikash / FNJN Makwanpur | Member | prabha.ltd@gmail.com |
| 35 | Nabaraj Bista | R.P.P. Nepal | | |
| 36 | Suresh Shrestha | Samridha Samaj Dainik | Editor | reporttosuresh@gmail.com |
| 37 | Ganesh Darpan Adhikari | Radio Makwanpur | Reporter | ganeshdarpan@gmail.com |
| 38 | Chirinjibi Pandey | KASON | Mediater | chiranjibipandey8@gmail.c om |
| 39 | Sharmila Ghalan | | | |
| 40 | Saraswati Shrestha | Nepali Congress | Ward. No. 1. Women Vice President | |
| 41 | Pratikshya Neupane | Sajha Kura Dainik | | pratiksha63p@gmail.com |
| 42 | Neha Bhattarai | | | neha.bhattarai@yahoo.com |
| 43 | Samir Poudel | Manager | Nepal Bank Limited | samir2015 |
| 44 | Nilam Rijal | Teacher | | |
| 45 | Mahalaxmi Adhikari | | | |
| 46 | Sarita Upadhaya | | | |

**पोखरा**
**२ डिसेम्वर, २०१४**

| S.N | Name | Organization | Designation | Email Address |
|---|---|---|---|---|
| 1 | Homenath Giri | NCP (ML) | Secretary | |
| 2 | Chandra Bahadur KC | Rastriya Janamorcha | Vice president | |
| 3 | Narhari Timilsina | RPP Kaski | Vice president | |
| 4 | Yubaraj Kunwar | Nepali Congress | Secretary | |
| 5 | Khagendra Raj Acharya | Bar Association, Pokhara | President | kra9846033812@gmail.com |
| 6 | Durga Kumari Karki | Kaski District Court Office | Nayab Subba | karkidurga@hotmail.com |
| 7 | Mamila Gurung | Three Angels Nepal | Program Manager | Grgmamila@gmail.com |
| 8 | Maya Gurung | SAMI/ VDC Project, Kaski | Project Coordenator | maya.icckaski@gmail.com |
| 9 | Subhadra Lama | VDc Kaski | Kharidar | subhadralama8@gmail.com |
| 10 | Pramila Tajhya | Manav Adhikarka Lagi Mahila Ekal Mahila Samuha | President | pramilatajhya@gmail.com |
| 11 | Ranjana Sen (Poudyal) | RPP Nepal | Distict Vice Secretary | adicutie08@yahoo.com |
| 12 | Indira Poudyal | Federation of NGOs, Kaski | Secretary | indirapoudel8@hotmail.com |
| 13 | Nirmala Ghimire | AMA Milan Kendra, Kaski | Vice president | |
| 14 | Dipak Tamang | Sanghiya Samajbadi Party Nepal | President | ghedungla.tam@gmail.com |
| 15 | Bima Silwal | Kopila Nepal | Acting Director | bima.silwal@gmail.com |
| 16 | Bhagawati Pahari | District Bar Unit, Kaski | Member | bhagabatipahari@gmail.com |
| 17 | Tanka Prasad Khanal | Insek Pokhara | Officer | tankajee@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 18 | Bharat Raj Baral | District Child Association, Kaski | Child Right Officer | dcwb.kaski@gmail.com |
| 19 | Jyoti Prasad Ghimire | National Human Right Project, D.O. Pokhara | Officer | jyoti.ghimire@gmail.com jyoti.ghimire@nhrcnepal.org |
| 20 | Ritu Raj Bhandari | SAHAJ | Faiclitator | |
| 21 | Binod Prakash Shrestha | National Women Project | Vice Secretary | binodprakash@hotmail.com |
| 22 | Sharad | Women and Child | Supervisor | wcokaski@yahoo.com |
| 23 | Radha Kunwar | Nigarani Samuha | President | |
| 24 | Geeta Kumari Poudel | Mahila Utthan tatha Jagaran Kendra | President | gitakumaripoudel@gmail.com |
| 25 | Srijana Sharma | Anem Save | Secretary (Central) | |
| 26 | Durga Kumari B.K | UCPN (Maoist) | Treasurer | durgab.k.8@gmail.com |
| 27 | Teknath Baral | Human Right | | |
| 28 | Manu Humagain | National Women Project | Member | manuhumagain@gmail.com |
| 29 | Laxmi G.C | Women and Child Office | Chief Women & Child Office | laxmi-devi-gc@yahoo.com |
| 30 | Sarala Kumari Pandey | Advocacy Forum Nepal, Kaski, Pokhara | Coordinator | advocacypokhara@yahoo.com |
| 31 | Sarita Thapa | Mahila Manab Adhikar Rakchhak Sanjal(WHRD), Kaski | Secretary | whrdkaski@gmail.com |
| 32 | Ramesh Poudel | NTV/ Radio Barahi, Pokhara | Representativ | newsramesh@gmail.com |
| 33 | Sarita Timsina Pangeni | (WWJ) Kaski | President | newssarita@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 34 | Shova Poudel | LACC / Kaski | Coordinator | advshobhap@gmail.com |
| 35 | Basanta Kumar Lama | District Police Officer, Kaski | Police Inspector | lamabasanta07@gmail.com |
| 36 | Hari Shankhar Yadav | Ra. Pra. Aayog | Nayab Subba | |
| 37 | Mohan Jung Dangar | Ra. Pra. Aayog | Nayab Subba | |
| 38 | Prakash Chand Sapkota | Adarsha Samaj Dainik | | newspc7@gmail.com |
| 39 | Lal Subha Gurung | CIVIN Nepal, | | |
| 40 | Ishwori Poudel | Pokhara Parigyan Rastriya Saptahik | | 82paudel@gmail.com |
| 41 | Mayalu Tishenkhe | Radio Janaki | Regional | |
| 42 | Durga Neupane | Sanklapa | President | dnpane@gmail.com |
| 43 | Shanti Rana | Radio Nepal | Program Operator | calling-shanti@yahoo.com |
| 44 | Gobinda Dahal | Women and Child Office | | |
| 45 | Krishna B. Bhujel | District Administrative Office | | |
| 46 | Tilak Bahadur Karki | Women and Child Office | | |
| 47 | Satyadevi Pahari | Women and Child Office | | wcokaski@yahoo.com |
| 48 | Shila Gurung | Radio Nepal | | shilagrg234@yahoo.com |
| 49 | Samir Ghimire | UNDP/RoLHR | HR Officer | |
| 50 | Pradip Poudel | Radio Barahi | | poudelka@gmail.com |
| 51 | Krishna B. Raut | District Administrative Office | Chief District Officer | |
| 52 | Ram Bahadur Thapa | Samppana | Editor | |
| 53 | Dipak Bahadur Karki | District Administrative Office | | dipak_2011@gmail.com |

**सुर्खेत**
**४ डिसेम्वर, २०१४**

| S.N | Name | Organization | Designation | Email Address |
|---|---|---|---|---|
| 1 | Birendra K. Thapa | SLAC Surkhet | Legal Officer | birendra.lawyer@gmail.com |
| 2 | Rajendra Giri | Appleat Bar | Member | |
| 3 | Keshab Raj Chapai | District Attorney, Surkhet | District Attorney | |
| 4 | Himalaya Jung Shahi | Advocate | District Bar | |
| 5 | Lokraj Panthi | D.E.O Surkhet | Assistant DEO | lrpanthi@gmail.com |
| 6 | Tirtha Rijal | WAM | P.O | wamskt@gmail.com |
| 7 | Tika Bista | INSEC | D.C | tikanewsrukum@gmail.com |
| 8 | Durga B.K | CACD | P.O | warrpwest@gmail.com |
| 9 | Sital Singh Rathaur | WHR | Chairperson | |
| 10 | Pabitra Shahi | WHRD | President | skt@aawaaj.org.np |
| 11 | Nisha Poudel | Aawaaj | Senior Counselor | skt@aawaaj.org.np |
| 12 | Akash Tara Bayak | Aarthikabhiyan Daily / Radio Nepal | News Chief | akashtara78@gmail.com |
| 13 | Sunita Panta | Surkhet Patra Daily | Reporter | sunitapanta15@gmail.com |
| 14 | Rajesh Lal Karn | District Police Desk | S.P | rajeshlalkarna@yahoo.com |
| 15 | Rachana Budha | surkhetpahichan Daily | Reporter | pahichandaily@gmail.com |
| 16 | Dil Prasad | aayagawayan Daily | Reporter | yagwan1226@gmail.com |
| 17 | Krishna Acharya | Bulbule Form | News Chief | krishna.fm67@gmail.com |
| 18 | Gagan Bahadur Saru | Sangya Samaj Party | Secretary | saru.gaganskt@gmail.com |
| 19 | Anata Paudel | Nepali Congress | | |
| 20 | Laxmi Sharma | Woman | Chairperson | |
| 21 | Yamuna Paudel | ISS | P.C | |
| 22 | Bishomani Joshi | W.C.O Surkhet | W.D.O | |
| 23 | Sheikh Chardtana | N.W.C | Chairperson | |

| | | | | |
|---|---|---|---|---|
| 24 | Parbati Giri | Nepal Mahila Sangh | | GiriParbati15@yahoo.com |
| 25 | Muna Hamal | Hamro akhabar Daily, Surkhet | Reporter | hamalmuna@gmail.com |
| 26 | Padma Khadka | UCPN, (ML), Surkhet | | |
| 27 | Chandra Nepali | E.D.S | Join Secretary | |
| 28 | Gobinda Khatri | Lok Munch Daily | Reporter | gobindaskt@gmail.com |
| 29 | Radhika Thapa | Rastriya Prajatantra Party | District Treasurer | |
| 30 | Uma Pokheral | WCO, Surkhet | Supervisor | umapokherel2067@gmail.com |
| 31 | Kausila Yogi | LACC, Surkhet | Legal Officer | kaushilay@gmail.com |
| 32 | Devi Subedi | WCO, Surkhet | Supervisor | |
| 33 | Champa Bhandary | WCO, Surkhet | W.O | |
| 34 | Sushila Khadka | Sajha Bisunee Daily | Reporter | sushil.bardiyanews@gmail.com |
| 35 | Deepak Budha | ENJ Surkhet | Vice President | budhadeepak@gmail.com |
| 36 | Prakash Panta | Radio Bheri Ujjalo Network | Reporter | ppnsp.cce@gmail.com |
| 37 | Yagya Raj Bohora | District Ad. Office | CDO | |
| 38 | Deepa Koirala | Radio Bheri FM | | |
| 39 | Mohanmaya Dhakal | Anem Sangh, Surkhet | President | mohna_maya2000@yahoo.com |
| 40 | Jagat Bhandari | Radio Surkhet FM | | bhandarikanchha068@gmail.com |
| 41 | Top Lal Bhusal | NWC | | |
| 42 | Uma Sigdel | NWC | | sigdel@yahoo.com |
| 43 | Yogita Karki | SLAC Jagaran FM | Admin/Fin Assistant | yogitakarki8@gmail.com |
| 44 | Khem Raj Wali | NWC | Reporter | khemrajwali@gmail.com |
| 45 | Birendra B.K.C | | Legal Officer | birendrabadadork@gmail.com |

**विराटनगर**
**७ डिसेम्वर, २०१४**

| S.N | Name | Email Address | Mobile |
|---|---|---|---|
| 1 | Jagannath Prasad Rajbanshi | | 9842026461 |
| 2 | Hiralal Suncheuri | | 9842162127 |
| 3 | Sashi Mandal | sashi.live@gmail.com | 9842049119 |
| 4 | Bishal Pahadi | Roka.kulBahadur@gmail.com | 9842100630 |
| 5 | Shaligram Raut | | 9742011941 |
| 6 | Narayan Prasad Chaudhary | | 9807010852 |
| 7 | Ramkrishna Subedi | | 9852031615 |
| 8 | Kamdev Khanal | kkhanal@unicef.org | 9852026994 |
| 9 | Bibas Shrestha | brt.tinyhands@gmail.com | 9842129730 |
| 10 | Chanda Shrestha | | 21527369 |
| 11 | Rajkumari Bhattarai | | 527369 |
| 12 | Sarala Chapagain | | 9842034212 |
| 13 | Radhika Karki | wcomrg64@yahoo.com | 420843 |
| 14 | Anju Khadka | | 9842032606 |
| 15 | Ashesh Rijal | asheshrj1@gmail.com | 9852028482 |
| 16 | Netra P. Adhikari | frensnetra@gmail.com | 9842066862 |
| 17 | Tara Guragain | sumiguragain@yahoo.com | 9842086262 |
| 18 | Sanju Sah | sanjubrt@gmail.com | 9842024211 |
| 19 | Saru K.C | kcsaru@hotmail.com | 9852023305 |
| 20 | Jamuna Kumari Basnet | jamuna-belbari@yahoo.com | 9852090027 |
| 21 | Sunita Shrestha | sunietashr@hotmail.com | 4256701 |
| 22 | Rohini Acharya | rohiniacharya10@gmail.com | 4256701 |
| 23 | Anil Khadka | advanilkhadka@gmail.com | 9852027441 |
| 24 | Sumitra Basnet | basentpnal@yahoo.com | 9842685111 |
| 25 | Rajkumari Rai | rai-rajkumari_new@yahoo.com | 9842390818 |
| 26 | Lila Nath Subedi | | 9842043100 |
| 27 | Navin Karma | maithilhankar@gmail.com | 9842031490 |
| 28 | Umesh Roy | | 9811327327 |
| 29 | Kamala Lamsal | klamsal@yahoo.com | 9811325986 |
| 30 | Sushma Sharma | | 9819136151 |
| 31 | Sita Karki | karki.sita@yahoo.com | 9808496039 |
| 32 | Khem Raj Marasini | dinesh.sharma@yahoo.com | 9841453519 |
| 33 | Sushil Marahatta | sushil.marahatta@gmail.com | 9802621562<br>9846252102 |
| 34 | Dharani Kumar Bishwas | dkbishwas9@gmail.com | 9852029023 |

| | | | |
|---|---|---|---|
| 34 | Dharani Kumar Bishwas | dkbishwas9@gmail.com | 9852029023 |
| 35 | Meena Joshi | | 9852022282 |
| 36 | Jamuna Khadka | rebeeca168@gmail.com | |
| 37 | Sita Chaudhary | site-chaudhary@wvin.org | 9842047360 |
| 38 | Bishnu Sharma | abcnepalbrt@gmail.com | 9842033443 |
| 39 | Bagmati Kattel | bagmatik@gmail.com | 9842033443 |
| 40 | Sushila Adhikari | wcomrg64@yahoo.com | 9842239711 |
| 41 | Gita Rai | | 9842239711 |
| 42 | Laxmi Pokhrel | laxmipokhrell@yahoo.com | 9842330430 |
| 43 | Rukmina Dahal | rukmina11@gmail.com | 9842095313 |
| 44 | Kalpana Khadka | kalpanakhadkabrt@gmail.com | 9842127709 |
| 45 | Pratisksha Basnet | pratiksha@jagarannepal.org | 9842050144 |
| 46 | Lalita Bhattarai | lalitafewa@gmail.com | 9842042910 |
| 47 | BishnuKumari Tamang | bishnu@jagarannepal.org | 9842021847 |
| 48 | Tulasa Bhattarai | C.S. Nepal | 9842091780 |
| 49 | Binita Ghimire | samanab2006@yahoo.com | 9852023584 |
| 50 | Lata Neupane | lataneupane7@yahoo.com | 9842196470 |
| 51 | Jashi Mandal | mandaljasmin@yahoo.com | 9860000186 |
| 52 | Binod Subedi | bsubedi2@gmail.com | 9842252046 |
| 53 | Seraj Raj Thapa | sthapa@nwc.gov.np | 4256701 |
| 54 | Samrit Lal San | samritbrt@gmail.com | 9842910758 |
| 55 | Rupadi Magar | | 9819337315 |





## अनुसूचीः ३ सन्दर्भ सामाग्री

छत्तीसगढ राज्य महिला आयोग अधिनियम, १९९५, source: , accessed date: 12/3/14

नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

नेपालमा लैङ्गिक समानता सम्वन्धी कानुनी अवधारणा -अध्ययन), २०६८, रा.म.आ.

पञ्चवर्षीय रणनीतिक योजना (२०६६/६७–२०७०/७१), राष्ट्रिय महिला आयोग

पेरिस प्रिन्सिपल,

महिला सम्बद्ध राष्ट्रिय संयन्त्र नक्साङ्कन, २०७०, शान्ति मालिका

मध्यप्रदेशमा मध्यप्रदेश राज्य महिला आयोग अधिनियम, १९९५

महिला भेदभाव विरुद्ध सम्बन्धी महासन्धी कमिटीको सामान्य सुझाव नं. २८

राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन, २०५२/५३, राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन, २०६५/६६,राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन, २०६६/६७,राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन, २०६७/६८,राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन, २०६८/६९,राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग विभिन्न आ.व.का बार्षिक कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगको विभिन्न वर्षको वित्तिय विवरणहरू

लैङ्गिक समानता नीति समीक्षा तथा सिफारिस, २०७०, नीति वकालतका लागि महिला सञ्जाल

संविधानसभा संवैधानिक राजनैतिक संवाद तथा सहमति समिति प्रतिवेदन, २०७१, संविधानसभा सचिवालय, सिहदरवार, काठमाडौं,

The Maharashtra State Commission for Women Act, 1993, Source- https://mscw.maharashtra.gov.in/ accessed date: 12/3/14

The Kerala Womens Commission Act, 1990, , accessed date: 12/3/14

Assessing the Effectiveness of National Human Rights Institutions, International Council on Human Rights

National Human Rights Institutions, History, Principles, Rolesand Responsibilities, UNITED NATIONS New York and Geneva, 2010 accessed date: 12/3/14

Promoting and Protecting the Human Rights of Women and Girls, Asia Pacific Forum of National Human Rights Institutions, Sydney NSW 1042 Australia: Asia Pacific Forum of National Human Rights Institutions

*Promoting and Protecting the Human Rights of Women and Girls: A Manual for National Human Rights Institutions, APF*